
# शिक्षक

www.teacher.org.np

वर्ष ४ ०२/–

फागुन २०६७

- **खाने तालिम र बन्ने तालिम**
  – डा. विद्यानाथ कोइराला
- **हरि भन्नु नै हरिया पात !**
  – डा. तीर्थबहादुर श्रेष्ठ
- **विद्यार्थीको व्यक्तित्व निर्माणमा शिक्षकको भूमिका**
  – मुन्नेश कुमार र डा. जेपी बागची
- **एसएलसी तयारीको सूत्र**



## नियमावली संशोधन
# शिक्षक सन्तुष्ट पार्ने प्रयास

विष्णु आध्यात्मिक संस्कृत प्रावि, बाहबिसे सिन्धुपाल्चोकका प्रअ ठाकुरप्रसाद पौडेल ।
तस्बिर: मीनरत्न बज्राचार्य


Dabur
Chyawanprash
Dabur
Celebrate Life!
"दुई चम्चाको तयारी राख्छ टाढा बिमारी"
Introducing 2 Kg Maha Saver Pack
डाबर
च्यवनप्राश
Dabur
Chyawanprash
Immunity & Strength
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा र खोकीको समस्या पनि । जति-जति तापक्रम घट्दै जान्छ, त्यति नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र दूषित खाना र पानी अनि कीटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । तर ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश अपनाएर हामी यी समस्याहरुबाट सजिलै बच्न सक्छौं ।
डाबर च्यवनप्राश - दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

# शिक्षक
मासिक

वर्ष ३ पूर्णाङ्क ३५

फागुन २०६७
Feb-Mar 2011



**ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**का लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे

**कार्यालय**
**ज्ञान विज्ञान सहकारी संस्था लिमिटेड**
**(शिक्षक मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, **पो.ब.नं. ३९१, ललितपुर**, फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु दनं ५३/०६५/०६६




## हरि भन्नु नै हरिया पात !

**डा. तीर्थबहादुर श्रेष्ठ**

पृष्ठ ४६-४७

## विद्यार्थीको व्यक्तित्व निर्माणमा शिक्षकको भूमिका




**मुन्नेश कुमार र डा. जेपी बागची**

पृष्ठ ४०-४२

### गतिविधि १६-१९


राजनीतिले पढाइ बर्बाद ■ प्रअ कुटपिट काण्डका जिशिअको सरूवा ■ कर्मचारीका पक्षमा आदेश ■ एसएलसीको तयारी तीव्र ■ अस्थायीको मर्का


### अन्य सामग्री


मेरो अङ्ग्रेजी सिकाइको कठिन यात्रा ८
*रामहरि रिजाल*

बहुकक्षा शिक्षणः एउटा राम्रो शुरूवात २२

नियमावली संशोधनः शिक्षकलाई सन्तुष्ट पार्ने प्रयास २६

शिक्षणमा सुधारको आशा ३४
*बालकुमार जमरकट्टेल*

खाने तालिम र बन्ने तालिम ३८
*डा. विद्यानाथ कोइराला*

केले 'महान्' बनाउँछ शिक्षकलाई ? ४५

समावेशी समाजः कक्षाबाट शुरू गरौं ४८
*गंगासागर पन्त*

भूषण गुरूः 'भाषिक चेतनाका जग' ५०

एसएलसी तयारी गराउने तरिका ५२
*जयप्रकाश श्रीवास्तव*

Teaching vocabulary in the context ५४
*Gopal Prasad Bashyal*


### स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, मनका कुरा १२, जिज्ञासा र जवाफ ५६, फुर्सद ५८, वर्तमानका कुरा ६४



**शिक्षकको ग्राहक बन्दा आधिकारिक व्यक्तिबाट मात्र बन्नुहोस् । पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ तत्काल जानकारी गराउनु होला ।**

■ केदार शर्मा

# प्राथमिक शिक्षक (स्नातक)

**एउटा व्यक्ति वा नागरिकको व्यक्तित्व र चरित्र निर्माणको जग प्राथमिक तह भएकोले प्रावि शिक्षकको योग्यता स्नातक तोकिनु पर्छ। कम पढेका व्यक्तिहरूलाई कम तलबमा प्राथमिक कक्षा सञ्चालन गर्न दिनु भनेको मुलुककै शैक्षिक जग कमजोर बनाउनु हो।**

**सबैले** जानेको कुरा हो, संसार परिवर्तनशील छ, यहाँ एकैनास रहने कुरै केही छैन। केही कुरा लामो समयमा मात्र फेरिन्छन्, केही चाहिँ हामीले हेर्दाहेर्दै फेरिएका छन्। शिक्षाको मान्यता, परिभाषा र व्यवस्था पनि हाम्रा आँखै अगाडि फेरिएका कुराहरूमध्येको एउटा हो।

पहिले पहिले प्राथमिक कक्षामा पढाउनुलाई 'अक्षर चिनाउनु' भनिन्थ्यो। तर हिजोआज प्राथमिक कक्षालाई मानिसको व्यक्तित्व विकासका लागि सबभन्दा महत्त्वपूर्ण थलो मानिन्छ। पहिले जुन उमेरमा अक्षर चिनाउन बल गरिन्थ्यो अहिले त्यो उमेरका नानीहरूलाई खेल्ने, गीत गाउने, काठका टुक्रा मिलाउने र रङ भर्ने जस्ता 'खेलाँचीका काम' मा अल्मल्याएको देखिन्छ। पहिले 'सिँगाने भुरा' लाई पढाउन सिँगान पुछ्न मात्र जान्ने व्यक्ति भए पनि हुन्थ्यो, अहिले प्राथमिक र पूर्वप्राथमिक कक्षामा पढाउने शिक्षक सबैभन्दा योग्य र विशेष तालिम प्राप्त हुनुपर्ने मान्यता स्थापित हुँदै गएको छ।

हुन पनि प्राथमिक कक्षाहरूमा किताब पढाएर मात्रै पुग्दैन, सिकाउनै पर्छ। अनि पढाउनभन्दा सिकाउन स्वाभाविक रूपमै गाह्रो हुन्छ; किनभने सिकाउनलाई आफूले पनि जानेको हुनुपर्छ। एउटा कथा 'पढाउन' कक्षामा गएर अप्ठ्यारा शब्दको अर्थ बताइदिँदै पुस्तकमा भएको कथा वाचन गरिदिए पुग्छ। तर कथा र त्यसले बोकेको भाव बुझाउन त्यति मात्र गरेर पुग्दैन; शिक्षकले बालबालिकाको उमेर, पृष्ठभूमि र रुचि अनुसारका कथा छनोट गर्न अथवा पाठ्यपुस्तकमा दिइएका कथालाई बालबालिकाको जीवन र परिवेशसित जोडेर जीवन्त ढङ्गले प्रस्तुत गर्न सक्नुपर्छ। कतिपय अवस्थामा त कथावाचकले कथाको मागअनुरुप अभिनय समेत गर्नुपर्ने हुनसक्छ; अनि मात्र बालबालिकामा कथाप्रति वास्तविक रुचि जाग्न थाल्छ।

कलिला नानीहरूको शिक्षक हुन उनीहरूको मनको संवेदनशीलता र शरीरका सीमाहरूका बारेमा समेत जान्नुपर्छ। आफूले सिकाउने विषयवस्तुको राम्रो ज्ञान, बालमनोविज्ञानका बारेमा सामान्य जानकारी र बालबालिकाप्रति यथोचित सम्मानभाव भएको व्यक्ति मात्र असल प्राथमिक शिक्षक हुनसक्छ। त्यसभन्दा पनि ठूलो कुरा हो– बालबालिकाका सम्भावनाहरूलाई देख्ने र तिनलाई गोडमेल गर्ने सीप र क्षमता। यी सबै गुण एउटै व्यक्तिमा पाउन अवश्य पनि गाह्रो हुन्छ। त्यसै भएर नै विशेष शिक्षा र तालिमको माध्यमबाट त्यस्ता गुण भएका मानिस (शिक्षक) तयार पार्ने गरिन्छ। तर पहिलेदेखि नै शैक्षिकस्तर कमजोर वा न्यून भएका व्यक्तिहरूलाई तालिम-प्रशिक्षण दिएर पनि सुयोग्य-शिक्षक बनाउन कठिन हुन्छ। विगत पाँच दशकको हाम्रै अनुभवले पनि यो कुरालाई प्रमाणित गरिसकेको छ। यसर्थ, प्राथमिक शिक्षाको सन्दर्भमा अब गरिनुपर्ने कार्य भनेको, शिक्षकको न्यूनतम योग्यता एसएलसी वा आई.ए.को सट्टा स्नातक तोक्नु हो। सम्भव भएसम्म शिक्षाशास्त्रका स्नातकलाई प्राथमिकता दिइनुपर्छ। तर विशिष्ट शैक्षिक उपलब्धि हासिल गरेर शिक्षण पेशा अपनाउन चाहने अन्य विषयका स्नातकहरूलाई पनि बाहेक गरिनुहुँदैन। बाल-शिक्षण तालिमलाई अनिवार्य शर्त बनाउनुपर्छ। यस्तो तालिमप्राप्त स्नातक उत्तीर्ण शिक्षकले माध्यमिक तहमा पनि पढाउन सक्छ; तर बाल-शिक्षण तालिम नलिएकालाई चाहिँ प्रावि तहमा पढाउनु दिइनुहुँदैन।

शिक्षाशास्त्र वा अरू कुनै विषयमा स्नातक गरेर प्राथमिक शिक्षणको तालिम गरेका व्यक्तिले एसएलसी उत्तीर्णको तुलनामा निश्चय नै धेरै कुरा जानेका हुन्छन्। उनीहरूले किताब मात्रै धेरै पढेका हुँदैनन्; शैक्षिक सङ्गत, चिन्तन, अनुभव र 'एक्सपोजर' पनि फराकिलो भइसकेको हुन्छ। अहिलेको समयमा स्नातक भएकाहरू निश्चय नै सूचनाप्रविधिको उपयोग गर्दै अङ्ग्रेजी आदि भाषामा उपलब्ध ज्ञानको भण्डारको विवेकपूर्ण प्रयोग गर्न पनि जान्ने भएका हुन्छन्।

प्राथमिक कक्षामा पढाउने शिक्षकको योग्यता स्नातक तोकिनु किन पनि जरुरी र सान्दर्भिक छ भने प्राथमिक तह भनेको एउटा व्यक्ति वा नागरिकको व्यक्तित्व र चरित्र निर्माणको जग हो। कम पढेका व्यक्तिहरूलाई कम तलबमा प्राथमिक कक्षा सञ्चालन गर्न दिनु भनेको मुलुककै शैक्षिक जग कमजोर बनाउनु हो। यदि हामी आफ्नो घरको जग बनाउने काम नजान्ने मिस्त्रीका हातमा छाड्दैनौँ भने देशको जग हाल्ने काम पनि सुशिक्षित र सुयोग्य हातहरूमा नै सुम्पनुपर्छ।

प्राथमिक तहमा स्नातक उत्तीर्ण शिक्षक नियुक्त गर्दा राज्यमाथिको आर्थिक बोझ अवश्य पनि केही बढ्न सक्छ, तर त्यो चिन्ता गरिनुपर्ने विषय होइन, किनभने त्यो लगानीबाट मुलुकलाई प्राप्त हुने प्रतिफल अतुलनीय अथवा अत्यधिक हुनेछ। यसबाट "नपढे पनि मास्टरी गर्न पाइहालिन्छ नि !" भन्ने आत्मघाती मानसिकताको अन्त्य त हुनेछ नै "अब त प्राविको शिक्षक हुन पनि स्नातक त हुनैपर्छ" भन्ने सन्देशले युवाहरूलाई सिकाइतिर लाग्न पनि अभिप्रेरित गर्नेछ। यसबाट शिक्षण पेशालाई आकर्षकसँगै सम्मानित र मर्यादित बनाउन पनि पर्याप्त मद्दत मिल्नेछ।

# घमण्डको तबेला



**एकजना** बुद्धिचालका नामी खेलाडीको प्रसिद्धि टाढा-टाढासम्म फैलिएको थियो। उनका प्रशंसकहरूले त उनलाई 'बुद्धिचाल सम्राट' नै भन्न थालेका थिए। खेलाडी महोदय पनि त्यो पदवी पाएर खुसी थिए।

एकसाँझ, बुद्धिचाल सम्राटका गाउँमा एकजना बटुवा आइपुगे। उनी घोडा बिरामी भएको र रात पनि परेकाले बासको खोजीमा थिए। मानिसहरूले उनलाई गाउँको प्रतिष्ठाकेन्द्रका रूपमा रहेको बुद्धिचाल सम्राटको घर देखाइदिए।

बेलुकाको खाना खाइसकेपछि ती पाहुनाले 'बुद्धिचाल सम्राट' सित एक-दुई हात बुद्धिचाल खेल्ने इच्छा व्यक्त गरे। तर 'बुद्धिचाल सम्राट' ले कुनै बाजी राखेमा मात्रै खेल्ने बताए। बटुवाले आफूसँग एउटा बिरामी घोडा बाहेक अरू केही नभएको बताए।

खेलाडीले घोडा हेरे, उनलाई घोडा मन पऱ्यो। केही उपचार गर्दा ठीक भइहाल्ला भनेर घोडाको बाजीमा खेल्न उनी तयार भए। खेल शुरु भएको पाँच सात चालमै बटुवा हारे। भोलिपल्ट बिहान बिरामी घोडा 'बुद्धिचाल सम्राट' लाई सुम्पेर उनी आफ्नो बाटो लागे। यता ती बुद्धिचालका महारथी भने उपचारपछि स्वस्थ भएको त्यही घोडा चढेर गाउँ घुम्न थाले।

केही दिनपछि ती बटुवा फेरि गाउँमा आइपुगे। यसपटक पनि उनले 'बुद्धिचाल सम्राट' सित एक हात खेल खेल्ने इच्छा व्यक्त गरे। 'बुद्धिचाल सम्राट' ले फेरि बाजीको कुरा गरे। बटुवाले यसपटक आफूसित पैसा भएकाले हारेमा एक सय वटा चाँदीका सिक्का दिने र जितेमा आफ्नो घोडा फिर्ता लिने शर्त राखे। 'बुद्धिचाल सम्राट' बटुवासित खेल्न सहर्ष राजी भए।

तर यसपटक ४-५ चाल चल्ने बित्तिकै बुद्धिचाल सम्राटको नराम्रो हार भयो। अनि उनलाई गाउँलेहरूले 'अघिल्लो पटक किन हारेको त?' भन्ने प्रश्न गरे। बटुवा एकैछिन चुप लागे र बोल्न थाले, 'पहाडभन्दा पर अर्को पहाड र आकाशभन्दा बाहिर अर्को आकाश हुन्छ, त्यसैले घमण्ड कसैले गर्नुहुँदैन। अघिल्लो पटक हिँड्दाहिँड्दै मेरो घोडा बिरामी भयो। म त्यसलाई लिएर न यात्रा गर्न सक्थेँ न त त्यसको उपचार गरेर बस्न सक्थेँ। मैले त तपाईंहरूका 'बुद्धिचाल सम्राट' को घमण्डको तबेलामा केही दिन घोडा बाँध्न र यसको हेरचाह गराउनको लागि मात्रै त्यस्तो चाल चलेको थिएँ।



# प्रतिक्रिया र सुझाव




## विविधतायुक्त अंक

*शिक्षक* को माघ (२०६७) अङ्कले समेटेका विषयवस्तु सन्तुलित, विविधतायुक्त; चेतनामूलक, विश्लेषणात्मक एवं गहन पाएँ। त्यसकारण यसलाई नमुनायोग्य अङ्क भन्न मन लागेको छ। *शिक्षक* को यति प्रमापक त हुनु नै पर्छ। भविष्यमा यहीस्तरका अङ्क निकाल्ने अठोट *शिक्षक* मासिकको टिमले गरोस्। पत्रिका महङ्गो पनि हुँदै गएको सन्दर्भमा थप स्तरीयताको अपेक्षा गर्नु अन्यथा न ठहर्ला।

शिक्षाको जुनसुकै पक्षले पनि सधैँ नयाँ र प्रवर्तनात्मक ज्ञान, सीप र व्यवहारको माग गरिरहन्छ। यो मानिस जस्तो चेतनशील पक्षसँग (मसिन, भौतिक ढाँचा वा अन्यसँग होइन) जोडिएकाले यसमा जडसूत्रतालाई कुनै स्थान रहँदैन। त्यसै कारण यो जहिले पनि गतिशील र सृजनात्मक हुनुपर्छ। शिक्षासँग सम्बन्धित प्रत्येक लक्षित समूह र त्यसमा संलग्न सदस्यहरूमा विविधता हुन्छ। त्यसलाई सम्बोधन गर्ने चुनौतीको दबाब *शिक्षक* मासिकलाई छ नै। नयाँपन भएन भने यसप्रति शिक्षाकर्मीहरूको चासो रहँदैन। यद्यपि त्यो उनीहरूको क्षमता, ज्ञान वा सीपभन्दा बाहिरको कुरा नै किन नहोस्। शिक्षा क्षेत्रमा 'लकिरका फकिर'को कुनै स्थान छैन। तिनले न विद्यार्थी, न शिक्षक, न समुदाय, न विद्यालयको उन्नति गर्न सक्छन्। परम्परावृत्त भन्दा बाहिर निस्केर गरिएको प्रयासबाट नै *शिक्षक* मासिकको विकास सम्भव छ। यो कुरा *शिक्षक* मासिक पत्रिकाका व्यवस्थापकहरूले समयमै बुझे कल्याण होला; नत्र दानपत्रबाट स्रोत सुकेको भोलिपल्टदेखि बन्द हुने अवस्था आउन सक्छ; त्यस्तो नहोओस्।

प्रकाशसिंह अधिकारी
सामुदायिक विकास सिर्जनात्मक मञ्च, काठमाडौं

**(सदासयतापूर्ण टिप्पणी र सुझावको निम्ति अधिकारीजीलाई हार्दिक धन्यवाद। पत्रिकाको मूल्यले त्यही अनुरुपको स्तर वहन गर्नुपर्ने कथनप्रति हामी सोह्रैआना सहमत छौं। '*शिक्षक* महँगो हुँदै गएको' र 'दानपात्रबाट स्रोत सुकेको भोलिपल्टदेखि बन्द नहोओस्' भन्ने सम्बन्धमा केही कुरा स्पष्ट पार्नु सान्दर्भिक नै होला।**

**क) हामीले *शिक्षक* को लागत न्यूनतम राख्ने, बिक्री मूल्य वा ग्राहक शुल्कलाई आम्दानीको मुख्य स्रोत बनाउने र प्रकाशनको दिगोपन तथा सम्पादकीय स्वतन्त्रता सुनिश्चित गरिराख्न व्यावसायिक विज्ञापनमाथिको निर्भरता न्यून राख्ने नीति अख्तियार गर्ने प्रयास गरेका छौं। अहिलेको मूल्य यही नीतिअनुरुप निर्धारण गरिएको हो। तर अहिले पनि एकप्रति *शिक्षक* को उत्पादन लागत अङ्कित मूल्यभन्दा रुण्डै रु.२५ बढी छ। अङ्कित मूल्यको औसत ६० प्रतिशत रकम मात्र हामीसम्म आइपुग्ने गर्छ।**

**ख) *शिक्षक* प्रकाशनको थालनी अवश्य पनि दाता (तत्कालीन सेभ द चिल्ड्रेन-नर्वे) को लगानीबाट भएको हो; तर देशको शैक्षिकजगतको खाँचोलाई ध्यानमा राखी यसलाई आत्मनिर्भर र स्वचालित तुल्याउने प्रतिबद्धता प्रारम्भकालकै हो। करिब तीन वर्षको अनुभवले यस किसिमको प्रकाशनको उपयोगिता र माग पर्याप्त रहेको जनाउ दिएको छ। त्यसैले आम शिक्षक वर्ग, अधिकारीजी जस्ता शुभचिन्तक र शिक्षाप्रेमीहरूको सद्भाव र सहयोग प्राप्त भइरहने र भोलिका दिनमा *शिक्षक* आत्मनिर्भर सँगै अझ बढी खँदिलो भएर जाने कुरामा हामी विश्वस्त छौं।**

**थप कुरा; *शिक्षक* को प्रकाशनलाई सामाजिक-उद्यम (सोसल-इन्टरप्राइज) का रूपमा विकास गर्न खोजिएको छ। आर्थिक-मौद्रिक मुनाफा कमाउने यसको लक्ष्य छैन। सामाजिक-शैक्षिक क्षेत्रलाई पुऱ्याउन सकेको लाभ नै यो उद्यमको 'मुनाफा' हुनेछ। यसको विकास र विस्तारमा टेवा पुऱ्याउन वा सहभागी हुन इच्छुक सबैका निम्ति *शिक्षक* को ढोका सधैं खुला राख्ने नीति रहेको छ। – सम्पादक)**

## अक्षर सिकाउने राम्रो लेख

रमेशहरि शर्मा ढकालद्वारा लिखित 'अक्षर भनेका रेखा हुन्' (*शिक्षक* माघ, २०६७) लेखद्वारा मैले धेरै नबुझेका कुराहरू बुझ्ने मौका पाएँ। म जस्तै अरू धेरै पाठकलाई पनि नेपाली अक्षरको संरचना र प्रयोग बारेमा यथार्थ ज्ञान प्राप्त भयो होला। यसैगरी अङ्ग्रेजी अक्षरहरूको संरचना र प्रयोगका बारेमा पनि पढ्न पाएमा आभारी हुनेथिएँ।

ध्रुवप्रसाद ढकाल
फुजेल-५, गोरखा

## तालमेल नमिलेको प्रश्नोत्तर

*शिक्षक* मङ्सिर २०६७ को सामान्य ज्ञान-२६ मा सोधिएको 'खसी, कुखुरा र बँदेलको शुद्ध मासुमध्ये कुनमा बढी कोलेस्टोर पाइन्छ?' भन्ने प्रश्न र २०६७ माघ अङ्कमा प्रकाशित त्यसको उत्तरमा तालमेल देखिँदैन। त्यस्तै प्रश्न नं. २ को सबैभन्दा भित्री कोरको मोटाइ कक्षा १० को पाठ्यपुस्तक (२०४८-५८ विज्ञान) मा २१०० कि.मी. उल्लिखित छ। यहाँ २००० कि.मी. दिइएको छ। यसबारे प्रस्ट्याइदिनुहुन्थ्यो कि?

सुशीला खतिवडा
शीतला मावि, खाल्ले, खोटाङ

**(ती प्रश्नहरूको सही जवाफ निम्न अनुसार हो–**

प्रश्न नं. २ कक्षा ५ को *'मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा'* पुस्तकमा आधारित हो। उक्त किताबको पृष्ठ ७० मा पृथ्वीको बाह्य कोरको मोटाइ २००० कि.मी. उल्लेख छ।

त्यस्तै; कक्षा ७ को *हाम्रो विज्ञान* को पृष्ठ १२३ मा पृथ्वीको बाहिरी कोरको मोटाइ २१०० कि.मी. हुन्छ भनिएको छ। यसरी पाठ्यक्रम विकास केन्द्रले जारी गरेका पाठ्यपुस्तकमा नै पृथ्वीको कोरको मोटाइसम्बन्धी तथ्य भिन्न र हेकोले हाम्रो प्रश्नोत्तरमा तालमेल मिल्न नसकेको हो।

प्रश्न नं. ४: को सही जवाफ हो- छाला सहितको कुखुराको मासुमा।

उक्त प्रश्नको विस्तृत जवाफ यस्तो हुन्छ- १०० ग्राम छाला भएको कुखुराको मासुमा १०० मिलिग्राम, खसीको मासुमा ६० मि.ग्रा. र बँदेलको मासुमा ९० मि.ग्रा. कोलेस्टेर हुन्छ। तर सबैभन्दा बढी कोलेस्टोर चाहिँ नेपालीहरूको रुचिकर व्यञ्जन भित्र्याँस (भुटन) मा हुन्छ। त्यसअनुसार, हरेक १०० ग्राम खसीको गिदीमा २००० मिग्रा, मिर्गौलामा ३७० मिग्रा, कलेजोमा ३०० मिग्रा, अण्डाको पहेँलो भागमा ११२० मिग्रा, समग्र अण्डामा ४०० मिग्रा र घ्यूमा ३०० मिग्रा कोलेस्टोर हुन्छ।

- *वृद्धत्वविज्ञान*, २०६७

हाम्रो असावधानी औँल्याइदिनुभएकोमा धन्यवाद। **– सं.**)

## उपयोगी खुराक

२०६७ मङ्सिर अङ्कमा छापिएको 'भूगोलको खोज खबर' लेखमा प्रा. भीमप्रसाद सुवेदीले भूगोल विषय जान्न चाहने सर्वसाधारणको लागि अत्यन्तै उपयोगी हुने खुराक दिनुभएकोमा धन्यवाद। त्यस्तै नियमित स्तम्भको रूपमा आउने डा. तीर्थबहादुर श्रेष्ठका लेखहरू पनि जीवजन्तु र प्रकृति बुझ्न चाहनेका लागि सधैँ सूचनाप्रद रहँदै आएका छन्।

**घनश्याम निरौला**

**शारदा प्रावि, लप्सीबोटे, नयाँबजार-४, इलाम**

## प्राविलाई स्नातकोत्तर शिक्षक

*शिक्षक* मासिकको मङ्सिर अङ्क ढिलै भए पनि हात पऱ्यो। ज्यादै खुसी लाग्यो पढ्न पाएकोमा, हामी जस्ता दुर्गम जिल्लामा अध्यापन गर्ने शिक्षकको हातमा पनि समयमै पुगेको मान्नुपर्छ। सबै लेखहरू प्रायः राम्रा र स्तरीय लाग्यो। विशेषगरी रामजी दाहालको 'पढेका अज्ञानीहरूको भीड' शीर्षकको लेखले साह्रै मन छोयो।

शिक्षाको गुणस्तरमा वृद्धि गरी शिक्षा क्षेत्रमा भएको लगानीलाई सार्थक तुल्याउन प्रावि शिक्षक स्नातक होइन स्नातकोत्तर हुनुपर्ने सुझाव दिन चाहन्छु। जबसम्म प्रावि तहको जग बलियो हुँदैन तबसम्म माथिल्लो तहमा आशातीत ज्ञान हासिल सम्भव छैन। त्यसको लागि प्रावि तहमा योग्य; स्नातकोत्तर गरेको र बाल मनोविज्ञानसम्बन्धी थप तालिम लिएको शिक्षक नियुक्त गरिनु र तलब स्केल पनि सबैभन्दा बढी दिने व्यवस्था मिलाउनुपर्छ। माथिल्ला तहहरूमा पनि स्नातक वा स्नातकोत्तर भन्दा कम योग्यताको शिक्षक भर्ना गरिनुहुँदैन। शिक्षकको ग्रेड निर्धारण गर्दा तालिम र



कार्यान्वयन पक्षको निरन्तर मूल्याङ्कन गरी बढुवाको साथै घटुवाको पनि व्यवस्था गर्न र कडाइका साथ कार्यान्वयन गराउन सकेमा स्कूलमा पढेका अज्ञानीहरूको भीड कम गर्न सकिन्थ्यो कि!

**चन्द्र खनाल**

**त्रिभुवन मावि, पाराकाट्ने, डिरवला, बझाङ**

## अङ्ग्रेजीले निरन्तरता पाओस्

म *शिक्षक* मासिकको नियमित पाठक हुँ। २०६७ कात्तिक अङ्कसम्म निरन्तर रूपमा छापिएको English Classroom ले आगामी अङ्कदेखि पुनः निरन्तरता पाएको खण्डमा अङ्ग्रेजी शिक्षण गर्ने भावी शिक्षक र कार्यरत शिक्षकहरूले शैक्षिक सामग्रीको रूपमा सहजै यो स्तम्भबाट अङ्ग्रेजीसम्बन्धी र अङ्ग्रेजी शिक्षणसम्बन्धी ज्ञान पाई *शिक्षक* मासिकप्रति कृतज्ञ हुनेथियौं। विशेषतः दुर्गम भेगका पाठक शिक्षकहरू, जसले सहजै अन्य शैक्षिक सामग्री पाउन सक्दैनन्, उनीहरूका लागि


**विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा**

**एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)**

**बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)**

**+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ।**

**तीनथाना, काठमाडौं, फोनः ४३११८४३)**

- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म।
- ✓ शतप्रतिशतसम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ एम.एड., एक वर्षे बी.एड. तथा तीन वर्षे बी.एडमा भर्ना।
- ✓ एक वर्षे बी.एड. र बी.एड. दोस्रो वर्षको कक्षा आरम्भ चैत ६ गतेदेखि।

पहिलो सामुदायिक शिक्षा क्याम्पस

KSC २०४८ 1991

**काठमाडौं शिक्षा क्याम्पस**

रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)

फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४

नोटिस बोर्ड नं.: क्याम्पस विशेष सूचना (१६१८०१४२३०२४०)

विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१)

उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ।

E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p

# प्रतिक्रिया र सुझाव

त्यो स्तम्भ बढी उपयोगीसिद्ध भएको थियो ।

नेत्रबहादुर ऐर
कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली

(प्रयास गर्नेछौं । – सं.)

## मार्करको प्रयोग


*शिक्षक* को साउन अङ्क (२०६७) निकै ढिलो पढ्न पाएँ । 'लेख्ने पाटी: कालोभन्दा सेतो जाती' शीर्षकको रिपोर्ट उपयुक्त लाग्यो । विद्यालयहरूमा मार्करको प्रयोगपछि शिक्षक-विद्यार्थीहरू चकको प्रयोगबाट पुग्ने असरबाट मुक्त हुने कुरामा दुईमत छैन । 'खतरामुक्त नयाँ मार्कर' प्रयोगको लागि 'डष्ट फ्रि क्लास रुम' नेपाल (डीएफसी)ले अभियान चलाएको रहेछ । उक्त मार्कर प्रयोग गर्दा अरु उपयुक्त हुन्थ्यो होला । बजारमा नपाइने उक्त मार्कर प्रयोग गर्न डीएफसी संस्थासँग सम्पर्क गर्न आवश्यक छ तर सम्पर्क ठेगाना उल्लेख भएन । त्यसकारण शिक्षकले डीएफसीको विज्ञापन वा ठेगानासम्म प्रकाशित गरिदिनसकेमा बेस हुनेथियो ।

चक्रपाणि गौतम
बालकन्या उमावि, कोटबारा, सल्यान

## विद्यार्थीलाई खोई ?

*शिक्षक* मासिकले शिक्षकहरूका मात्रै कुराहरू समेट्ने र हामी विद्यार्थीहरूका बारेमा मौन बस्ने नीति लिएको देखिन्छ । तर त्यसो नगरियोस् । आगामी अङ्कहरूमा हामी विद्यार्थीहरूलाई पनि काम लाग्ने

## रहर



हरिभक्त कट्वाल

बा, पाठशाला जान्नँ म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको
खिया लागेका कलका पुर्जाहरू जस्तै
गणितका सूत्रहरू पनि साह्रै पुराना भइसके
रहर छैन मलाई बाँचिदिने
केवल इतिहास पानाहरूमा,
मैले त बाँच्नुपर्छ आउने दिनहरूमा
इतिहासको गतिलाई उछिनेर
इतिहासभन्दा बढी अरू केही भएर
त्यसैले बा, पाठशाला जान्नँ म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको
फ्रेम हालेर राख्ने आदर्शभन्दा
भोग्न सकिने आदर्श मलाई राम्रो लाग्छ
बनिसकेको बाटामा हिँड्नभन्दा
बाटो बनाउँदै हिँड्न रहर लाग्छ ।
इतिहासका ठेली होइन
एउटा कोदालो चाहिन्छ मेरो पाखुरालाई
योजना होइन
पैतालाले नाप्नु छ मैले प्रत्येक अग्ला टाकुरालाई
र गर्नु छ भुक्तान जम्मै
धरतीले बोकाएका ऋणहरूको
बा, पाठशाला जान्नँ म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको ।

*साभार: 'अक्षर' मासिक, (१५ कात्तिक-१५ मङ्सिर, २०६७)*


## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५५२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३५९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौडा: ०४७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

सामग्रीहरू (जस्तैः वैज्ञानिकका जानकारी, विद्यार्थीहरूका विचार, नमुना विद्यालयका सामग्री आदि) प्रकाशन गरियोस् ।

अनिल चापागाई, गणेश शर्मा
कक्षा ११, विद्यामन्दिर उमावि
बा.न.पा.–४, बागलुङ

## नयाँ स्तम्भ थपियोस्

कक्षा ६ देखि १० सम्मकै विज्ञान विषयका किताबहरूमा धेरै त्रुटिहरू छन् । कक्षागत आधारमा तहगत ज्ञान दिने सामग्रीहरू पनि क्रम मिलाएर राखिएको छैन । जस्तै– कक्षा बढ्दै जाँदा पाठ्य विषय जटिल हुँदै जानुपर्ने हो । तर किताबमा त्यस्तो गरिएको छैन। तसर्थ *शिक्षक* ले 'गलत र त्रुटि' स्तम्भ राखी पाठ्यसामग्रीमा भएका त्रुटि देखाइदिने काम गरोस् ।

उद्धव इटनी
भुवनेश्वरी मावि, चैनपुर–१, धादिङ

## दुई उपाय

शिक्षक सेवा आयोगले हाल अध्यापन गर्नको लागि 'अध्यापन अनुमतिपत्र' अनिवार्य गरेको छ । तर विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरूमध्ये देशभरी करिब २५ प्रतिशतसँग मात्रै अध्यापन अनुमति पत्र छ, जसको अर्थ नियम पूर्ण रूपमा कार्यान्वयन गर्न कठिन भएको छ भन्ने लाग्दछ । यस्तो अप्ठ्यारोलाई सुल्झाउन दुईवटा उपाय अपनाउन सकिन्छ– पहिलो; विज्ञान सङ्काय पढेकालाई पनि अध्यापन अनुमति पत्रको लागि आवदेन दिन पाउने व्यवस्था गर्ने वा दोस्रो; विज्ञान विषय शिक्षकका लागि अध्यापन अनुमतिपत्रको प्रावधान हटाउने ।

डोल्मा थापा (गौतम)
सहारे–४, आँपटाकुरा, सुर्खेत

## बढुवा किन भएन ?

म २०४२/६/१० मा अस्थायी नियुक्ति लिई २०४५/४/१ देखि स्थायी भई हालसम्म कार्यरत प्राथमिक तह तृतीय श्रेणीको शिक्षक हुँ । मैले २०४८ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने प्रा.शि. तालिम प्राप्त गरिसकेको छु । म सरहका धेरै शिक्षकको बढुवा भइसक्यो । तर मेरो चाहिँ आजसम्म बढुवा किन नभएको ? बढुवा प्रक्रिया साह्रै अपारदर्शी र पक्षपातपूर्ण लाग्यो । निरन्तर सेवा गर्ने शिक्षकको बढुवा नहुँदा पढाउने रुचि घट्ने र धैर्यको बाँध टुट्न सक्छ । सम्बन्धित निकायलाई यसतर्फ ध्यान दिन अनुरोध छ ।

चन्द्रबहादुर रेग्मी
जीवनज्योति उमावि, दशरथपुर, सुर्खेत

## पारिश्रमिक पाइन्छ ?

*शिक्षक* पत्रिकामा लेख तथा साहित्यिक रचना प्रकाशन भएबापत पारिश्रमिक पाइन्छ भन्ने सुनेको छु । के यो साँचो हो ? पाइने भए कहाँबाट कसरी प्राप्त गर्न सकिएला ?

दलबहादुर गुरुङ
दोभान उमावि, पाल्पा

**(चिठी, प्रतिक्रिया, सुझाव तथा प्रश्नोत्तर स्तम्भमा प्रकाशित सामग्री, साभार गरिएका; पुरस्कार राखिएका प्रतिस्पर्धाअन्तर्गतका लेख–कविता आदि बाहेक *शिक्षक* मा छापिएका सबै सामग्री (समाचार, लेख, तस्बिर आदि) ले पारिश्रमिक पाउँछन् । त्यसनिम्ति लेखाशाखामा सम्पर्क राख्नुपर्छ । –सं)**

---

# उहाँ सर !

उहाँ सरको ग्रहदशा नै राम्रो
उहाँ सरको 'शक्ति' र 'प्रभाव' नै ठूलो
उहाँ सरको नाम नै डरलाग्दो
त्यही भएर त
वर्षमा ६ महिना खुल्ने विद्यालयमा
उहाँ सर एक महिना पनि झुल्किनु हुन्न
गर्मीमा शीतल बस्नुहुन्छ
जाडोमा घाम ताप्नुहुन्छ
विद्यालय आए पनि उहाँ सरले पढाउनै पर्दैन
तर के गर्नु !
जति नआए पनि उहाँ सरकै बिदै सकिँदैन
प्र.अ., जि.शि.अ., प्र.जि.अ. सबै
उहाँ सरको नाता नपर्ने कोही छैन
उहाँ बहुमुखी प्रतिभा
सरकारी पार्टीको उहाँ सक्रिय कार्यकर्ता
विद्रोही पार्टीको उहाँ खुँखार सदस्य
त्यसैले त
बढुवा हुने उहाँ सर नै
सम्मान पाउने उहाँ सर नै
अभिनन्दन थाप्ने उहाँ सर नै
किताब कहिल्यै नपल्टाए पनि
कक्षा कहिल्यै नपसे पनि
यो राष्ट्रको भविष्य निर्माता
'गुरुब्रह्मा गुरुविष्णु...'
उहाँमाथि नै साराको भर
साह्रै गतिलो उहाँ सर !

इन्द्रकुमार श्रेष्ठ
सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा

# गजल

झुर भयो परीक्षा चिट चोर्न पाइएन
अर्काको कापीबाट सार्न पाइएन

दुइटा चिट गोजीबाट सरले फेला पारे
'द काउ' को 'एस्से' पनि गर्न पाइएन

छामछुम गरे चिट लगे 'कोइसन' फेला पारे
ठूलाबा हेडसर भए पनि टार्न पाइएन

अङ्ग्रेजी र गणितमा दुइटा गोला लाग्यो
मारे पनि 'क्लास टिचर'ले मर्न पाइएन

सिकाउने 'मनोज दाइ' नै कारबाहीमा परे
अङ्ग्रेजीमा Fill in the blanks भर्न पाइएन

मनोज भण्डारी, कक्षा–१०
परमानन्द संस्कृत गुरुकुलम् उमावि, देवघाट–२, तनहुँ

अनुशीलन

रामहरि रिजाल

# मेरो अङ्ग्रेजी सिकाइको कठिन यात्रा




**शब्द र वाक्यहरूमा कहाँ स्वराघात (Stress) पर्छ, वाक्यहरू पढ्दा वा बोल्दा कसरी स्वरको आरोह–अवरोह हुन्छ र ब्रिटिश लवज (Accent) कस्तो हुन्छ भनी अध्ययन गर्न अक्सफोर्ड डिक्सनेरी किनें। अङ्ग्रेजीका ध्वनि (Phonemes) र तिनलाई कसरी उच्चारण गर्ने भन्ने ज्ञान मलाई एक स्कटिस स्वयंसेविका Libby ले दिइन्। साथमा नियमित बीबीसी रेडियोको अङ्ग्रेजी भाषाका कार्यक्रम सुन्ने आदत बसालें।**

प्युठानको लुङ गाविसमा २०१७ सालमा जन्में। घरनजिक विद्यालय थिएन। १४ वर्षको हुँदासम्म गाउँमै गाई-ग्वाला र दाउरा-घाँस गरी दिन बिते। २०३१ सालको माघ महिनामा हाम्रो परिवार दाङमा बसाइँ सऱ्यो। त्यहाँ पुगेपछि म सोझै कक्षा ४ मा भर्ना गरिएँ। त्यतिवेला अमेरिकनहरूले फरर अङ्ग्रेजी बोलेको सुन्दा-देख्दा आश्चर्यसँगै लोभ पनि लाग्दथ्यो। भविष्यमा म आफू पनि त्यस्तै अङ्ग्रेजी बोल्न सक्ने हुन्छु भन्ने सपना देख्न थालें।

पढ्दै जाँदा भाषा सिक्नु भनेको मूलभूत रूपमा त्यस भाषाका धेरैभन्दा धेरै शब्दको हिज्जे र अर्थ सिक्नु हो भन्ने चेतना ममा विकसित भयो। सुन्दर शब्दमार्फत मात्रै सुन्दर भावहरू प्रभावकारी रूपमा व्यक्त गर्न सकिन्छ र किताबमा लेखिएका वा अरूले बोलेका कुराहरू सजिलै बुझ्न सक्षम होइन्छ भन्ने मान्यताका साथ म अङ्ग्रेजी शब्दार्थ जबर्जस्त रूपले सिक्न थालें। तीसको दशकमा अहिलेको जस्तो कक्षागत शब्दकोशहरू थिएनन्। गोजीमा अट्ने आकारको नोटबुक आफैं सिलाएर त्यसमा आफ्नो पाठ्यपुस्तकलगायत बाहिरका शब्दहरू दिनमा १५/२० का दरले याद गर्ने गर्थें।

२०३५ सालमा हालको श्री पद्मोदय पब्लिक नमुना उमावि, भरतपुर, दाङमा कक्षा ८ मा भर्ना भएपछि अङ्ग्रेजी व्याकरणका अत्यन्तै सुयोग्य शिक्षकसँग पढ्ने सुअवसर प्राप्त भयो। यसले भविष्यमा फरर अङ्ग्रेजी बोल्ने र अङ्ग्रेजी शिक्षक बन्ने आफ्नो लक्ष्यमा पुग्ने कुरामा थप ढुक्क बनायो। शिक्षक हुनुहुन्थ्यो– भगीरथ उपाध्याय। भगीरथ सरले हामीलाई अङ्ग्रेजी व्याकरण विस्तृत रूपले नै पढाउनुभयो। उहाँले व्याकरण पढाउँदा अनुवाद विधि (जीटी मेथड) अपनाउनुहुन्थ्यो। यदि सिक्न खोजिएको नौलो भाषासँग संसर्ग (exposure to the target language) गर्ने अवसर अत्यन्त न्यून वा शून्यप्राय: हुन्छ भने त्यतिवेला यो विधिबाट भाषामा दक्षता हासिल गर्न सजिलो हुँदो रहेछ। व्याकरण भाषाको प्राण हो, शब्दहरू अस्थिपञ्जर हुन् र भाव मांसपेशी र छाला हो। व्याकरणले एउटा यस्तो धागो (सूत्र) को काम गर्छ जसमा शब्दरुपी पुष्पलाई व्यवस्थित रूपले उनेर वाक्यरुपी माला तयार गरिन्छ। माविं तहमा पढ्दापढ्दै अङ्ग्रेजीका कथा, सरल कविता आदि बुझ्न र व्याकरण मिलाएर आफूले पनि सानातिना लेख लेख्न सक्ने भएँ। २२ वर्षको उमेरमा २०३९ मा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण भएँ।

हाम्रो परिवार प्युठानका साहूद्वारा 'बसाइँ' उपन्यासको 'धने' जस्तै गरी लखेटिएको थियो। दाङमा पनि हाम्रो जग्गा थिएन। आर्थिक अवस्था ज्यादै दर्दनाक थियो। केही समयपछि बुबाले मैले अध्ययन गरेको माविमा पियनको जागिर पाउनुभयो। विद्यालयको हाताभित्र आमाले चियापसल चलाउन थाल्नुभयो। उहाँहरूको कमाई खाँदै म चाहिँ पढ्दै नै रहें।

**क्याम्पस जीवन**

मा.वि. तहमा पढ्दा नै म बिस्कुटको, औषधिको, चाउचाउको लेवलमा लेखिएका अङ्ग्रेजी वाक्य कस्ता छन्, तिनको अर्थ के हुन्छ भनी खोतल्थेँ। आफ्नो पाठ्यपुस्तक बाहेक अङ्ग्रेजीमा लेखिएका कथा, कविता, उपन्यास र *दि राइजिङ नेपाल* अङ्ग्रेजी पत्रिका पढ्थेँ। त्यहाँ भेटिएका नयाँ शब्दहरूमा पेन्सिलले चिन्ह लगाउँदै शब्दकोश हेर्दै नोटबुकमा सारेर स्मरण गर्थे। मेरो यो क्रम अझै जारी छ। २०३८ सालमा महेन्द्र क्याम्पस, दाङमा भर्ना भएपछि आई.ए. मा अङ्ग्रेजी साहित्य लिएँ। शब्द र वाक्यहरूमा कहाँ स्वराघात (Stress) पर्छ, वाक्यहरू पढ्दा वा बोल्दा कसरी स्वरको आरोह-अवरोह हुन्छ र ब्रिटिश लवज (Accent) कस्तो हुन्छ भनी अध्ययन गर्न अक्सफोर्ड डिक्सनेरी किनेँ। अङ्ग्रेजीका ध्वनि (Phonemes) र तिनलाई कसरी उच्चारण गर्ने भन्ने ज्ञान मलाई एक स्कटिस स्वयंसेविका Libby ले दिइन्। साथमा नियमित बीबीसी रेडियोको अङ्ग्रेजी भाषाका कार्यक्रम सुन्ने आदत बसालेँ। अङ्ग्रेजीका शब्दहरू अगाडि राखेर रेडियो सुन्दै उच्चारण गर्ने अभ्यास गर्न थालेँ।

धेरैले; '२० वर्षभन्दा बढी उमेरका व्यक्तिको वाणी अङ्गहरू (Speech organs) स्थिर (Rigid) भइसकेका हुन्छन्, त्यसैले तिनले अङ्ग्रेजीका शब्दको सही उच्चारण गर्न सक्दैनन्' पनि भन्ने गर्थे। तर मलाई त्यस्तो महसुस भएन। कलिलो बच्चाको जस्तै म अहिले पनि आफ्नो Speech organs flexible भएको महसुस गर्दछु।

अङ्ग्रेजी शब्दकोश हेर्दै उच्चारण अभ्यास गर्दै गर्दा २/३ वर्षमा ३५/४० हजार शब्दलाई Transcribe गर्न र सही उच्चारण गर्न सिकेछु। अङ्ग्रेजीका अन्य सीप सिक्नुभन्दा लामो, कठिन र धैर्यशाली काम- उच्चारणको अभ्यास गर्नु लाग्यो। हुनत अङ्ग्रेजी शब्दको उच्चारण बोधगम्य भए पुग्छ। किनकि अङ्ग्रेजी यस्तो भाषा हो जसको उच्चारण संसारभर फरक-फरक ढङ्गबाट हुन्छ। तर मेरो रुचि, आफ्नो उच्चारणलाई अङ्ग्रेजकै जस्तो नभए पनि त्यसको नजिक पुऱ्याउने थियो। यसो गर्दा आफूले बोलेको भाषामा बढी शुद्धता र सौन्दर्य आउँछ। भाषा पनि सङ्गीत, चित्रकला, मूर्तिकला वा वास्तुकला जस्तै हो जसमा सौन्दर्यको मूल्य (Aesthetic value) निहित रहन्छ।

आफ्नो मातृभाषालाई हामीले आमाको दूधसँगै पिएका हुन्छौं। अङ्ग्रेजी भाषा सिक्न चाहिँ मैले एकलव्यले झैँ अत्यन्त कठोर साधना गरेँ। दैनिक रूपमा अङ्ग्रेजीमा केही न केही लेख्नु, अङ्ग्रेजी अखबार पढ्नु, बोल्ने अभ्यास गर्नु, मेरा नित्य कर्म थिए। अङ्ग्रेजीका सीपहरू हासिल गर्न चाहने जोकोहीले पनि अवसर पाएको वेला अङ्ग्रेजहरूसँग नहिच्किचाई बोल्ने र उनीहरूले बोलेका अभिव्यक्तिहरू राम्ररी बुझ्ने प्रयास गर्नुपर्छ। हामीमध्ये धेरैजसो गल्ती हुन्छ कि भनेर डराएर बोल्दै नबोली अङ्ग्रेजीको कथ्य

# 'छक्क परें'



कुन्द दीक्षित

नेपालमा हिंसात्मक द्वन्द्व झन्-झन् भीषण हुँदै गइरहेका वेला २०५८ सालमा पोखरामा एउटा गोष्ठी आयोजना भएको थियो- *रेडियो र शान्ति पत्रकारिता* विषयमा। त्यहाँ मलाई वक्ताको रूपमा डाकिएको थियो। ब्रिटिश काउन्सिलले आयोजना गरेको कार्यक्रम भएकाले सबैले अङ्ग्रेजीमा बोल्नुपर्ने थियो।

कैयौं सहभागीहरूलाई अङ्ग्रेजीमा बोल्न अप्ठेरो परेको देखिन्थ्यो। तर सकी नसकी आफ्नो प्रस्तुति गर्दै थिए। त्यस तैमध्येबाट दाङको *रेडियो स्वर्गद्वारी* बाट आएका एकजना पत्रकारले फरर अङ्ग्रेजी बोलेको सुनेर म छक्क परें। उनको भाषा मात्रै होइन कि, उच्चारण झण्डै-झण्डै अक्सफोर्ड विश्वविद्यालयमा पढाउने प्राध्यापकको जस्तै र बोलेको विषयवस्तु पनि अरूभन्दा धेरै गहन थियो। छात्रवृत्तिमा बेलायत गएर पढेको कोही होला भन्ठानेँ र चियापानको वेलामा उनलाई सोधेँ, "तपाईं कति वर्ष बेलायत बस्नुभएको हो?"

उनले जवाफ दिए, "होइन सर, म त दाङबाट कतै गएकै छैन।" अनि, अङ्ग्रेजी त्यति राम्ररी बोल्न कहाँ सिक्नुभयो त? भनेर फेरि सोधेँ। "दाङमै सिकेको हुँ सर", उनले जवाफ दिए। कुनै पिसकोर अथवा विदेशी स्वयंसेवकको सङ्गतमा थिए होलान् भनेको, त्यो पनि होइन रहेछ।

रामहरि रिजाल आफैंले आफूलाई अङ्ग्रेजी सिकाएका रहेछन्– बीबीसी रेडियोको सर्टवेभमा अङ्ग्रेजी कार्यक्रम सुनेर, अङ्ग्रेजी शब्दकोश कण्ठ पारेर र अङ्ग्रेजी किताबहरू पढेर। त्यो दिनदेखि हामी साथी भयौं। म दाङ गएको वेलामा रामहरि जीलाई नभेटी फर्कन्नँ र उहाँ काठमाडौं आएको वेला पनि मलाई भेट्नुहुन्छ।

मेहनत र लगनशीलता भएपछि अङ्ग्रेजीमा दक्षता हासिल गर्न सकिन्छ भन्ने उदाहरण हुन् रामहरिजी। अङ्ग्रेजीले त्यो भाषामा अन्तरनिहित ज्ञानको ठूलो भण्डार हामीलाई खोलिदिन्छ। अरू देशका मानिसहरूसँग "हेलो," "What is your name?" मात्रै होइन कि गहन विषयमा पनि वार्तालाप गर्न सकिन्छ र यसले हाम्रो बुझाइ र हेराइको क्षितिज (exposure) फराकिलो पार्छ।

एकहिसाबले अङ्ग्रेजी गाह्रो भाषा पनि हो। यसका उच्चारण र व्याकरणका नियमहरूमा एकरुपता भन्दा अपवादहरू नै बढी पाइन्छन्। त्यसैले, पढेर, घोकेर मात्रै पुग्दैन, बोल्ने अभ्यास प्रशस्त चाहिन्छ। शुद्ध लेख्न र शब्दभण्डार बढाउन नपढीकन हुँदैन। यी सबै कारणले गर्दा रामहरिजीको उपलब्धि झनै उदाहरणीय छ।

सीप सिक्नबाट वञ्चित हुन्छौँ । अलिअलि सक्नेहरूले साना-साना नानीहरूलाई अङ्ग्रेजी पढाउने गरेमा पनि भाषिक सीप बढ्छ ।

**अङ्ग्रेजी बोल्ने अभ्यास कसरी गर्ने ?**

कुनै पनि नयाँ भाषा बोल्न सिक्नु भनेको साइकल चलाउन सिक्नु जस्तै हो । गल्ती होला कि भनेर डराउनुहुँदैन किनकि सिकाइ र त्रुटिहरू समानान्तर रूपले चलिरहन्छन् । मानिसले प्रयास गर्दै जाँदा भूलको सङ्ख्या घट्दै जान्छ । मैले अङ्ग्रेजी बोल्न सिक्दा हिस्याउने र खिस्याउनेको जमात सानो थिएन । दाङमा अङ्ग्रेजी भाषा सिक्ने वातावरण पटक्कै थिएन तर पनि आफ्नो रुचि मिल्ने साथी खोजेर उनीहरूसँग अङ्ग्रेजी बोल्ने अभ्यास गर्थें । टेप रेकर्डरमा आफ्नो आवाज रेकर्ड गरी सुन्थेँ र आफ्ना कमी-कमजोरी केलाउथेँ । म अङ्ग्रेजीमै सोच्थेँ र आफैंसँग अङ्ग्रेजीमा कुरा गर्थें । त्यसमा अक्सफोर्ड डिक्सनरीमा उल्लिखित उच्चारण विधि नै मेरो प्रमुख 'गाइड' थियो । अङ्ग्रेजी सिक्ने चाहना भएका व्यक्तिहरूले यो विधिबाट जहिले पनि सिक्न सक्छन् ।

बच्चा होस् या प्रौढ, मानिसलाई क्रियाशील हुन कतैबाट ऊर्जाशक्ति प्राप्त भइरहनुपर्छ । हाईस्कूलमा मलाई व्याकरण सिकाउने मेरा अङ्ग्रेजी गुरु भगीरथ उपाध्याय मेरा प्रथम प्रेरक व्यक्तित्व हुनुहुन्छ भने मेरो लगनशीलतालाई नजिकबाट नियालेर आफ्नो विद्यालयमा सरुवा गर्ने अर्का गुरु हरिप्रसाद गौतम हुनुहुन्छ । उहाँ मैले अहिले अध्यापन गर्ने विद्यालयका प्राचार्य हुनुहुन्छ । *स्वर्गद्वारी एफएम* का स्टेशन म्यानेजर दधिराम सुवेदी मेरा अर्का प्रेरक व्यक्तित्व हुनुहुन्छ, जसले मलाई रेडियोबाट अङ्ग्रेजी भाषा शिक्षणको कार्यक्रम English by Radio प्रस्तुत गर्ने अभिभारा सुम्पनुभएको छ । पछिल्लो समयमा मलाई हौसला दिने व्यक्तित्वहरूमा *नेपाली टाइम्स* का सम्पादक कुन्द दीक्षित हुनुहुन्छ । उहाँले मैले द्वन्द्वकालमा पठाएका रिपोर्टहरू सो पत्रिकामा प्रकाशित गरी मलाई हदैसम्म प्रोत्साहित गर्नुभयो । एकजना बेलायती स्वयंसेविका Fiona Lewis बाट पनि मैले धेरै भाषिक सीपहरू सिकेँ । उनी सन् २००३ मा बेलायत फर्केपछि मलाई 'The Guardian Weekly' को ग्राहक बनाइदिएकी छन् । उनले त्यतिबेला लेखेकी थिइन्– 'I have subscribed you to this newspaper in order to satisfy your voracious appetite to English' । म यी प्रेरक व्यक्तिहरूलाई दैनिक स्मरण गर्छु ।

एसएलसी उत्तीर्ण भएदेखि नै मैले अध्ययन र अध्यापनलाई समानान्तर रूपले लगेँ । त्यसपछिका दिनमा हजारौं छात्रछात्राहरूसँग आफ्नो सीप बाँडिरहेको छु । शैक्षिक तालिम केन्द्र तुलसीपुरमा रोष्टर प्रशिक्षक भएर मावि र निमाविका शिक्षकहरूलाई तालिम पनि दिँदै आएको छु । अति कमजोर विद्यार्थीलाई सहयोग पुऱ्याउने उद्देश्यले अङ्ग्रेजीको गाइड पनि लेखें । हरेकजसो विद्यार्थीको हातमा आफूले लेखेको गाइड देख्दा गर्व महसुस हुन्छ । आफूलाई आज गुरुहरूको पनि गुरु भएको पाउँदा जुनी नै फेरेको आभास हुन्छ । भगीरथ प्रयास गरेर विद्या आर्जन गरेमा एक दिन सफलताको शिखरमा पुग्न सकिन्छ भन्ने विश्वास अरू बलियो भएको छ ।





हाम्रा केही साहित्यिक प्रकाशन
आफैंतिर फर्केर हेर्दा
लेखक : श्रीभद्र शर्मा
अवकाश पछिको आकाश
लेखक : तेजेश्वरबाबु ग्वङः
विस्मृतिका फूलहरू
लेखक : यमप्रसाद श्रेष्ठ (मास्के)
तारा राई
छापामार युवतीको डायरी
लेखक : तारा राई
चर्चित व्यक्तित्व
लेखक : व्याकुल पाठक
घामको चुम्बन
लेखक : युवराज नयाँघरे
गृहप्रवेश
लेखक : डायमनशमशेर राणा
कहाँ गए ती दिनहरू
लेखक : अम्बर गुरुङ
पहेंलो गुलाफ
लेखक : प्रेमा शाह
शिशिरको बतास
लेखक : अर्जुन निरौला
रत्न पुस्तक भण्डार
बैद्धकमार्ग-७१ 'ग' बागबजार, काठमाडौं, नेपाल। फोन : ४२२३०२६, ४२४२०७७




रेडियो सगरमाथा १०२ थोप्लो ४ मेगाहर्ज
नेपाली रेडियो, नेपाली आवाज
लहैलहैं र सस्तो लोकप्रियता भन्दा निकै टाढा सत्य, तटस्थ, निष्पक्ष र विश्वसनीय समाचार
सधैं १५ मिनेट अगाडि
हालचाल
(सरल, शुद्ध र नेपाली भाषामा)
हरेक दिन
बिहानः ८:४५ र ११:४५ दिउँसोः २:४५ र ४:४५, साँझः ६:४५ र ८:४५
बीबीसी नेपाली सेवा
हरेक बेलुका ८:४५-९:१५ सम्म
102.4
102.4
रेडियो सगरमाथा
Radio Sagarmatha
रेडियो सगरमाथा एफएम १०२ थोप्लो ४ मेगाहर्जमा

# पसलका कारिन्दा र हामी शिक्षक
# हैसियत उस्तै-उस्तै

**विना जगको घर र विना दर्शनको शिक्षक उस्तै हुन् । लोकसेवामा असफल भएकाहरू; विदेश यात्राका विज्ञापनमा कतै उचाइका अभावले, कतै मोटाइका अभावले, कतै स-साना गाँठागुँठी जन्मिएका कारणले त कतै भाषाका अभावले हुत्तिएर शिक्षक बन्न विवश विचरा शिक्षकलाई के थाहा– 'सुकरातको निर्भीक समर्पण ? प्लेटो र अरस्तु कहाँका हुन् ? नोम्स चोम्स्की के गर्दैछन् ?'**

**कलानिधि दाहाल**

जीवन जिउनाका अनन्त आस्थाभित्र चेतनाका बत्ती धपक्क बाल्ने मनसायका साथ राजधानी काठमाडौं छिरेको म । विविध उतारचढावका साथ अध्ययनको समाप्तिसँगै पेशागत आडमा अडेसिने निर्णायक स्थल थियो– शिक्षा । त्यसमा पनि फराक सीमाको उच्चस्तरीय शिक्षा मेरो लक्ष्यको बिन्दु थिएन । माध्यमिक शिक्षाकै चहलपहलमा रमाउने इच्छाका साथ हेलिएको जीवन-नौका विभिन्न घुम्ती र मोडहरू घुम्दै र मोडिँदै आज पनि त्यही विगतको प्रतिबद्धताको तरङ्गमा निर्विवाद सदावहार तैरिँदैछ ।

शिक्षा आफैंमा मानवमात्रको अनिवार्य आवश्यकता हो । लिने र दिनेको दोहोरो खुलापनमा शिक्षाको वास्तविक नदी बहेको हुन्छ । तर शिक्षाका नाममा सम्पन्नताको खेती गर्ने रहरका छाउराहरूको बिगबिगीले शिक्षा लिने र दिनेकै बीच महाभारत युद्धहरू चलिरहेछन्– नेपालको सन्दर्भमा ।

चेतना फराकिनाको सुदूर आस्थामा शिक्षकको सार्थकता सन्निकट हुन्छ । तर जहाँ शिक्षक नै मस्तिष्कभरि सङ्कीर्णताका जीवाणुहरू हुर्काएर शिक्षालयको चौघेरामा प्रवेश गर्छ, त्यहाँको शिक्षा शिक्षा नभएर हुल्लडबाजको गफ हुनपुग्छ । वर्तमानमा नेपालको शिक्षा यसै धारबाट धर्मराएको छ । जग नै चर्मराएका चेतनाका चौघेराभित्र न चाणक्यका कूटनीतिक ठेलीहरू हुन्छन्, न त बुद्धको त्याग र समर्पण । त्यहाँ प्रमिथसका दरबारभित्र सुटुक्क पसेर ल्ह्मलाएका अग्नि–अगुल्टाहरू– चोरीको अपराध शिरमा एक्लै सजाएर संसार उज्यालो पार्ने सुन्दर सपनाहरू हुँदैनन् ।

चेतनाका बिस्कुन सुकाउनुपर्ने कुर्सीमा आसीन शैक्षिक शासकहरू सत्तामादको दलदले हिलो उवाउँछन् । तिनलाई थाहा छ– 'म कसरी नेता बन्न सक्छु' अथवा 'म कसरी यस सुन्दर शिक्षालयलाई आफन्त भर्तीको कुरुप टुँडिखेल बनाउन सक्छु ।' तिनलाई यो पनि थाहा छ– 'म कसरी गगनचुम्बी गृहनिर्माणका शिखर उक्लन सक्छु ।' यिनलाई अरु राम्ररी थाहा छ– 'यस आफन्त आलयका कोठाचोटामा आफैंले भर्ती गरेका र त्यसैवेला वचनबद्ध भएका विषमलिङ्गीसँग कति वेला विलासिताका खेलहरू खेल्नुपर्छ ।' कुरा तीता हुन् तर कटुसत्य । तीतो सेवन नपचेसम्म त्यस क्षेत्रको लक्ष्यप्राप्ति सम्भव छैन ।

आजको नेपाली (नेपालको) शिक्षक आफैंमा संस्कारपीडित छ, परिवारपीडित छ, अरु प्रत्यक्षमा परिवेशपीडित छ । 'कक्षा प्रवेशको घण्टी नबजोस्'– शिक्षकको साँचो सोच मनदेखि नै यही छ । कारण यहाँ प्रशस्त छन् । ऊ आफ्नै सुसेधन्दाका सोचमा गफिएको छ । अरु नारी शिक्षकहरू आफ्नै पहिचान र शृङ्गारका बारेमा मगनमस्त छन् । मानौं उनीहरूको शृङ्गारपटारको आलय नै विद्यालय हो । तयारी केही छैन । कसैसँग भए पनि थोरै समयको छ । कसैको हिम्मत छैन शिक्षकलाई समय सङ्केत गर्ने । कारण यहाँ पनि स्पष्ट छ– सङ्केतक आफैं समाप्त छन्– उस्तै रोगबाट ।

विना जगको घर र विना दर्शनको शिक्षक उस्तै हुन् । लोकसेवामा असफल भएकाहरू; विदेश यात्राका विज्ञापनमा कतै उचाइका अभावले, कतै मोटाइका अभावले, कतै स-साना गाँठागुँठी जन्मिएका कारणले त कतै भाषाका अभावले हुत्तिएर शिक्षक बन्न विवश विचरा शिक्षकलाई के थाहा– 'सुकरातको निर्भीक समर्पण ?' उसलाई के थाहा– 'प्लेटो र अरस्तु कहाँका हुन् ?, नोम्स चोम्स्की के गर्दैछन् ?' उसलाई त यतिसम्म पनि थाहा छैन– 'म कस्तो जीवन जिउनाका लागि अगाडि बढ्दैछु ?' आफैं निर्णायक नभएको शिक्षकले कक्षाकोठामा उभिउञ्जेल विद्यार्थीको भय, त्रास अनि आफ्नै हावापानीको मोहले कुण्ठित मनोविज्ञान बोकेर सुनिनु, मोटाउनु, यदाकदा आत्महत्या पनि गर्नु बाहेक के नै गर्न सक्छ र ?

तर अपवाद यहाँ पनि जीवित छ । यही अपवादभित्र पर्ने सानो तर असल शिक्षकको समूहकै कारणले आर्यघाटको डिलमा पुगिसकेको शिक्षा पनि जल्नबाट बचेको छ । चेतनाको चौडा

रविन सायमि



**आजको नेपाली (नेपालको) शिक्षक आफैंमा संस्कारपीडित छ, परिवारपीडित छ, अरु प्रत्यक्षमा परिवेशपीडित छ। 'कक्षा प्रवेशको घण्टी नबजोस्'– शिक्षकको साँचो सोच मनदेखि नै यही छ। कारण यहाँ प्रशस्त छन्। ऊ आफ्नै सुसेधन्दाका सोचमा गफिएको छ।**

मनोविज्ञान बोकेर शिक्षा क्षेत्रमा होमिएका त्यस्ता शिक्षकहरू न शासकीय सत्तामोहमा छन् न त कक्षा प्रवेश समयको आलटालमा। न उनीहरूका कक्षा नै पट्याइँ लाग्दा हुन्छन् न उनीहरूले पुरानो नोटको भाषामा समय गुजार्नुपर्छ, न त विद्यार्थीका हल्लामा मनोविज्ञान खुम्चाउनुपर्दछ। निर्धक्क कक्षामा प्रवेश गरेका यस्ता शिक्षकले चौतर्फी रूपमा विद्यार्थीका आँखामा आँखा जुधाएर मनोलोकबाटै विश्व भ्रमण गरिसकेपछि स्वाट्ट विषयमा आउँदा विद्यार्थी रुल्यास्स हुन्छ। ऊभित्रका सम्पूर्ण 'कन्टेनर' मानसिकतालाई चेतनात्मक उज्यालो समुन्द्रले पखालिदिइसकेपछि जस्तासुकै अप्ठेरा विषयका पहाड पनि उसका मस्तिष्कमा फूलबारी बनेर उभिन्छन् र संस्कारका फूल बनेर सधैंभरि फक्रन्छन्, कहिल्यै नओइलाउने गरी।

अभिभावकहरू ढुक्क छन्– बच्चाहरू विद्यालय पठाउँदैमा। ठान्छन्– 'यति भएपछि हाम्रो सबै कर्तव्य पूरा भयो, दायित्वमुक्त भयौं।' अरु कतिपय अभिभावक त बच्चा विद्यालय पठाएपछि मुक्ति वेला र स्वर्गीय विलासिताको महफिल सम्झन्छन्। उनीहरूलाई के थाहा– कुन शिक्षकले कसरी पढाउँछ? अरु कतिपय अभिभावकले त आफ्ना बच्चाबच्ची पढ्ने विद्यालयको नाम पनि भुलिसकेका हुन्छन् भने त्यसभित्रको पठनपाठन अवस्थाबारे त कुरै छाडौं। घरबाट केटाकेटी पठाएपछिका अभिभावकलाई यति पनि सम्झना हुँदैन– आफ्ना कलिला मुटुका टुक्राहरू कतै अन्यत्रै गएर कुलतमा त लागिरहेका छैनन्? यसमा पनि अपवाद जिउँदैछ। अपवादका अभिभावकले गरेको सही मार्गदर्शनको प्रतिफलको सानो हिस्सा नै अहिलेको यस अवस्थालाई धान्नसम्म सकेको छ।

यता विद्यार्थीहरू पहिलो पाठशाला घरबाटै भयमुक्त छन्। भयमुक्त विद्यार्थी अनुशासनरहित हुन्छ नै। वातावरणको बाहिरी प्रभाव, रङ्गीन सिनेमा हुँदै अश्लील साहित्य अध्ययनका माध्यमले कलिला बालमस्तिष्कहरू यसै पनि प्रेरित, प्रभावित र उत्तेजित हुन्छन्, भएकै छन्। 'विद्यालय पुग्नुपर्छ' को सानो भय चेतना मानसिकतामा रहेकै कारणले विद्यालय पुग्छन्। कोठामा पस्छन्। शारीरिक रूपले बस्छन् पनि तर उनीहरूको मन अन्य दुनियाँमै हुन्छ। तिनका अचेत मानसिकताका तमाम तरङ्ग पूरा गर्ने स्वर्णिमस्थल बनेका छन् विद्यालयका कोठाहरू। त्यसका प्रत्यक्ष साक्षी दर्शक बनेका छन्– कमजोर मानसिकताका उनान्सय प्रतिशत जागिरे शिक्षकहरू। विद्यार्थीका व्यक्तिगत मनोविज्ञानको विश्लेषण गरेर हेर्ने, तदनुकूल तिनलाई व्यवस्थापन गरेर पढाउने अन्तरचेतनाको विकास शिक्षक स्वयंसँग छैन। उल्टै जागिर बचाउनका लागि उनीहरूकै चाकरी गरेर अनि विद्यालय प्रमुखको चाप्लुसीका हात मोलेर ङिच्च दाँत देखाउँदै अर्थोपार्जनमा मस्त छन्– शिक्षकहरू। यतिसम्म त मैले आफ्नै आँखाका साम् देखेको छु जहाँ यस्ता शिक्षकहरू पढाइरहेका छन् त्यस कक्षाका विद्यार्थीहरू कण्डम तानातान गरेर समयसँग खेलबाड गरिरहेछन्। अब सोचौं ती शिक्षकको अर्थ के र त्यस किसिमको शिक्षणको महत्त्व कति? हाम्रा उच्च तहका; जसले यी निकायलाई दण्डित/पुरस्कृत गर्ने अधिकार बोकेका छन्, तिनीहरू आफैं शैक्षिक माफियाका खेलमा तस्करीतन्त्र चलाइरहेका छन्। अनि हेर्ने कल्ले, सोच्ने कल्ले?

शिक्षा, पवित्र र उदार मानवमनको बत्ती हो। चेतनाका एक-एक झिल्काको संयोजनमा यसको निर्माण सम्भव छ। असल शिक्षक त्यो ब्रह्म हो जसले तेस्रो नेत्र र छैटौं इन्द्रियका ढोका खोलेर विश्लेषणका विशाल फाँट हेर्न सक्ने क्षमता राख्छ र भिन्न वातावरण, भिन्न भूगोल, भिन्न वंश-परम्परा, भिन्न भाषा, भिन्न रीतिरिवाज, चालचलन, संस्कार, संस्कृतिबाट आएका बालबालिकाको व्यक्तित्व विकासमा सन्तुलनको मियो बन्दै यात्राको अगुवाई गर्न सक्छ। यहाँ कृत्रिम नियमका बन्धनले काम गर्दैनन्। कसैबाट लादिएका अनुशासनले मनको गतिलाई असल बाटोमा डोऱ्याउन सक्दैन। एउटा पङ्क्तिलाई पन्ध्र पटकसम्मको सुगारटाइको जङ्गली मानसिकतामा जागिर खाएका शिक्षकले चौतर्फी चेतनाको मर्करी बलिसकेको २१औं



# मनका कुरा

शताब्दी डोऱ्याउँछ भन्ने सपनामै शिक्षाको गतिलाई छाडिदिनु- हात्तीलाई भुसुनाले बोक्छ भन्नु जस्तै मूर्खता हो। तर जे नहुनुपर्ने त्यही भइरहेको छ।

विद्यार्थीको अवस्थालाई तपाईं कुन कुन र कति तहमा बाँडेर अध्ययनको 'अ' शुरु गर्नुहुन्छ ? भन्ने प्रश्न कुनै शिक्षकलाई गऱ्यो भने ऊ टोलाउँछ। उसलाई थाहा नै छैन– विद्यार्थीलाई कसरी स्तरीकरण गर्ने कहाँबाट गर्ने ? मात्र शिरमा गगल्स ढल्काएर महङ्गा आभूषणमा रित्तो चेतना छोपेर गैंडा जस्ता शरीर शिक्षकहरू कक्षामा प्रवेश गरेका छन्। मुन्द्रे र पङ्स अनि ड्र्गसले रित्तिसकेका विद्यार्थीसँग हात मिलाउँदै समयको सङ्केत अगाडि नै बाहिरिएका छन्। शिक्षा, यसरी पङ्स, ड्रग्स र मुन्द्रे हुँदैछ भने शिक्षकहरू बाक्ला छालाका मोटा गैंडाहरू।

अङ्ग्रेजी, विज्ञान र गणितका कतिपय शिक्षकका लागि त नगदको खेती नै छ यो क्षेत्र। उनीहरू आफूलाई बडो उच्च व्यक्तित्वका रूपमा प्रस्तुत गर्दछन्। आलटालमै कक्षा समय बिताउनु उनीहरूको व्यक्तित्वको पहिचान हो। तिनै विद्यार्थीलाई गृहअध्ययन (ट्युसन) मा निम्त्याउन सक्नु उनीहरूको साहसिक कार्ययोजना हो। चौबीसै प्रहरजसो विद्यार्थीलाई त्यसमै वा तिनै विषयमा चक्कराएर मजदुरले डोकामा ईट्टा हालेझैं झोलामा नोटका बिटाको खात लगाउन सक्नु यिनीहरूको बहादुरी हो। नपत्याए हेर्नोस् एसएलसी नतिजा प्रकाशनमा सबभन्दा बढी अनुत्तीर्ण विद्यार्थी सङ्ख्या क्रमशः गणित, अङ्ग्रेजी र विज्ञानमै स्पष्टतः देखिइरहेको छ।

विराट विश्वकै विद्यार्थीलाई एकैठाउँमा राखेर हामी तीन क्षेत्रमा वर्गीकृत/विभाजित गर्न सक्छौं– पहिलो, दोस्रो र तेस्रो। यस विभाजनभित्रै दण्ड व्यवस्था, पुरस्कार व्यवस्था, सिकाइ/बुझाइका तरिका, कक्षा नियन्त्रणका सबै पक्षहरू समाहित भएका हुन्छन्। कुनै विद्यार्थी- उद्देश्यतिर मन, वचन र कर्मले समर्पित छ वा छैन, छ भने ठीकै छ, छैन भने उसलाई कसरी त्यस बिन्दुमा ल्याउने र भइसकेपछि विषयवस्तुलाई उनीहरूका संस्कारसम्म नै कसरी पुऱ्याउने भन्ने कुराको समाधान पनि यसै वर्गीकरणको गम्भीरताभित्र सहज उपलब्ध हुन्छ।

पहिलो तहमा ती विद्यार्थीहरू पर्दछन्, जसको वंशबीज नै अनुकूल छ, पारिवारिक परिवेश अनुकूल छ, साथीसङ्गाती र बाहिरी पारिवेशिक वातावरण अनुकूल छ। यस्ता विद्यार्थीहरू आफैं अनुशासित र लक्ष्यप्रतिको एकोन्मुखतामा निरन्तर आफैंमा निर्मित भएका हुन्छन्। यिनका लागि शिक्षक मात्र सङ्केतक बने पुग्छ– मार्गदर्शनको। यस तहका विद्यार्थीलाई कुनै पनि दण्डसण्डको आवश्यकता पर्दैन।

दोस्रो तहमा त्यस्ता विद्यार्थीहरूको विशाल समूह देखापर्दछ जसमा अध्ययनका लागि आवश्यक सम्पूर्ण चेतनाका तहहरू छन् तर बाबुआमाको, अभिभावकको, घरपरिवारको शिक्षकको भयबाट मुक्त छन्। कमजोर विचारबिन्दुकै वेलामा भयमुक्त हुनु, विध्वंशोन्मुख मानसिकताको उपज हो। यसबाट हरेक क्षेत्रमा जन्मिएका अनास्थाको सिकार ऊ त हुन्छ नै, ऊ मात्र नभएर त्यस बाटोतिर समाजको एउटा ठूलो जत्था नै समाहित हुनपुग्दछ। यस्तालाई भय उत्पन्न गराउने कुनै पनि मापदण्ड शिक्षकले सचेत रूपमा त्यस सीमासम्म अपनाउनुपर्दछ जुन सीमामा पुग्दा उसलाई भय उत्पन्न भई सही बाटोतिर आउने आधार तयार हुन्छ। यहाँनेर मेरो विचार र प्रयोगमा चाहिँ शारीरिक दण्ड व्यवस्था नै उचित हुन्छ, अनिवार्य हुन्छ। मानसिक दण्ड व्यवस्था यिनीहरूका लागि उपयुक्त हुन सक्दैन। कारण, उनीहरू त्यसखालका भय र बेइज्जती पचाउन अभ्यस्त भइसकेका हुन्छन्।

**शिक्षा एवं चेतनालाई जागिरे मनोग्रन्थीभन्दा माथि लगेर प्राविधिक, मनोवैज्ञानिक, दार्शनिक, व्यावहारिक ऊर्जा विकासको विशाल मैदानका छेउकुनासम्म निर्भयका साथ भ्रमण गर्न सक्ने सङ्कल्पका व्यक्ति मात्र सही शिक्षक हुनसक्छन्।**

तेस्रो तहमा त्यस्ता विद्यार्थीको जमात देखापर्दछ जसको विद्याप्रतिको मनोग्रन्थी जन्मजात नै निर्मित भएको हुँदैन। त्यस्ता विद्यार्थीलाई पिट्नु, कुखुरा बनाउनु, हप्काउनु, कक्षाबाट निकाल्नु, सम्झाउनु जस्ता कुनै पनि दण्डको आवश्यकता छैन। यस्ता खालका विद्यार्थीलाई पढ्नै पर्छ भनी सम्झाउनुको साटो उसको रुचिको पेशातिर अभिभावकलाई समेत बुझाएर पठाइदिनुपर्छ; जसले गर्दा समयमै ऊ आफ्नो क्षमतामा विश्वस्त हुनसकोस्। दण्ड व्यवस्थाले यस तहका विद्यार्थीमा कुनै पनि सकारात्मक अर्थ राख्दैन बरु नकारात्मक प्रभाव चाहिँ प्रशस्त जन्मन सक्छन्। मार्गदर्शकको अधिकारको खोज चाहिँ यिनीहरूमा पनि सुरक्षित भएकाले सम्पूर्ण उसका अन्य क्षेत्रका सीप एवं सबलतालाई हेरी त्यस्तै दिशानिर्देश गरिदिनु असल शिक्षकको दायित्व हो।

शिक्षा एवं चेतनालाई जागिरे मनोग्रन्थीभन्दा माथि लगेर प्राविधिक, मनोवैज्ञानिक, दार्शनिक, व्यावहारिक ऊर्जा विकासको विशाल मैदानका छेउकुनासम्म निर्भयका साथ भ्रमण गर्न सक्ने सङ्कल्पका व्यक्ति मात्र सही शिक्षक हुनसक्छन्। तर नेपालमा यस किसिमको परिस्थितिको सिर्जना त कुरै छाडौं सङ्केतसम्म पनि देखापरेको छैन। इर्ष्या होइन यथार्थ हो, अझ माथिका महाविद्यालय, विश्वविद्यालयका शिक्षकहरू जो स्वघोषित प्राज्ञ छन्, शिक्षामा देखापरेका विकृतिप्रतिको जिम्मेवारी उनीहरूको बढी छ। एउटा सीटीईभीटी नामक संस्थाले लिँदै गरेको परीक्षा अवलोकन गरेको थिएँ। ती विद्यार्थीहरू जुनसुकै परीक्षा केन्द्रमा किन नहुन् विना पुस्तक अक्षर पनि चलाउँदैनन्। पुस्तक फर्काएपछि उत्तर पनि भेट्टाउँदैनन्। उनीहरूको झोलामा किताब कपीको बदला शायद चेन, छुरी र खुकुरी हुनसक्छन्। हेर्ने हिम्मत कसैको छैन। सम्बन्धित प्रमुखलाई यी कुरा अवगत गराउँदा उनको सोझो उत्तर थियो, "मार्छन् यिनीहरूले, यिनलाई चलाउनुहुँदैन।" ती शिक्षकलाई राज्यव्यवस्थाले गरेको लगानी र उनले चलाएको संस्थाबाट राज्यले पाउने उपलब्धिको जोडघटाउ गऱ्यो भने लगानी पहाड बनेर खडा हुन्छ। प्राप्ति चाहिँ उल्टो दिशाको पहाड बनेर। जबसम्म शैक्षिक संस्थाहरू यस्तो कायरताका सिकार भइरहन्छन्, त्यस वेलासम्म कपडा पसलका कारिन्दा भन्दा माथिको हैसियत नेपालका शिक्षकको थिएन, छैन र हुने पनि छैन।

*सिद्धिगणेश मावि, काठमाडौं*

# मेरो मनोलोक र गुरु

**डा. नरेन्द्र चापागाईंको प्रेरणाले ममा साहित्यिक भोक जगायो, चिन्तनमा केन्द्रित बन्ने बानी विकास गऱ्यो, विचारलाई च्याप्प समाएर हीरा कुँद्ने कलाको सद्बीउ छऱ्यो ।**

**हरिप्रसाद बराल**

असल गुरुका विषयमा भारतका पूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको कथन छ, "एउटा असल शिक्षकले विद्यार्थीमा पढ्ने भावना अर्थात् पढाइमा रुचि कसरी जगाउने त्यो जान्नुपर्छ, उत्तरदायित्वबारे जानकारी दिन सक्नुपर्छ र अध्ययनका क्षेत्रमा ऊ आफैंले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै अघि बढ्ने क्षमता हुनुपर्छ । विद्यार्थीको मस्तिष्कमा कुसंस्कारका रूपमा फस्टाएको खराबीलाई पखाल्न सक्ने ओजपूर्ण व्यक्तित्व शिक्षकमा हुनुपर्छ ।"

मलाई गौरव छ- मेरा दुईजना गुरुप्रति । उहाँहरूको मिहिनेतले गर्दा आज मेरा लागि समालोचना र निबन्धको फाँट प्यारो भयो, कविता दैनिक रूपमा लेख्न सक्ने भएँ । ती व्यक्तित्व हुन्- भाषाशास्त्री बालकृष्ण पोखरेल र स्व. डा. नरेन्द्र चापागाईं । बालकृष्ण गुरुको प्रेरणाले गर्दा नेपाली भाषा, साहित्य, संस्कृति आदि क्षेत्रमा कसरी चिन्तन गर्न सकिन्छ, त्यो प्रवृत्तिको विकास ममा बढ्दै गयो । गुरुले मेरो धरातलको सही जानकारी दिनुभयो । जुन वेला म गुरुका मुखबाट फुत्फुती हाम्फालेका शब्दहरूका सामु हुन्छु, त्यो वेला म कति होचो रहेछु, कति पुड्को रहेछु, म ज्ञानको अहङ्कारले कति मात्तिएको रहेछु, ती सारा कुराको आत्मबोध हुन्छ । त्यसैले मैले भन्नुपर्छ, बालकृष्ण पोखरेलजस्ता गुरु हामीलाई चाहिन्छ ।

मैले कृति पढेर, त्यसको गहिराइमा डुबेर, अग्रजहरूको सम्मान गर्दै आफूभित्र सिर्जनात्मक क्षमतालाई बाहिर ल्याउने कुरामा डा. नरेन्द्र चापागाईंबाट प्रेरणा पाएँ । उहाँको प्रेरणाले ममा साहित्यिक भोक जगायो, चिन्तनमा केन्द्रित बन्ने परिपाटीको विकास गऱ्यो, विचारलाई च्याप्प समाएर हीरा कुँद्ने कलाको सद्बीउ ममा छऱ्यो । त्यसकारण पनि म भन्छु यी दुई गुरुको सङ्गतले उनीहरूको चेलो बन्न पाएको सौभाग्यले म अहिले एउटा लेखक भएको छु । परम्परागत रूपमा चल्दै आएका अँध्याराहरू चिर्दै इतिहासको मैदानमा आएको छु, मलाई कतै पनि निराशाको कालो बादलले थिच्दैन, कुविचारले मिच्दैन किनभने मैले उनीहरूको आशीर्वाद पाएको छु । अध्ययन र अनुसन्धानका क्षेत्रमा रुचि जगाइदिने, पढ्नु सबैभन्दा राम्रो काम हो भनेर मनमा बीजारोपण गरिदिने, संसारमा सभ्य व्यवहारका माध्यमले अरूको मन जित्न सक्ने कलाको विकास गराइदिने, आफूभित्रका अहम्बोध हरेक परिस्थितिमा तर्काउन सक्ने क्षमताको विकास जुन गुरुहरूले गराइदिन्छन्, त्यस्ता गुरुको खोजीमा म लागें र मैले यी दुई गुरुलाई पाएँ ।

जुन शिक्षकले पढाउँदा दिमागमा पर्याप्त नयाँ कुराहरूको बाढी आउँछ; अरूलाई सकारात्मक प्रभाव पारेर उसको मन जित्न सकिन्छ, आफ्नो चरित्रलाई दिनप्रतिदिन गुणात्मक रूपमा परिमार्जन गर्ने आधार तयार हुन्छ, सामाजिक दक्षतामा वृद्धि हुन्छ, मनलाई आफ्नो अधीनमा लिन सजिलो हुन्छ, नेतृत्व गर्न, अभिभावकको भूमिका निर्वाह गर्न, शान्ति र एकताका निम्ति आफ्नो व्यक्तित्वलाई गतिशील बनाउन ऊर्जा प्राप्त हुन्छ, विवेकको बत्ती बल्छ, बुद्धिमा प्रशिक्षण, दिलको प्रशोधन, मनको अनुशासन कायम गर्ने क्षमताको विकास हुन्छ- त्यो नै मेरो विचारमा योग्य शिक्षक हो ।

झर्किने, रन्किने, घडीको काँटामा समय हेरेको हेऱ्यै गर्ने, अध्ययनमा अल्छी, कुविचारले भरिएको अल्पज्ञ, आवेगमा हराउने र केवल लक्ष्मीका भक्तलाई मैले गुरु हुने मौका दिएको छैन, मेरो कल्पनाको राज्यमा । एउटा गुरुले आफूलाई एउटै विचारको दास बनाएर अरू विचारलाई माइलो, साइँलोमा झार्छ भने, अध्यात्मवादी भएर भौतिकवादलाई लात्तीले हान्छ भने वा भौतिकवादी भएर अध्यात्मवादीलाई टुप्पी समाएर घिसार्छ भने त्यस्ता गुरुलाई मैले मेरो मनोलोकको गेटबाट भित्र पस्न दिएको छैन र दिन्नँ पनि । 'म त्यो ठाउँमा थिएँ भने के गर्थें?' यो प्रश्नको उत्तरलाई सकारात्मक रूपमा लिन नसक्ने मान्छेले चाहे जति पढोस्, जति गुनोस्, जति नाटक गरोस्, उसलाई म गुरु बनाएर मेरा निजत्वमा राख्न सक्दिनँ ।

*गौतम बुद्ध मेमोरियल सेकेण्डरी स्कूल*
*विराटनगर-१९, रानी, मोरङ*

**विद्यालय, पुस्तकालय र संस्थाहरूको निम्ति विशेष उपयोगी**




*शिक्षक* मासिकको २०६६ सालका अंकहरू 'बाइण्डिङ' गरिएको वार्षिक सङ्ग्रहका केही प्रति अझै बाँकी छन् । इच्छुक पाठक तथा बिक्रेताहरूले नजिकको पत्रिका पसल अथवा *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला: **कार्यालय: ०१-५५४८१४२**
**९७२१५८००४८ (हरि), ९८४१६१९९९८ (शिरीष)**
**मूल्य रू.: ३५०/-**

# राजनीतिले पढाइ बर्बाद



हरिपुरस्थित जनता राप्राविका छात्रछात्रा शिक्षक स्कूल नआएपछि चौरमा खेल्दै ।

**तराई** मधेश लोकतान्त्रिक पार्टी तेस्रो वर्षमा प्रवेश गरेको अवसरमा १३ पुसमा राजविराजमा आयोजित कार्यक्रममा २८ जना शिक्षक उक्त पार्टीमा प्रवेश गरे । सप्तरीका शिक्षा अधिकारी शत्रुघ्न यादव समेत अतिथिका रूपमा सहभागी रहेको उक्त कार्यक्रममा तमलोपाका केन्द्रीय सदस्य हरिप्रसाद गुप्ताले टीका लगाएर ती शिक्षकहरूलाई पार्टीमा स्वागत गरेका थिए । त्यो दिन उनीहरू स्कूलमा पढाउन गएनन् ।

१८ माघमा सप्तरीको हरिपुर गाविसस्थित जनता राष्ट्रिय प्राविमा बिहानको ११ बजेसम्म त्यहाँका पाँच शिक्षकमध्ये पाँचै जना अनुपस्थित थिए । विद्यार्थीहरू खेल्नमा व्यस्त थिए । त्यस्तै २० पुसमा नेपालमा खण्डग्रास सूर्यग्रहण नदेखिए पनि त्यो दिन सप्तरीका सम्पूर्ण सामुदायिक स्कूलहरू बन्द गरिएका थिए । स्कूल पुगेका विद्यार्थीहरू पनि ग्रहण लागेको भन्दै फर्काइएको थियो ।

माथिका उदाहरणले सप्तरी जिल्लाको स्कूले शिक्षामा देखिएका बेथिति र लापरवाहीलाई प्रतिनिधित्व गर्छन् । शिक्षकको इच्छा अनुसार स्कूल बन्द गर्ने र समयमै स्कूल नपुग्ने प्रवृत्ति यहाँ सामान्य जस्तै हुन थालेको छ । शिक्षक युनियन, सप्तरीको आह्वानमा मात्रै कात्तिक यता तीनपटक यहाँका स्कूल बन्द गराइएका छन् ।

सप्तरीका जिशिअ शत्रुघ्न यादव पनि ग्रामीण भेगका स्कूलमा प्रअ र शिक्षकको तजविजी निर्णयका भरमा बिदा दिने प्रवृत्ति बढेको स्वीकार्छन् । २०६६ सालको एसएलसी परीक्षामा सप्तरी जिल्लाबाट ३३ प्रतिशत परीक्षार्थी मात्रै उत्तीर्ण भएका थिए । तथापि निरन्तर पढाइ सञ्चालन गरेर नतिजा सुधार गर्नेतर्फ प्रायः शिक्षकहरूको चासो देखिँदैन । एसएलसी परीक्षा शुरु हुन एक महिना मात्रै बाँकी छँदा 'कोर्स' नसकिएको गुनासो गर्छन्, राजविराजस्थित केशो अनिरुद्धवती माविका छात्र सुशील यादव ।

सप्तरीमा शिक्षकका सङ्गठनहरू पनि पेशागत विकासमा भन्दा पनि विभिन्न दलका भ्रातृ सङ्गठन जस्ता देखिन्छन् । शिक्षकहरूलाई आफूतिर तान्नका लागि सङ्गठनका नेताहरूबीच निकै होडबाजी चल्ने गरेको छ । एनेकपा माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठन, सप्तरीका अध्यक्ष धर्मनाथ यादव जिल्लाका सामुदायिक स्कूलमा २ हजार ८५० जना शिक्षकमध्ये करीब ६ सय शिक्षक आफ्नो सदस्य रहेको दाबी गर्छन् । त्यस्तै फोरम, नेपाल निकट मधेशी शिक्षक फोरमका अध्यक्ष श्यामकुमार यादव आफ्नो समूहमा पौने चार सयको हाराहारीमा शिक्षकहरू संलग्न रहेको बताउँछन् । हालै सप्तरीमा सद्भावना पार्टी निकटको पनि शिक्षक मञ्चको जिल्ला समिति गठन गरिएको छ । शिक्षकहरू पढाउनै छोडेर खुलमखुल्ला राजनीतिक गतिविधिमा सक्रिय देखिए पनि जिशिकाले तिनलाई नियन्त्रण गर्न चासो राखेको देखिँदैन ।

कतिसम्म भने स्कूलको पढाइ बिथोलेर कक्षामै राजनीतिक दलका प्रशिक्षणसम्म हुन थालेका छन् । मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)ले १३-१६ पुसमा कल्याणपुरस्थित भसराज उमावि कब्जा गरेर आफ्ना कार्यकर्तालाई प्रशिक्षण दियो । उक्त दलका अध्यक्ष विजयकुमार गच्छदारका नेताहरू उपस्थित सो प्रशिक्षणको उद्घाटन क्रममा विद्यार्थीलाई समेत सहभागी गराइएको थियो । त्यसअघि नेपाली काङ्ग्रेसले १२ पुसमा पत्थरगाडा उमाविमा बिदा दिन लगाएर मेलमिलाप दिवसको कार्यक्रम आयोजना गरेको थियो ।

राजविराजको केशो अनिरुद्धवती मावि पनि राजनीतिक कार्यक्रमको अखडा बन्दै गएको छ । राजनीतिक दल र उद्योग वाणिज्य समेतका जिल्लास्तरका गतिविधिहरू यही स्कूलमा हुने गरेका छन् । पछिल्लो पटक मङ्सिरको अन्तिम साता सप्तरी उद्योग वाणिज्य संघको अधिवेशन यही स्कूलमा भएको थियो । १२ कात्तिकमा नेपाली काङ्ग्रेस र गत वर्ष नेकपा एमालेको जिल्ला अधिवेशन यहीं स्कूलमा भएका थिए । सप्तरीका जिशिअ शत्रुघ्न यादव भन्छन्, "स्कूलमा राजनीतिक गतिविधि नगराउन प्रयास गरिएको हो । तर, राजनीतिक दबाबका कारण नियन्त्रण गर्न सकिएको छैन ।"

**श्रवणकुमार देव**, राजविराज

# प्रअ कुटपिट काण्डका जिशिअको सरुवा

**धनुषाको** सखुवा महेन्द्रनगरको दूधमती राप्राविका प्रअ सूर्यनाथ यादवलाई कुटपिट गरेको घटनामा शिक्षक संस्थाहरूको चर्को विरोध खेप्दै आएका धनुषाका जिशिअ सदानन्द झालाई शिक्षा मन्त्रालयले तीन महिनाका लागि महोत्तरी जिशिकामा काज सरुवा गरेको छ। २०६८ वैशाखमा अवकाश पाउने झालाई मन्त्रालयले २६ माघ २०६७ मा काज सरुवाको पत्र थमाएको हो।

जिशिअ झाका सुरक्षा गार्ड सशस्त्र प्रहरी जवान शिवकुमार न्यौपानेले विद्यालयको काममा २६ पुस २०६७ मा जिशिका जनकपुरधाम पुगेका प्रअ यादवलाई मुक्का हानेका थिए। प्रअ यादवले ओभरसियरको सिफारिससहित भवन निर्माणको रकम निकासाको फाइल जिशिअ झाको टेबुलमा राख्ने वित्तिकै न्यौपानेले उनलाई मुक्का हानेको प्रत्यक्षदर्शी नेपाल शिक्षक संघका अध्यक्ष मेघनाथ यादवले बताए। मुक्का प्रहारबाट यादवको नाकबाट रगत बगेपछि शिक्षक नेताहरूले उपचारका निम्ति तत्काल जनकपुर अञ्चल अस्पताल पुऱ्याएका थिए। त्यहाँ पूर्ण उपचार नभएपछि यादवलाई एम्बुलेन्सबाट थप उपचारका निम्ति काठमाडौंस्थित महाराजगञ्ज शिक्षण अस्पताल ल्याइएको थियो। "विना कारण जिशिअको सामु कुटिएँ, उपचारमा मात्रै ३५ हजार खर्च भएको छ, मैले न्याय र क्षतिपूर्ति पाउनुपर्छ" प्रअ यादवले *शिक्षक* सँग भने।

यादव कुटिएको विरोधमा नेपाल शिक्षक युनियन र शैक्षिक गणतान्त्रिक मञ्चलगायतका शिक्षक संस्थाहरूले जनकपुरमा विरोध कार्यक्रम गर्दै आएका थिए। ७ माघ २०६७ मा युनियनका अध्यक्ष दिलबहादुर जोशी, अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीलगायतले शिक्षा सचिव शङ्कर पाण्डेलाई भेटेर घटनामा मुछिएका जिशिअ झालाई कारबाही गर्न माग गरेका थिए। जवाफमा शिक्षा सचिव पाण्डेले विवादित जिशिअलाई धनुषाबाट अन्यत्र सारिने आश्वासन दिएका थिए भने प्रअ पिट्ने सशस्त्र प्रहरीका जवान शिवकुमार न्यौपानेलाई कारबाहीका निम्ति गृह मन्त्रालयलाई पत्राचार गर्ने वचन दिएका थिए।



# कर्मचारीका पक्षमा आदेश




प्रमोद आयाम

**सर्वोच्च** अदालतले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा शर्तसम्बन्धी कानुन बनाउन सरकारका नाममा निर्देशात्मक आदेश जारी गरेको छ। सर्वोच्चका न्यायाधीशद्वय बलराम केसी र अवधेशकुमार यादवको संयुक्त इजलाशले २३ माघ २०६७ मा यस्तो आदेश दिएको हो। विद्यालय कर्मचारीका लागि सेवा शर्त सम्बन्धी कानुनको माग गर्दै कर्मचारीहरूले सर्वोच्चमा विभिन्न मितिमा फरक-फरक रिट निवेदन दायर गरेका थिए।

शिक्षा ऐन, २०२८ मा शिक्षकका सेवा/शर्तसम्बन्धी नियम बनाउनसक्ने व्यवस्था भए पनि कर्मचारीको सम्बन्धमा भने ऐनमा कुनै व्यवस्था गरिएको छैन। सर्वोच्चको आदेशमा भनिएको छ, "शिक्षा ऐनमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको सेवा/शर्त सम्बन्धमा कुनै व्यवस्था भएको देखिएन। सेवा/शर्त सम्बन्धी कानुनको अभावमा कर्मचारीको भविष्य अनिश्चित हुनु उपयुक्त हुँदैन।"

कानुनी प्रावधानसम्बन्धी सुझाव दिनका लागि शिक्षा मन्त्रालयका सहसचिवको संयोजकत्वमा दुई जना विज्ञ समेत रहने गरी तीन सदस्यीय समिति गठन गर्न समेत सर्वोच्चले आदेश दिएको छ। आदेशमा ६ महिनाभित्र प्रतिवेदन बनाउन भनिएको छ। मुलुकभरका २८ हजार ५७ सामुदायिक विद्यालयमा लेखापाल, मुखिया, पियन गरी करीब ३३ हजार कार्यरत रहेको अनुमान गरिएको छ। २०२८ सालमा शिक्षा ऐन जारी हुँदा विद्यालयमा कर्मचारीको दरबन्दी रहने प्रावधान भए पनि २०३६ सालको संशोधनमा उक्त प्रावधान हटाइएको थियो।

# एसएलसीको तयारी तीव्र

**परीक्षा** नियन्त्रण कार्यालय, २०६७ सालको एसएलसी परीक्षाको तयारीमा जुटेको छ। यसअघि भारतमा छापिने गरेको एसएलसी प्रश्नपत्र यसपटक जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा छापिएको छ। प्रश्नपत्र छपाइमा गोपनीयता कायम गर्न नेपाली सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीलाई परिचालन गरिएको जनक शिक्षाका प्रबन्ध सञ्चालक रामचन्द्र सिलवालले दिएका छन्। उनले "छापाखानालाई तीन वटा सुरक्षा समूहले तीन घेरामा सुरक्षा दिएका छन्। एक सिफ्टमा ७० सुरक्षाकर्मी परिचालित छन्।" उनका अनुसार फागुनको पहिलो साताभित्र प्रश्नपत्रको छपाइ सकिनेछ।

नियमित र एक्जाम्टेडतर्फ यस वर्ष लगभग ५ लाख परीक्षार्थीले आवेदन भरेको अनुमान परीक्षाको परीक्षाले गरेको छ। गत वर्ष ४ लाख ५६ हजार ७१८ जनाले आवेदन भरेका थिए। अघिल्लो वर्ष १ हजार ५०२ परीक्षा केन्द्र रहेकोमा यसपालि करीब १ हजार ७५० परीक्षा केन्द्र कायम गर्न लागिएको छ। ५ फागुनभित्र सबै जिल्लामा उत्तरपुस्तिका पुऱ्याउने तयारी पनिकाले गरेको छ।

पनिकाले परीक्षामा कडाई गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई विशेष परिपत्र गर्न लागेको जानकारी उपनियन्त्रक डिल्लीराम लुइँटेलले दिएका छन्।

# अस्थायीको मर्का

**मकवानपुरको** बसामाडीस्थित निर्मल उमाविका शिक्षक शम्भुप्रसाद बास्कोटाले १४ वर्ष पढाएर ८ असोज २०६३ मा अस्थायी शिक्षककै रूपमा अवकाश पाए। सेवा अवधिमा पाकेको उनको २१४ दिनको बिरामी बिदा बापतको रकम (रु. ५४ हजार ६००) भने चार वर्ष बितिसक्दा पनि पाएका छैनन्।

बास्कोटा जस्तै अस्थायी सेवाबाट अवकाश पाएका तथा स्थायी भएका गरी चार सयभन्दा बढीले सञ्चित बिदाको रकम पाउन सकेका छैनन्। शिक्षा मन्त्रालयले अस्थायी शिक्षकको सञ्चित बिदाको रकम निकासाको जिम्मा विद्यालय शिक्षक किताबखानालाई दिएको छ। यता किताबखानाले भने अर्थ मन्त्रालयबाट अस्थायी शिक्षकका लागि छुट्टै बजेट नआएको भनेर निकासा दिइरहेको छैन।

अस्थायी पदबाटै अवकाश लिएका ३१६ जना शिक्षकका लागि रु.४७ लाख ३४ हजार ८१३ माग गर्दै किताबखानाले २० चैत २०६६ मा अर्थ मन्त्रालयलाई पत्र पठाएको थियो। यो सङ्ख्या २७ पुस २०६६ सम्म अवकाश पाएका शिक्षकहरूको हो। त्यसयता करिब एक सय अस्थायी शिक्षकले अवकाश लिएका छन्। किताबखानाका लेखा अधिकृत कृपाराम रिजालका अनुसार, अस्थायी शिक्षकलाई भुक्तानी दिनुपर्ने सञ्चित बिदाको रकम लगभग रु.६० लाख पुगिसकेको छ।

उता, अर्थ मन्त्रालयले आर्थिक वर्ष २०६७/६८ मा स्थायी शिक्षकको पेन्सन र उपदानका लागि विनियोजित रकमबाटै अस्थायी शिक्षकको सञ्चित रकम भुक्तानी दिनुपर्ने जिकिर गर्दै आएको छ। अर्थका शाखा अधिकृत रमेश गौतम भन्छन्, "चालु आवमा किताबखानाका लागि छुट्याइएको बजेटबाटै अस्थायी शिक्षकको रकम व्यवस्थापन गर्नुपर्छ। हामीसँग छुट्टै बजेट छैन।" चालु वर्षमा स्थायी शिक्षकको पेन्सन र उपदानका लागि करिब रु.७२ करोड विनियोजन गरिएको छ। शिक्षा मन्त्रालयले उक्त बजेटबाट स्थायी शिक्षकको रकम मात्रै निकासा दिन निर्देशन दिएको छ। २८ जेठ २०६३ अघि अस्थायी शिक्षकको सञ्चित रकम जिल्ला शिक्षा कार्यालयबाट सीधै भुक्तानी दिने व्यवस्था थियो।



## शिक्षक पत्रिका प्राप्त गर्ने तीन काइदा







१. आफूलाई पायक पर्ने नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर। (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ।

२. ग्राहकले इच्छाएको बिक्रेता/पसल वा एजेन्टमार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बनेर। (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ। बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ।) वार्षिक शुल्क रू.४८०/-

३. रजिष्ट्री हुलाक ग्राहकः नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो। पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ। रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ। यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा शिक्षक को व्यवस्थापनले सम्बद्ध हुलाक कार्यालयमा हर्जना (प्रत्येक अंकको रू. ३००/-) दावी गरी कारवाही अगाडि बढाउनेछ।) वार्षिक शुल्क रू.६२०/- रजिष्ट्री खर्च समेत।

**_शिक्षक_ को ग्राहक बन्ने/पैसा पठाउने सजिलो उपायः**

**_शिक्षक_ मासिक, चल्ती खाता नं. १६१३, राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा, ललितपुर। यो खातामा रकम जम्मा गर्दाको रसिद भने सुरक्षित राख्नुहोला।**

स्थलगत

सुदर्शन घिमिरे

# बहुकक्षा र बहुस्तर शिक्षण एउटा राम्रो सुरुवात

**ऋषिभ्याली स्कूलको अवधारणामा आधारित बहुकक्षा र बहुस्तर शिक्षण विधि सृजनात्मक तरिकाले नेपालमा पनि सुरु भएको छ। बाह्रबिसे, सिन्धुपाल्चोकको विष्णु प्रावि नमूना विद्यालयका रुपमा विकसित हुँदैछ।**




बाँसको सिन्काको माध्यमले गुणन अवधारणा सिक्दै एक विद्यार्थी

हरेक विद्यार्थीका वेग्लावेग्लै कालोपाटी। कक्षाका भित्ता र सिलिङमा झुण्ड्याइएका छन्, शैक्षिक सामग्री। कक्षामै टिभी र डेक। कक्षा १ र २ का विद्यार्थीलाई मिसाएर बनाइएको एउटै कक्षा। पढ्नका लागि पाठ्यपुस्तक छैनन्। तैपनि विद्यार्थीहरू सिकाइप्रति स्वेच्छाले तल्लीन छन् भने सिकाउने शिक्षक पनि उस्तै तल्लीन। चार वटा छुट्टाछुट्टै समूहमा बाँडिएर बस्न मिल्ने चारवटा गोलाकार टेबुल। कुनै समूहमा शिक्षक धेरैबेर बसेर सिकाउँछन् त कुनैमा विद्यार्थी आफैं स्वतन्त्र तरिकाले सिकिरहेका छन्। कक्षामा सल्याङमल्याङ आवाज गुञ्जिएको छ। तर यसबाट कसैले पनि 'डिस्टर्ब'को महसुस गरेका छैनन्।

२० माघको मध्यान्हमा सिन्धुपाल्चोकको बाह्रबिसेस्थित विष्णु आध्यात्मिक संस्कृत प्रावि पुग्दा त्यहाँ देखिएको एक झलक हो यो। बाह्रबिसे बजारबाट लगभग पाँच किमि धुलेबाटो उकालो लागेपछि पुगिने सो स्कूलमा देखिएको यो शिक्षणको मुख्य आधार हो, यहाँको बहुकक्षा र बहुस्तर शिक्षण पद्धति। विद्यार्थीसित खेल्दै र सिकाउँदा प्रअ ठाकुर पौडेल भन्छन्, "यसले त हामीलाई नचिताएको तरिकाले कायापलट गरिदिएको छ। यो त साँचो अर्थमा विद्यार्थीकेन्द्रित शिक्षण विधि रहेछ।" खासमा भारतको आन्ध्रप्रदेशस्थित ऋषिभ्याली स्कूलबाट सिकेर बहुकक्षा तथा बहुस्तर शिक्षण पद्धतिलाई विष्णु आध्यात्मिकमा प्रयोग गरिएको रहेछ। यस विधिबाट कम विद्यार्थी भएका स्कूलमा बहुकक्षा शिक्षण पद्धतिमार्फत थोरै सङ्ख्याका शिक्षकले उपलब्धिमूलक शिक्षण गर्न सक्छन्। यसको मुख्य विशेषता नै यही हो।

थोरै विद्यार्थी हुने हाम्रा हिमाली र उच्च पहाडी भेकमा पनि यो पद्धति उचित हुने देखेर शिक्षा विभागका तत्कालीन महानिर्देशक जनार्दन नेपालसहितको टोलीले आन्ध्रप्रदेश पुगेर यो पद्धतिको सिको गर्ने प्रयास गरेका रहेछन्। त्यसक्रममा शिक्षा विभागका कर्मचारी र केही स्कूलका शिक्षकलाई समेत लिएर ऋषिभ्यालीमा लगेर तालिम दिलाइयो। त्यताबाट फर्केपछि शैक्षिक सामग्री बनाइयो र २०६६ देखि यस स्कूलको कक्षा एकमा यही पद्धति अनुरुप पठनपाठन शुरु भयो।

# बल्ल शिक्षक भइयो



**ठाकुर पौडेल**
प्रअ, विष्णु अध्यात्मिक संस्कृति प्रावि

**एक** दिन त्रिभुवन विश्वविद्यालयका डा. प्रेमनारायण अर्याल, शिक्षा विभागका केही कर्मचारीले यो स्कूलमा आएर मेरो कक्षा हेर्नुभयो। तपाईंको कक्षा राम्रो लाग्यो, तालिम कहाँ लिनुभयो भनेर सोध्नुभयो। मैले कुनै तालिम लिएको छैन भनें। त्यसपछि ऋषिभ्याली स्कूलको अवधारणामा आधारित बहुकक्षा बहु स्तर तालिम दिने कार्यक्रम विभागले तय गरेछ। त्यो तालिम लिनेमा म पनि परें। हामी आन्द्रप्रदेशको ऋषिभ्याली स्कूलमा गयौं र १० दिने तालिम लियौं। तालिममा २३ जना शिक्षक र शिक्षा विभागका कर्मचारीसहित २८ शिक्षाकर्मीहरू थियौं। तालिम स्थान गाउँमा रहेछ। कक्षा १ देखि ४ सम्मका विद्यार्थी एउटै कक्षामा राखेर पढाइएको रहेछ। पहिलो दिन कक्षाको अवलोकन गरियो। त्यसपछि हामीलाई माइस्टोन र ल्याडर बनाउन सिकाइयो। पछि क्रियाकलापहरू डिजाइन गरियो। बाँसले बारेर बनाएको स्कूल भए पनि शैक्षिक सामग्री प्रशस्त उपलब्ध थिए। त्यहाँको वातावरण देखेर जाँगर भए उपाय निस्कने रहेछ भन्ने लाग्यो।

ऋषिभ्यालीमा १०० पूर्णाङ्कमा १०० ल्याएपछि पास हुने पद्धति भएकाले सबै विद्यार्थी उस्तै जान्ने हुँदारहेछन्। यो कुराले मलाई धेरै छोयो। हामीले समूह बनाए पनि प्रभावकारी भएको थिएन तर त्यहाँ समूह आफैं गतिशील तरिकाले चल्दो रहेछ। त्यो विद्यालयमा सिकाइ सामग्रीमा कुनै कमि थिएन भने छात्रछात्रा सिक्न सधैं तयार देखिन्थे।

मैले ऋषिभ्याली पुगेर परिवर्तन हुन सिकें। त्यहाँ पुगेपछि म त शिक्षक नै हुन सकेको रहेनछु भन्ने बोध भयो। विद्यार्थीलाई जान्ने होइन, सिक्ने तरिका सिकाउनुपर्छ भन्ने लाग्यो। सिक्ने काम उनीहरू आफैं गर्छन्, हामीले खाली वातावरण बनाइदिने हो भन्ने कुरा पनि जानें। जब दुई वर्षअघि स्कूलमा बहुकक्षा र बहुस्तर शिक्षण अवधारणा लागू भयो, मेरो शिक्षण यात्रा बल्ल प्रारम्भ भयो भन्ने लाग्छ। केटाकेटीसँग दिनभर काम गर्दा समय गएको पत्तै हुँदैन। उनीहरूले कति जाने, के सिके भनेर देख्न पाउँदा आनन्दित हुन्छु। मेरो शिक्षण सार्थक भएछ भनेर दङ्ग हुन्छु। हामीले धेरै कुरा अझै सिक्नु छ। शिक्षक हुनु भनेको हरबखत नयाँ नयाँ कुरा सिक्न तत्पर हुनु हो। राम्रोसित काम गर्दै जाँदा नयाँ-नयाँ कुरा सिक्ने आवश्यकता र लालसा बढ्दो रहेछ।

तालिमपछि ऋषिभ्यालीको टिमसहित विभागका कर्मचारी मेरो स्कूल आए। ऋषिभ्याली टिमले कक्षाकोठाको नयाँ डिजाइन गरिदियो। एक जना मुस्लिम शिक्षकले त मेरो घरमै १० दिन बसेर तालिम दिनुभयो। कक्षा त हेर्दाहेर्दै अर्कै भयो। नयाँ कुरामा अभ्यस्त हुन केही दिन अप्ठेरो भए पनि मैले शिक्षक साथीहरूलाई गाइड गरें। स्कूल नयाँ अवधारणा अनुसार सञ्चालन हुनथाल्यो। यो वर्ष मलाई गत सालभन्दा धेरै सजिलो भएको छ। किनभने दुई कक्षाका विद्यार्थीले कक्षा १ का विद्यार्थीलाई गाइड गर्न थालेका छन्।

मेरो टिममा पाँच जना शिक्षक छन्। सबैले नयाँ अवधारणालाई आत्मसात् गरेका छन्। केही गर्नुपर्छ भन्ने भावना सबैमा छ। तर हामीलाई सामग्री व्यवस्थापन एकदम चुनौतीपूर्ण बनेको छ। ६० प्रति जति सामग्री त शिक्षा विभागले बनाइदिएको छ, बाँकी ४० प्रतिशत तयार पार्ने काम हाम्रो हो। तर त्यसका लागि पर्याप्त पैसा छैन। विद्यार्थीहरूलाई साधारण स्कूलको तुलनामा १० गुणाभन्दा बढी कापी लाग्छ। कापी खेर जान्छ भनेर अभ्यास गर्न कम गर्नुपर्छ भन्ने अनुभूति त गराउनुभएन। अभिभावकले पेन्सिल र कापी किनिदिन सक्दैनन्। ६० जना जति विद्यार्थीलाई सामग्री व्यवस्थापन गर्न वर्षभरी करीब ५० हजार जति चाहिन्छ।


अबको वैशाखबाट कक्षा ३ मा पनि बहुकक्षा शिक्षणको अवधारणा अनुसारको कक्षा शुरु गर्दैछौं। त्यसका लागि दुई जना शिक्षकको व्यवस्था गर्न लागेको छु। तर कक्षा ४ र ५ मा चाहिँ (ग्रेड टिचिङ) गराउने र त्यसका लागि दुई जना शिक्षक खटाइने योजना छ। हामीले यो स्कूललाई कक्षा ८ सम्म विस्तार गर्ने सोच बनाएका छौं। यसपटक कक्षा ६ पनि चलाइने छ। ४ देखि ८ सम्म कम्प्युटर शिक्षा दिने सोच राखिएको छ। गुणस्तरीय शिक्षा दिने स्कूल बनाउने लक्ष्य हो हाम्रो। यसलाई बहुकक्षा (मल्टिग्रेड) र बहुस्तरीय (मल्टिलेभल) को तालिम केन्द्र विकसित गर्ने हाम्रो अभियानमा सबैको सहयोगको अपेक्षा गरेको छ।

यस वर्ष यसलाई कक्षा दुईसम्म विस्तार गरिएको छ, जहाँ कक्षा १ र दुईका विद्यार्थी सँगै बसेर सिक्छन्। कक्षा १ देखि ५ सम्म करीब ५० जना विद्यार्थी र निजी स्रोतबाट समेत गरी ५ जना शिक्षक भएको यस स्कूलमा बालविकास केन्द्र पनि छ, जहाँ १४ जना केटाकेटी छन्।

**बहुकक्षाको एक झलक**

अक एकछिन कक्षाकोठाको अवलोकन गरौं। शिक्षक प्रतिनिधि स्कूलमा पुग्दा भर्खर नेपाली कक्षा सकिन लागेको रहेछ। केहीबेरपछि गणितको पालो आयो। त्यस दिन गुणन सिकाउने पालो रहेछ। गणितको प्रारम्भिक सिकाइमा 'दुई एकान दुई, दुई दुना चार'

# अरू स्कूलमा पनि यस्तै होस्



**केदारभक्त माथेमा**
शिक्षाविद्

**नयाँ** तरिकाले बहुकक्षा स्कूल चलेको सुनेपछि म बाह्रबिसेको विष्णुप्रावि पुगेँ। केही घण्टा हामीले बहुकक्षा शिक्षण हेर्‍यौँ। प्रअ ठाकुर पौडेल समर्पित भएर सिकाइ क्रियाकलापमा डुबेको कारण विद्यार्थी पनि खुब रमाएर सिक्दा रहेछन्। त्यो दिन मलाई अद्भुत लाग्यो। प्रअलाई पनि थकाइ लाग्दो होला। तर दिनभर जीवन्त तरिकाले खटिएको देखेर म आश्चर्यचकित भएँ।

सिकाउने यो शैली र तरिका साँचो अर्थमा विद्यार्थीकेन्द्रित छ। राम्रोसित सिकाउने अरू पनि शैलीहरू छन्। तर विष्णु प्राविमा सिकाउने तरिका फरक भएकाले विद्यार्थीले डुबेर सिक्न मन पराएका हुन् कि शिक्षकको लगाव र क्षमताका कारणले यस्तो भएको हो त्यो स्पष्ट हुन सकेको छैन। त्यसैले अरू स्कूलहरूमा पनि सिकाइको यो अवधारणालाई अनुसरण गर्ने र त्यसमाथि अनुसन्धान गरेपछि मात्र पद्धतिले या शिक्षक कसको कारण परिवर्तन भएको हो स्पष्ट हुन्छ।



**स्कूलबाट छुट्ने बेलामा नाच्दै–गाउँदै।**

भनेर दुनोट घोकाउने पुरातन शिक्षण शैली यहाँ थिएन। बरु बिल्कुलै भिन्न र रचनात्मक थियो। प्रअ ठाकुर पौडेलले बाँसका सिन्काको मुठा फुकाए र दुई वटालाई झिकेर एउटा छुट्टै भाग बनाए र विद्यार्थीलाई सोधे, "यसमा कतिवटा सिन्का छ?"

जवाफ आयो, 'दुई वटा छ सर।'

'मुठा कतिवटा छ नि?'

'एउटा'

'फेरि एक पटक सिन्का गन त नानी!'

'दुई वटा छ सर।'

'हो। दुईलाई एकले गुणा गर्दा दुई हुन्छ।'

अब दुई दुना चार सिकाउने पालो आयो। शिक्षकले मुठाबाट अरू दुई वटा सिन्का झिकेर अर्को ठाउँमा राखे। अनि दुई वटै मुठातिर इसारा गर्दै सोधे, "मुठामा कति कति वटा छ?"

'दुई-दुई वटा छ सर!'

'कति ठाउँमा छ?'

'दुई ठाउँमा छ। दुई वटा सिन्का दुई ठाउँमा छ।'

'सबैलाई एक पटक पूरै गनिदेउ त।'

विद्यार्थीले हातले सिन्का सार्दै चार पुर्‍याउँछन् र भन्छन्, 'चार सर!'

अर्थात् दुईले दुईलाई गुणा गर्दा चार हुँदोरहेछ। विद्यार्थीले यही बुझ्छन्।

यही तरिकाबाट प्रअ पौडेलले 'दुई पन्चे दश' सम्म सिकाए। त्यसभन्दा माथि उनले बीससम्म विद्यार्थीलाई आफैँ मुठा बनाउन सिकाए। रोशन अधिकारी नामका विद्यार्थीले शिक्षकले सिकाएको विधिलाई अनुसरण गर्दै दुई दशन् बीससम्म पुर्‍याए। अनि 'मैले त जाने नि!' भन्दै सहपाठी उमेश खड्कालाई आफूले जानेको गुणन सिकाउन अग्रसर भए।

उता प्रअ पौडेल चाहिँ अर्को गोलाकार टेबुलतिर हानिए, जहाँ उनी कक्षा एकका एक जना विद्यार्थीलाई दुई अङ्कको अवधारणा सिकाउन थाले। त्यसका लागि पौडेलले उही बाँसको सिन्काहरू ल्याएर विद्यार्थीलाई १० वटाको एउटा मुठा बनाउन लगाए। त्यो एक मुठा भुईंमा राख्न लगाएर उनले सोधे, "कति मुठा भयो?" विद्यार्थीले जवाफ दिए, 'एक।' शिक्षकले उनलाई एक लेख्न लगाए। अनि सोधे, अब भुईंमा कतिवटा सिन्का बाँकी छ त? विद्यार्थीले भने, "एउटा पनि छैन।" अनि शिक्षकले अघि लेखेको एकको पछि शून्य लेख्न लगाए। विद्यार्थीले पनि त्यसै गरे। तिनै विद्यार्थीलाई फेरि अर्को १० वटा सिन्कालाई गिलासमा हालेर राख्न लगाइयो। अनि गिलासबाट एउटा सिन्का झिकेर पहिलो मुठासँगै राख्न लगाएपछि शिक्षकले प्रस्ट पारिदिए, एक मुठामा १० वटा सिन्का छ। यसमा एक थप्दा ११ भयो। एवम् रीतले विद्यार्थी आफैँले सिन्का गन्दै र लेख्दै १८ सम्म पुर्‍याए। त्यसमा अर्को एउटा सिन्का थपेपछि १० सिन्काको अर्को मुठा बन्यो। अब सिन्काका दुई मुठा भए र विद्यार्थीले पनि मुठा गनेर २ लेखे। गिलासमा बाँकी सिन्का थिएन। विद्यार्थीले दुईको पछाडि शून्य लेखे।

त्यसपछि शिक्षक अर्के विद्यार्थीसँग 'डिल' गर्न थाल्छन्। उनी हरेक विद्यार्थीलाई व्यक्तिगत रूपमा सिकाइरहेका छन्। आफ्नो पिरियडभर उनी एक मिनेट पनि बेफुर्सदी देखिएनन्। अर्की शिक्षक सुमित्रा त्यही कोठामा उस्तै व्यस्त देखिन्छिन्। फुर्सद विद्यार्थीलाई

पनि छैन। कक्षाका करीब २० जना विद्यार्थीमध्ये एक जना पनि फुर्सदिलो बसेको छैन, बस्न इच्छुक पनि छैन। सिक्नका निम्ति शिक्षकसँग झुम्मिएका देखिन्छन्। केही चाहिँ आफ्नै सहपाठीसँग सिकिरहेका देखिन्छन्। कक्षामा भएको उक्त गतिविधिले यो कक्षा कसरी चल्ने गर्दोरहेछ भन्ने कुरालाई राम्रोसित इङ्गित गरेको छ।

यहाँको कक्षाकोठा साधारण स्कूलको भन्दा भिन्न छ। प्लाष्टर गरिएको भुईंमा काठको फलेक र त्यसमाथि कार्पेट बिछ्याइएको छ ताकि बच्चालाई चिसो नलागोस्। कालोपाटीको सिरानमा प्रत्येक विद्यार्थीको नाम लेखिएको छ। शिक्षकलाई छुट्टै एउटा ह्वाइट बोर्ड राखिएको छ। हरेक विद्यार्थीको छुट्टै बक्स छ जहाँ उसले आफूले प्रयोग गरेका सामग्री राख्छन्। कक्षामा जे-जति सामग्री छन्, तिनमा विद्यार्थीको सहज पहुँच छ र आफूलाई मन लागेको वेला त्यसको उपयोग गर्न पाउँछन्।



विद्यार्थीका बक्स, शैक्षिक सामग्री र टिभी।

## विद्यार्थीकेन्द्रित शिक्षण

ऋषिभ्याली स्कूलमा तालिम लिएर आएको टोलीले कक्षा १ को पाठ्यक्रममा आधारित रहेर 'माइलस्टोन' बनाउने काम गऱ्यो। एक माइलस्टोनमा 'यतिदेखि यतिसम्म' सिकाउने। सो अनुरुप विभिन्न क्रियाकलापका अवधारणा तयार भए। पहिलो, परिचयात्मक। केटाकेटीलाई कविताबाट शब्द पहिचान गर्न लगाइँदोरहेछ। त्यसमा उनीहरू पोख्त भइसकेपछि चित्रबाट शब्दको परिचय दिइन्छ। त्यसपछि, तिनै शब्दहरूलाई अभ्यास गरेर चिन्न लगाइन्छ।

दोस्रो चरण हो, अभ्यासात्मक क्रियाकलाप। यसमा शिक्षकले सहयोगी बनेर विद्यार्थीलाई अभ्यास गराउँछन्। यति गरिसक्दा शिक्षकले विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न सक्छन्। उदाहरणका लागि कक्षा एकको नेपालीमा प्रारम्भिक एकाइमा भकुण्डो, बस र घर शब्द चिनाउने लक्ष्य राखिएको छ। बालबालिकालाई तिनै वस्तुका शब्दपत्तिहरू मिलाएर राख्न अह्राइन्छ। विद्यार्थीले शब्दपत्ति मिलाउन नसके शिक्षकले पुन: अभ्यास गराउँछन्। यही मेसोमा शिक्षकले विद्यार्थीको सिकाइ क्रियाकलापको अवलोकन गर्न समेत भ्याउँछन्।

एउटै कक्षाका सबै विद्यार्थीको सिकाइस्तर समान नहुन सक्छ। यही मान्यतालाई आधार मानेर कक्षाका विद्यार्थीलाई चार समूहमा बाँडिएको छ। पहिलो, पूरा शिक्षक सहयोग समूह, दोस्रो आंशिक शिक्षक समूह, तेस्रो साथी समूह र चौथो आत्मनिर्भर समूह। प्रअ पौडेल अर्थ्याउँछन्, "एउटा *माइलस्टोन* को सिकाइ पुरा गरेर नयाँ माइलस्टोनमा प्रवेश गर्दा विद्यार्थीलाई सिकाइ अवधारणादेखि क्रियाकलाप गराउँदासम्म शिक्षकले नै धेरै सहयोग गर्नुपर्छ। त्यसैले पहिलो समूहलाई पूरा शिक्षक सहयोग समूह भनिन्छ।" केही आफूले जानिसकेको तर केही क्रियाकलाप गर्न अझै शिक्षकको सहयोग आवश्यक पर्ने भएकाले दोस्रोलाई आंशिक शिक्षक समूह भनिएको हो। तेस्रो थरीका विद्यार्थीलाई शिक्षकको होइन, साथीको खाँचो पर्दोरहेछ। अवधारणागत कुरा शिक्षकबाट जानिसकेको तर त्यसलाई क्रियाकलाप गर्दा जानेको वा माथिल्लो कक्षा (कक्षा दुई)को साथीसँग उसले सहजै ती कुरा सिक्न सक्दोरहेछ। पौडेलको दुईवर्षे अनुभवले भन्छ, "हामीले सिकाउन नसकेका कुरा पनि साथीबाट सहजै सिक्दा रहेछन्।" त्यसैले हामी शिक्षकहरूले साथीसँग सिक्न विद्यार्थीलाई पर्याप्त वातावरण र उत्प्रेरणा दिनुपर्ने रहेछ। आत्मनिर्भर समूह त्यसलाई भनिँदोरहेछ जब विद्यार्थीहरू शिक्षक र साथीहरूको सहयोग विना नै आफ्नो सिकाइ क्रियाकलापलाई अगाडि बढाउन सक्छन्। यस पद्धतिमा विद्यार्थीहरूले अवधारणा बुझेपछि आफैं स्वतन्त्र रूपमा सिक्न र नयाँनयाँ क्रियाकलाप गर्न अग्रसर हुन्छन्। यस विधिको अर्को सबल पाटो के पनि हो भने 'मैले कति सिकैं, साथीले कति सिक्यो र अब कति सिक्न बाँकी छ?' भन्ने कुराको मूल्याङ्कन विद्यार्थी आफैंले पनि गरिरहेको हुन्छ।

## शतप्रतिशत जानेपछि मात्र उत्तीर्ण

माइलस्टोन बनाएर यसै अनुरुपका क्रियाकलापहरू कक्षामा गराइने भएकाले यहाँ पाठ्यपुस्तकको प्रयोग नै हुँदैन। बहुकक्षा र बहुस्तर पद्धति प्रयोगको दुई वर्षमा शिक्षकहरूले पाठ्यपुस्तकको आवश्यकता नै अनुभव गरेका रहेनछन्। किनभने पाठ्यपुस्तकमा हुने भन्दा धेरै कुरा व्यावहारिक तरिकाले उनीहरूले सिक्न पाएका रहेछन्। शिक्षक पौडेलको अनुभवमा पाठ्यपुस्तक शिक्षण गर्ने पुरानो विधि भन्दा यो हजारौं गुणा व्यावहारिक र बच्चामुखी छ।

अब परीक्षाको कुरा गरौं। यस विधि अन्तर्गत सिकाइ हुँदा विद्यार्थीले हरेक स्टेपमा स्वमूल्याङ्कन गर्न सक्ने रहेछ। त्यस्ता टुल्सहरू विकसित गरिएका रहेछन्। सरकारले यताका वर्षमा लागू गरेको निरन्तर



आत्मनिर्भर समूहका विद्यार्थीहरू आफैं सिक्दै ।

मूल्याङ्कन विधिको सही प्रयोग यस विधिले गर्ने ढुक्क साथ पौडेल दाबी गर्छन् । भन्छन्, यसमा विद्यार्थीले पाठगत सिकाइ गऱ्यो कि गरेन भनेर हेरिन्छ । उपलब्धि के छ भनेर हेरिन्छ । साधारणतया हरेक तीन महिनामा परीक्षा हुन्छ, तर यस विधिमा हरेक माइलस्टोन पूरा गर्दा नै एक प्रकारको परीक्षा भइसकेको हुँदोरहेछ । तीन महिनामा निश्चित माइलस्टोन पूरा गरेपछि त्यसलाई जाँचिदोरहेछ । एवं रीतले अन्तिम जाँच पनि हुँदोरहेछ । तर साधारण स्कूलमा जस्तो सबै विद्यार्थीको एकै साथ होइन । जसले जहिले सक्छ, उसको उही वेला जाँच हुन्छ । प्रश्न पनि व्यक्तिगत नै हुन्छ र जाँच पनि व्यक्तिगत नै हुन्छ । ढिलो सिक्ने विद्यार्थीको उसले अन्तिम माइलस्टोन पूरा गरेपछि जाँच हुन्छ । तर एउटा समयसीमा भन्दा बाहिर चाहिँ हामी जान दिँदैनौं, पौडेलले प्रस्ट पारे, तोकिएको शैक्षिक अवधिमा सकिन्छ ।

साधारण परीक्षा र यसमा अर्को पनि मौलिक भिन्नता छ । त्यो हो, साधारण परीक्षामा ३५ आए पास होइन्छ । अर्थात् त्यहाँ ३५ प्रतिशत जाने पास होइन्छ । तर यहाँ १०० नआई अर्थात् सबै कुरा नजानी कोही पनि पास हुन्न । वर्षभरिमा सबै माइलस्टोन पूरा नगरी कसैको पनि अन्तिम परीक्षा हुन्न । त्यो माइलस्टोन पूरा हुनु भनेको सबै कुरा जान्नु हो । शिक्षक पौडेल भन्छन्, त्यसैले मल्टिग्रेडका हाम्रा विद्यार्थी सबै उत्तिकै सक्षम भएपछि मात्र माथिल्लो कक्षामा चढ्छन् । शिक्षाको मुख्य लक्ष्यलाई यो विधिले मात्र शायद हासिल गराउन सक्छ ।

त्यसो त शिक्षा विभागले अरू १२ जिल्लाका २७ सार्वजनिक स्कूलमा यही अवधारणामा आधारित भएर पठनपाठन प्रक्रिया शुरु गरेको छ । शिक्षा विभागकी यस कार्यक्रम हेर्ने शैक्षिक सामग्री व्यवस्थापन शाखाकी उपनिर्देशक राज्यलक्ष्मी नकर्मी भन्छिन्, तर सबभन्दा राम्रोसित चलेको स्कूल चाहिँ यही हो । प्रअ पौडल अरू स्कूलका निम्ति प्रशिक्षक समेत बनिरहेका छन् । यताका दिनमा आएर यस स्कूलको बहुकक्षा शिक्षण हेर्न शिक्षाविद्, शिक्षाकर्मीहरू बारम्बार आउने गरेका छन् । सबैको ध्यान यही बहुकक्षामा गएकाले बाँकी पुराने तरिकाले चलेका कक्षा ओझेलमा पर्ने र त्यहाँका विद्यार्थीहरूले अपेक्षित शिक्षा नपाउने खतरा पनि नभएको होइन । विद्यार्थीलाई परिचालित गर्न र सिकाउने राम्रो दक्षता भएका पौडेलले उनका सहकर्मी शिक्षक समुदायलाई कसरी परिचालित गरेर नयाँ अवधारणालाई स्कूलमा सफल र दिगो बनाउन सक्छन्, त्यसका लागि चाहिँ केही समय पर्खनै पर्ने हुन्छ । यदि उनको नेतृत्वको टिमले यसलाई सफल तुल्याउन सक्यो भने उक्त स्कूल र त्यसका शिक्षकहरू देशभरका बाँकी स्कूलका लागि लागि नमुना सिद्ध हुनसक्छन् ।

त्यसैगरी आफूले शुरु गरेको नयाँ अवधारणालाई नमूनाको रूपमा शुरु गरिएको ठाउँमा आर्थिक साधनस्रोतको समेत कुनै पनि कुराको अभाव हुन नदिई सफल बनाउन पूर्ण रुपेण सहयोग गर्ने दायित्व शिक्षा विभागको हो । विगतका कतिपय कार्यक्रममा झैं नयाँ कार्यक्रम शुरु गर्ने तर पर्याप्त तयारी र आर्थिक सहयोग नगर्ने अपरिपक्व र अदूरदर्शी परिपाटी त्यागेर यस कार्यक्रमलाई पूरा सहयोग गरेर सफल बनाउनतिर लाग्नु बुद्धिमानी हुनेछ । किनभने विष्णु प्रावि र यस्तै नमुनाका रूपमा शुरु भएका अरू स्कूलहरूको सफलताले नै यस अवधारणालाई बाँकी नेपालमा विस्तार गर्ने आधार तयार पार्ने हो ।


Rs
Rs
हरेक दृष्टि, आर्थिक कोण
आर्थिक
अभियान
अर्थान्तर
साप्ताहान्त संस्करण
अर्थपूर्ण
शनिबार
हरेक दृष्टि, आर्थिक कोण

रिपोर्ट शिक्षा नियमावली संशोधन

बाबुराम विश्वकर्मा

# शिक्षकलाई सन्तुष्ट पार्ने प्रयास

**शिक्षाको छैंठौं र शिक्षक सेवा आयोगको पाँचौं संशोधन नियमावलीले सामुदायिक/सार्वजनिक विद्यालयका शिक्षकहरूको पेशागत हितको सम्बर्द्धन मात्र गरेको छैन, प्रअ र शिक्षकलाई छात्रछात्राको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाउने ध्येय पनि राखेको छ। तथापि आफ्ना समस्याको समाधान नभएको भन्दै अस्थायी शिक्षकहरूले नियमावलीको संशोधनप्रति नै असन्तुष्टि जनाएका छन्।**



काठमाडौंको राष्ट्रिय निर्माण उमाविका स्थायी शिक्षक पुरुषोत्तम पहाडी कक्षाकोठामा।

बाबुराम


शिक्षा नियमावलीको छैटौं संशोधनले सामुदायिक/सार्वजनिक विद्यालयका प्रधानाध्यापकको शैक्षिक योग्यता, छनोटका मापदण्ड र जिम्मेवारीका बारेमा महत्त्वपूर्ण सुधार गरेको छ । संशोधित व्यवस्था अनुसार अब उप्रान्त प्राथमिक विद्यालयको हेडसर हुन कम्तीमा शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सोसरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्छ भने निम्नमाध्यमिक विद्यालयको प्रअ हुन शिक्षाशास्त्रमा स्नातक वा सोसरहको शैक्षिक उपाधि हासिल गर्नु अनिवार्य छ । माध्यमिक विद्यालयको हेडमास्टर हुनका लागि चाहिँ शिक्षाशास्त्रमा स्नातकोत्तर वा सोसरहको शैक्षिक योग्यता चाहिन्छ ।

केही शिक्षाविद्हरूले प्रावि तहमै स्नातक हेडमास्टर चाहिन्छ भन्दै आएका थिए । योग्यता पुगेका उम्मेदवारहरू बीच खुल्ला प्रतिस्पर्धा गरेर हेडमास्टरको छनोट गरिनुपर्ने उनीहरूको मत थियो । शिक्षा नियमावलीको संशोधनले प्राविमा प्रअ हुन स्नातक हुनुपर्ने नभने पनि निर्धारित शैक्षिक योग्यता नपुगेका र प्रतिस्पर्धामा सफल हुन नसक्नेहरूले भने अब प्रअ भइरहन पाउने छैनन् ।

शिक्षाशास्त्रमा स्नातक गरी १० वर्ष स्थायी सेवा गरेको शिक्षक विद्यालय विकासको प्रस्तावसहित प्रअ छनोट सम्बन्धी परीक्षामा सहभागी हुन पाउने व्यवस्था पनि नियमावलीमा समावेश भएको छ । यो प्रावधानले अनुभवी तथा स्कूलको शैक्षिक/भौतिक विकासमा राम्रो योगदान पुऱ्याएका स्नातक शिक्षकलाई माविको प्रअ हुने मौका दिएको छ ।

परिवर्तित व्यवस्थाले देशभरिका २८ हजार ५७ वटा विद्यालयका प्रअ प्रत्यक्ष प्रभावित हुने भएका छन् । शिक्षा मन्त्रालयका सहसचिव महाश्रम शर्माका अनुसार नयाँ मापदण्ड अनुरुपको शैक्षिक योग्यता नभएका प्रअहरू त स्वत: हट्ने नै छन्, योग्यता पुगेकाहरूले पनि प्रअ छनोटको परीक्षामा आफूलाई सफल तुल्याउनुपर्नेछ । उनी भन्छन्, "स्कूल विकासमा प्रअको नेतृत्वदायी भूमिका हुन्छ, तर अधिकांश स्कूलमा धेरै वर्षसम्म एउटै प्रअ रहँदा स्कूल उकालो नलागेका कारण कार्यदक्षता करार *(परफरमेन्स कन्ट्र्याक्ट)* का आधारमा पाँचवर्षे करारमा प्रअ राख्ने व्यवस्था गरिएको हो । यो व्यवस्था हाल कार्यरत प्रअहरूको हकमा पनि लागू हुन्छ ।"

महाश्रम शर्माले भनेझैं प्रअका उम्मेदवारले विद्यालय व्यवस्थापन समितिसमक्ष विद्यालय विकास प्रस्तावसहित आवेदन दिनुपर्ने व्यवस्था संशोधित नियमावलीमा छ । प्रअ र करार शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा उसले तोकेको व्यक्ति अध्यक्ष, विनि वा जिशिकाको अधिकृत, दुईजना विज्ञ र सदस्य सचिवका रूपमा रहेका प्रअसहित पाँच सदस्यीय शिक्षक छनोट समिति गठन हुन्छ । विज्ञमा भने मावि तहको शिक्षक छनोट गर्न शिक्षाशास्त्रमा स्नातकोत्तर र अरू तहको लागि स्नातक गरेका व्यक्तिमध्येबाट महिलासहित दुई जना सदस्य हुन्छन् । यस्तो समिति



नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं माघ ९ गते, २०६७ साल (अतिरिक्ताङ्क २९

भाग ३

नेपाल सरकार

शिक्षा मन्त्रालयको

सूचना १

शिक्षा (छैठौं संशोधन) नियमावली, २०६७

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

सबै स्कूलमा हुन्छ । प्रअ तथा शिक्षक नियुक्तिको जिम्मा सोही समितिको हुन्छ ।

शिक्षक/प्रअ छनोट समितिले आवेदकहरूको मूल्याङ्कन गर्ने साविकको व्यवस्थामा निकै परिवर्तन गरेको छ । *(हे. तालिका १)* नयाँ मापदण्डका आधारमा सबैभन्दा बढी अङ्क ल्याउने शिक्षकलाई समुदायमा हस्तान्तरित स्कूल भए विद्यालय व्यवस्थापन समितिले र सार्वजनिक विद्यालय भए व्यवस्थापन समितिको सिफारिसमा जिशिअले एकपटकमा पाँच वर्षका लागि प्रअ नियुक्ति गर्ने व्यवस्था छ । व्यवस्थापन समिति वा जिशिअले प्रअ नियुक्ति गर्दा प्रअको कार्यदक्षता करार बनाउनुपर्ने र सोहीअनुरुप प्रअको मूल्याङ्कन हुने व्यवस्था छ । विद्यालय क्षेत्र सुधार कार्यक्रममा भने चारवर्षे कार्यकालका लागि प्रअ करारमा लिने र आधारभूत तह (कक्षा १-८) मा स्नातक र माध्यमिक तहमा स्नातकोत्तर उत्तीर्ण व्यक्ति मात्र प्रअ हुने प्रावधान छ ।

१०० पूर्णाङ्कमा न्यूनतम ६० अङ्क नल्याउने व्यक्तिलाई भने प्रअ नियुक्ति गर्न नपाइने व्यवस्था गरिएको छ । यसअघि प्रअ बन्न न्यूनतम उत्तीर्णाङ्क ७० थियो । प्रअको उम्मेदवारले पेश गरेको विद्यालय विकास प्रस्ताव तथा करारमा उल्लेख गरिएको कार्यदक्षता सूची अनुसार कार्यसम्पादन गर्न नसकेको खण्डमा चाहिँ नियुक्तिकर्ताले जुनसुकै वेला हटाउन सक्ने व्यवस्था थपिएको छ । यसले प्रअलाई विद्यालयको

# रिपोर्ट शिक्षा नियमावली संशोधन

**तालिका १**
**शिक्षा नियमावलीको छैटौं संशोधन २०६७ को मुख्य बुँदा**

| शीर्षक | नयाँ के भयो ? छैटौं संसोधनपछि | पुरानो के थियो ? |
|---|---|---|
| प्रअको योग्यता र छनोट | - विव्यसले प्राविमा शिक्षाशास्त्रमा प्रवीणता वा सो सरह, निमाविमा स्नातक वा सो सरह, माविमा स्नातकोत्तर उत्तीर्ण गरेका व्यक्तिबाट प्रअका लागि दरखास्त आह्वान गर्नुपर्ने<br>- प्रअ छनोट गर्दा न्यूनतम शैक्षिक योग्यता १५, माथिल्लो शैक्षिक योग्यता १०, शिक्षण अनुभव २५, शैक्षिक तालिम १०, विद्यालय व्यवस्थापन तालिम २, आफूले अध्यापन गरेको विषयमा छात्रछात्राले हासिल गरेको नतिजा १२, विद्यालय विकासको प्रस्ताव १०, त्यसको प्रस्तुतिकरण ४, जिशिअको मूल्याङ्कन ५, व्यवस्थापन समितिको मूल्याङ्कन ५ र सहकर्मी शिक्षकको मूल्याङ्कनबाट २ गरी कुल १०० अङ्कको पूर्णाङ्कमा<br>- न्यूनतम उत्तीर्णाङ्क ६०<br>- व्यवस्थापन समिति र जिशिअलाई नियुक्तिको अधिकार<br>- छनोट समितिले खुल्ला प्रतिस्पर्धाबाट छनोट गर्ने<br>- पाँच वर्षे कार्यकाल | - प्राविमा एसएलसी, निमाविमा प्रवीणता प्रमाणपत्र र माविमा स्नातक उत्तीर्ण व्यक्ति प्रअ हुनसक्ने<br>- शैक्षिक योग्यतामा १०, शिक्षण अनुभवमा १५, तालिममा ५, कासमुमा २५, विद्यालय सुधार योजनामा ३०, नेतृत्व क्षमतामा १५ अङ्क गरी १०० पूर्णाङ्क<br>- न्यूनतम उत्तीर्णाङ्क ७०<br>- छनोट समितिले छनोट गर्ने<br>- व्यवस्थापन समितिको सिफारिसमा जिशिअलाई नियुक्तिको अधिकार |
| प्रअ तथा शिक्षकलाई कारबाही | - कुनै शिक्षकले पढाएको विषयमा लगातार तीन शैक्षिक सत्रसम्म पचास प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा शिक्षकमा कार्य क्षमता अभाव भएको मानिने<br>- विद्यालयको कक्षा तीन र पाँचको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षामा तीस र कक्षा दशमा पन्ध्र प्रतिशत भन्दा कम भएमा प्रअ र शिक्षकलाई जिशिअले पहिलोपटक सचेत गराउने, दोस्रोपटक एक र तेस्रो पटक दुई ग्रेड तलब रोक्न सक्ने | प्रअ तथा शिक्षकको भूमिकालाई छात्रछात्राले हासिल गर्ने शैक्षिक उपलब्धिसँग जोडिएको थिएन |
| स्वेच्छिक अवकाश | - स्वेच्छिक अवकाश लिन चाहने शिक्षकले अवकाश प्राप्त गर्ने उमेर ननाघ्ने गरी पाँच ग्रेड तलब वृद्धि हुने गरी आउने निवृत्तिभरणको रकम र निवृत्तिभरण पाउने सेवा अवधि पूरा भएको हकमा एक वर्ष बराबरको एकमुष्ट निवृत्तिभरण रकम पाउने<br>- स्वेच्छिक अवकाश सरकारले आह्वान गरेको अवधिमा मात्र लिन पाइने | स्वेच्छिक अवकाश लिन चाहने शिक्षकलाई कुनै सुविधाको व्यवस्था थिएन |
| शिक्षकको विदा | - प्रसूति स्याहार बिदा पुरुष शिक्षकलाई १५ दिन - पुरुष शिक्षकले सुत्केरी अघि वा पछि गरी सुत्केरी स्याहार बिदा पाउने र त्यस्तो बिदामा बसेको शिक्षकले पुरा तलब पाउने<br>- सुत्केरी बिदा सुविधा सेवा अवधिभर दुईपटक मात्र<br>- शिक्षकलाई बेतलबी बिदा बढीमा पाँच वर्ष<br>- कुनै शिक्षकको पत्नी विदेशी नियोग वा दूतावासमा कार्यरत रहेको प्रमाणित गरेमा एकै पटक वा पटक-पटक पाँच वर्षको बेतलबी बिदा | यस्तो व्यवस्था थिएन |
| शिक्षक नियुक्ति | - स्वीकृत दरबन्दीमा स्थायी शिक्षक प्राप्त हुन नसकी तत्काल करार शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शिक्षक सेवा आयोगबाट करार शिक्षक नियुक्तिका लागि प्रकाशित सूचीबाट बढीमा एक वर्षको लागि करार शिक्षक नियुक्ति गर्ने -आयोगको सूचीमा करारका लागि उम्मेदवार नभएमा व्यवस्थापन समितिले शिक्षक छनोट समितिको सिफारिसमा कुनै व्यक्तिलाई एक वर्षका लागि करार शिक्षक नियुक्ति गर्ने<br>- हाल कार्यरत अस्थायी शिक्षकलाई उक्त पदमा स्थायी पदपूर्ति नभएसम्म एक पटकमा ६ महिनामा नबढाई २०७० मसान्तसम्म म्याद थप्न सकिने | विद्यालय व्यवस्थापन समितिले रिक्त दरबन्दीमा अस्थायी शिक्षक नियुक्ति गर्ने व्यवस्था थियो। |

| | | |
|---|---|---|
| शिक्षक बीमा | - सरकारले एउटा सावधिक जीवन बीमा कोष स्थापना गर्ने<br>- प्रत्येक शिक्षकको मासिक तलबबाट दुई सय कट्टा गरी सरकारले त्यति नै रकम थपेर रु १ लाखको २० वर्षे शिक्षक बीमा गर्ने | सरकारले स्थायी शिक्षकको बीमा गराउन सक्ने |
| निजी स्कूलका शिक्षक | - निजी स्कूलले आफ्ना शिक्षकलाई सरकारी मापदण्ड अनुसारको तलब-भत्ताको व्यवस्था गर्नुपर्ने,<br>- स्थायी शिक्षक तथा कर्मचारीको तलबको १० प्रतिशत सञ्चय कोष कट्टी र सोही बराबरको रकम विद्यालयले थप गर्ने<br>- एक महिनाको तलब बराबर चाडपर्व खर्चको व्यवस्था<br>- शिक्षक तथा कर्मचारीले पाउने बिदाको<br>- नियम पालना नगर्ने संस्थागत विद्यालयलाई ऐन अनुसार कारबाही | निजी स्कूलका शिक्षकले सरकारी मापदण्ड अनुसारको तलब-भत्ता र सुविधा पाउने व्यवस्था थिएन |
| शिक्षकको सरुवा | स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको र अनिवार्य अवकाश पाउने एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको अवस्थामा एक जिल्लाबाट अर्को जिल्लामा नहुने | |
| स्थायी शिक्षकको परीक्षणकाल | शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका पुरुष शिक्षकको परीक्षणकाल एक वर्ष र महिलाको ६ महिना | शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकको परीक्षणकाल एक वर्ष |
| विशेष शिक्षा दिन खोलिएका विद्यालय सम्बन्धमा | - विशेष शिक्षा दिन खोलिएका स्कूलका शिक्षकको तलब सामुदायिक विद्यालयका शिक्षक सरहको हुने<br>- त्यस्ता शिक्षकको सरुवा अन्यत्र नहुने | विशेष शिक्षा सञ्चालन गर्ने संस्थामा कार्यरत शिक्षकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धमा सो संस्थाको विधान तथा नियमावलीमा तोकिए बमोजिम हुने |
| विद्यालय व्यवस्थापन समिति गठन | - सम्बन्धित विद्यालय हेर्ने विनि वा जिशिकाको अधिकृतको संयोजकत्वमा प्रअ, स्रोतव्यक्ति र स्थानीय निकायको प्रतिनिधि सम्मिलित चार सदस्यीय विद्यालय व्यवस्थापन छनोट सहयोग समिति गठन गर्ने<br>- व्यवस्थापन समितिको छनोटका निम्ति विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैलाई मात्र अभिभावक मान्ने व्यवस्था<br>- ५० हजारभन्दा बढी रकम, घर जग्गा उपलब्ध गराउने स्कूलका चन्दा दातामध्ये सबैभन्दा बढी दिनेलाई व्यवस्थापन समितिमा मनोनीत गर्नुपर्ने<br>- उमाविमा छुट्टै विव्यस गठन गर्ने | - व्यवस्थापन समिति गठनमा सहयोग पुऱ्याउन प्रअले आफ्नो संयोजकत्वमा विनि र एकजना शिक्षकसहित तीन सदस्यीय छनोट सहयोग समिति गठन गर्ने<br>- दाजु, भाइ, दिदीबहिनी, बाजे, बज्यै वा विद्यार्थीको पालनपोषण र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई समेत अभिभावक |
| विव्य समितिको काम कर्तव्य र अधिकार | विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने | |
| विद्यालय व्यवस्थापन | सामुदायिक स्कूलको व्यवस्थापन जिम्मा लिन चाहने विद्यालयले स्कूल सुधारको तीनवर्षे कार्ययोजना पेश गर्नुपर्ने | - सामुदायिक स्कूलको व्यवस्थापन जिम्मा लिन चाहने स्कूलले दुईवर्षे कार्य योजना पेश गर्नुपर्ने<br>- प्रअ, शिक्षक तथा कर्मचारी नियुक्ति र तलब भत्ता निर्धारण गर्ने र विदेशी दातासँग सम्झौता गर्ने अधिकार खारेजी गरिएको छ । |
| प्राथमिक शिक्षा सिकाइ उपलब्धि परीक्षण | प्राविको कक्षा ३ र ५ का विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्न हरेक स्रोतकेन्द्रमा सिकाइ उपलब्धी परीक्षण समिति गठन गर्ने | प्राथमिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण सम्बन्धित विद्यालयले गर्ने |

# शिक्षा नियमावली संशोधन

| | | |
|---|---|---|
| निमाशि उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार | उत्तीर्ण पद्धति (सब्जेक्ट वाइज पास सिस्टम) अवलम्बन गरी जतिवटा विषयमा विद्यार्थी उत्तीर्ण हुन्छ, त्यही विषयको मात्र प्रमाणपत्र दिने | परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने |
| विद्यालयको स्वीकृति | शिक्षा मन्त्रालयले स्वीकृत गरेको नक्साङ्कन र विद्यालय खोल्ने अनुमति सम्बन्धमा निर्धारण गरिएको सङ्ख्याको अधिनमा रही स्कूल खोल्न शिक्षा मन्त्रालयले अनुमति दिने | जिशिअले जाँचबुझ गर्दा उचित लागेमा आफैंले प्रावि खोल्ने अनुमति दिन सक्ने र निमावि र मावि खोल्न अनुमति दिने |
| महानिर्देशक, निर्देशक, र जिशिअको काम कर्तव्य र अधिकार | - उमाविलाई सरकारले उपलब्ध गराउने रकम व्यवस्थापन गर्ने<br>- विद्यालयमा अध्यापन गर्न चाहने विदेशी स्वयंसेवकको कार्य क्षेत्र तोक्ने र अनुगमन/सुपरीवेक्षण गर्ने<br>- विद्यालयको लेखा परीक्षणको पुनरावलोकन गराउने<br>- विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने ।<br>- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने अधिकार थपिदिएको | - निर्देशनालयबाट प्राप्त लेखा परीक्षकको सूचीबाट विद्यालयको लेखा परीक्षण गराउने<br>- माध्यमिक शिक्षा उत्तीर्ण गरेको विद्यार्थीलाई अस्थायी, स्थानान्तर प्रमाणपत्र दिने अधिकार खारेजी गरिएको छ । |
| विनिको काम, कर्तव्य र अधिकार | शिक्षकको हाजिर अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी अनुपस्थित शिक्षकको हाजिरीमा गयल जनाई कारबाहीका लागि विद्यालयमा व्यवस्थापन समिति र जिशिअलाई कारबाहीका लागि सिफारिश गर्ने | शिक्षकको हाजिर अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी अनुपस्थित शिक्षकको हाजिरीमा गयल जनाई सोको जनाउ विद्यालयमा व्यवस्थापन समिति, गाउँ शिक्षा समिति र जिशिअलाई दिने |
| शिक्षक आचारसंहिता | विद्यार्थीलाई शारीरिक तथा मानसिक यातना दिन नहुने | |

शैक्षिक/भौतिक उन्नतिप्रति जवाफदेही बनाउन खोजेको स्पष्ट छ ।

नेपाल शिक्षक युनियन प्रअको योग्यता, छनोटका मापदण्ड र प्रअको जिम्मेवारीमा गरिएको यस्तो परिवर्तनप्रति सकारात्मक देखिएको छ । युनियनका अध्यक्ष दिलबहादुर जोशीको भनाइमा आजीवन प्रअ भइरहने प्रावधानले स्कूलको उन्नति रोकेकाले अहिलेको संशोधन उपयुक्त छ । 'यसले विद्यालय सुधारका लागि ऊर्जा दिन्छ' जोशीले *शिक्षक* सँग भने ।

संशोधित नियमावलीले प्रअलाई छात्रछात्राको सिकाइ उपलब्धिप्रति पनि केही हदसम्म जवाफदेही बनाउन खोजेको छ । विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा छात्रछात्रा उत्तीर्ण प्रतिशत निश्चित प्रतिशत भन्दा कम भएमा त्यस्तो स्कूलको प्रअले कारबाहीको भागीदार समेत हुनुपर्ने व्यवस्था राखिएको छ । यो कुरा प्रअलाई मात्र नभएर सबै स्थायी शिक्षकलाई लागू हुन्छ । *(हे. तालिका १)* यसअघि प्रअ र शिक्षकहरूको भूमिकालाई छात्रछात्राको सिकाइ उपलब्धिसँग जोडिएको थिएन ।

कुनै शिक्षकमा कार्य क्षमता अभाव भएमा पाँच वर्षसम्म तलब वृद्धि तथा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिने नयाँ प्रावधानले शिक्षकलाई कक्षाकोठामा जिम्मेवार भएर प्रस्तुत हुन प्रेरित गर्ने अपेक्षा सरकारी अधिकारीहरूको छ । कुनै शिक्षकले पढाएको विषयमा तीन शैक्षिक सत्रसम्म लगातार ५० प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा कार्य क्षमताको अभाव भएको मानिने र त्यस्तो शिक्षकको पाँच वर्षसम्म तलब वृद्धि र दुई वर्षसम्म बढुवा रोक्का गरिने प्रावधानले अन्ततः छात्रछात्रा र अभिभावकलाई लाभ पुग्छ ।

## दरबन्दी नथपिने

अहिले शिक्षा नियमावलीमा गरिएको संशोधनले रिक्त दरबन्दीमा स्थायी शिक्षक भर्ना गर्न शिक्षक सेवा आयोगलाई बाटो खोलिदिएको छ भने आन्तरिक प्रतिस्पर्धाका आधारमा अस्थायीलाई स्थायी गर्नका निम्ति शिक्षा ऐनमा संशोधन प्रस्ताव शिक्षा मन्त्रालयले गरेको छ । आयोगको तथ्याङ्क अनुसार अहिले देशभरिमा करिब २३ हजार शिक्षक दरबन्दी रिक्त रहेको देखिन्छ । २०७० सम्ममा उक्त दरबन्दीमा स्थायी शिक्षक पूर्ति गर्ने र त्यसपछि नयाँ शिक्षक दरबन्दी नथप्ने निर्णय शिक्षा मन्त्रालयले गरिसकेको उल्लेख गर्दै मन्त्रालयका सहसचिव शर्मा भन्छन्, "अहिलेसम्म शिक्षकको जे-जति

दरबन्दी रिक्त छ, त्यसमा स्थायी शिक्षक भर्ना गरिन्छ, अहिले कार्यरत अस्थायीलाई पनि प्रतिस्पर्धाबाट २०७० सम्म स्थायी हुने अवसर दिइन्छ, आन्तरिक प्रतिस्पर्धामा असफल हुनेहरूले योग्यलाई ठाउँ छोड्नुपर्छ किनभने त्यसपछि शिक्षकको नयाँ दरबन्दी थपिँदैन।" शिक्षक किताबखानाको शिक्षक दरबन्दी विवरण अनुसार शिक्षक दरबन्दी १ लाख ७ हजार ८५३ रहेको छ। यसमध्ये प्राविको ७८ हजार ९३१, निमाविको १६ हजार २०४ र माविको १२ हजार ७१८ छ। किताबखानाका शाखा अधिकृत कृष्ण न्यौपानेले वर्षभरिमा सरदर १ हजार ८ सयदेखि दुईहजार दुई सय शिक्षकले अवकाश लिने गर्छन्। स्थायी शिक्षक पूर्ति गर्न खोलिने खुल्ला र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षामा उल्लिखित दरबन्दीमा रिक्त पदहरूमा भर्ना लिने आयोगको तयारी छ। तर, नयाँ शिक्षक भर्ना खोल्दा अस्थायीलाई स्थायी गर्ने विज्ञानपन पनि गरिनु पर्ने जिकिर अस्थायी शिक्षक आन्दोलन समितिले गरेका कारण तुरुन्तै विज्ञापन गर्न आयोगलाई असजिलो भएको छ।

रिक्त दरबन्दी पूर्ति भएपछि पनि सरकारी विद्यालयमा शिक्षकको खाँचो परेमा विद्यालयले एक शैक्षिक सत्रका निम्ति करार शिक्षक राख्न सक्ने व्यवस्था नयाँ शिक्षक दरबन्दी नथप्नकै निम्ति गरिएको सहसचिव शर्माको भनाइ छ। शिक्षक सेवा आयोगको पाँचौं संशोधन नियमावलीमा स्थायी नियुक्तिका लागि सिफारिस भएको पद सङ्ख्याको ५० प्रतिशत सङ्ख्यामा करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि आयोगले छुट्टै योग्यता क्रम अनुसारको सूची प्रकाशित गर्ने भनिएको छ। उक्त सूचीमा वैकल्पिक सूचीमा रहेका उम्मेदवार पनि समावेश हुने छन्। २०७० पछि सोही सूचीबाट सरकारी स्कूलले करारमा शिक्षक नियुक्ति गर्नुपर्ने व्यवस्था गरिएको छ। शर्माका अनुसार २०७० पछि नेपालमा स्थायी र करार शिक्षक मात्र रहन्छन् भने स्कूललाई सरकारले दिने सबै प्रकारको अनुदान पीसीएफको प्रक्रिया र ढाँचामा रुपान्तरण हुनेछ।

### बढुवामा कायापलट

स्थायी शिक्षकहरूका निम्ति नियमावलीमा गरिएको संशोधनको अर्को महत्त्वपूर्ण पक्ष हो- बढुवा प्रणालीसम्बन्धी सुधार। पहिलेका तुलनामा धेरै विस्तृत रूपमा गरिएको यो व्यवस्थाले बढुवामा मोलमोलाहिजा र नातावाद/कृपावादलाई धेरै हदसम्म नियन्त्रण गर्न सक्ने विश्वास गर्न सकिन्छ। *(हे. तालिका २)*

बढुवासम्बन्धी विशेष व्यवस्थामा १० वर्ष प्रावि तृतीय, १२ वर्ष प्रावि द्वितीय र निमावि तृतीय, १५ वर्ष निमावि द्वितीय र मावि तृतीय तथा १८ वर्ष मावि द्वितीय श्रेणीमा सेवा गरेका माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरूलाई एक श्रेणी स्वत: बढुवा गर्ने व्यवस्था भएको छ। यस व्यवस्थाले स्थायी शिक्षकका रूपमा दीर्घ सेवा गरेका शिक्षकहरूले ठूलो राहत पाउने विश्वास गरिएको छ। त्यस्तै न्यूनतम शैक्षिक योग्यता पूरा गरी प्रावि, निमावि र माविका द्वितीय र तृतीय श्रेणीका शिक्षकले एउटै श्रेणीमा क्रमश: १३, १५ र १८ वर्ष वा सोभन्दा बढी सेवा गरेको भए एक श्रेणी स्वत: बढुवा गर्ने व्यवस्था पनि गरिएको छ। युनियनका अध्यक्ष दिलबहादुर जोशीले निजामती कर्मचारीसरह शिक्षकहरूको समयबद्ध पदोन्नतिको व्यवस्था गरिनु शिक्षक समुदायका निम्ति ठूलो उपलब्धि भएको धारणा राखेका छन्।

यता, स्वेच्छिक अवकाश लिन चाहने शिक्षकले अवकाश प्राप्त गर्ने उमेर ननाघ्ने गरी पाँच ग्रेड तलब वृद्धि हुने गरी आउने निवृत्तिभरणको रकम र निवृत्तिभरण पाउने सेवा अवधि पूरा भएको हकमा एक वर्ष बराबरको एकमुष्ट निवृत्तिभरण रकम पाउने व्यवस्था गरिएको छ। तर, स्वेच्छिक अवकाश लिन चाहने शिक्षकले सरकारले आह्वान गरेको अवधिमा स्वेच्छिक अवकाश लिनुपर्नेछ। बीमा, उपचार तथा चाडपर्व खर्च, निवृत्तिभरण, बिदा आदि व्यवस्थामा गरिएका सुधारहरूले पनि स्थायी शिक्षकलाई उत्साहित तुल्याएको छ।

शिक्षक सेवा आयोगको नियमावली संशोधनले



**स्कूल विकासमा प्रअको नेतृत्वदायी भूमिका हुन्छ, तर अधिकांश स्कूलमा धेरै वर्षसम्म एउटै प्रअ रहँदा स्कूल उकालो नलागेका कारण कार्यदक्षता करार *(परफरमेन्स कन्ट्रयाक्ट)* का आधारमा पाँचवर्षे करारमा प्रअ राख्ने व्यवस्था गरिएको हो। यो व्यवस्था हाल कार्यरत प्रअहरूको हकमा पनि लागू हुन्छ।**

**महाश्रम शर्मा**
**सहसचिव, शिक्षा मन्त्रालय**

**करारमा शिक्षक राख्नुहुँदैन, खुल्ला प्रतियोगिता गरेर शिक्षक राखिनुपर्छ, त्यसका लागि हामी तयार छौं।**

**गुणराज लोहनी**
**अध्यक्ष, अखिल नेपाल शिक्षक संगठन**



# रिपोर्ट शिक्षा नियमावली संशोधन

**तालिका २**
**शिक्षक सेवा आयोगको पाँचौं संशोधन नियमावली २०६७ का मुख्य–मुख्य बुँदा**

| शीर्षक | संशोधित तथा थपिएको प्रावधान | पुरानो प्रावधान |
|---|---|---|
| शिक्षक बढुवा | - २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कासमुद्वारा हुने सबै तहको शिक्षक बढुवामा जेष्ठता ३५, शैक्षिक योग्यता २०, तालिम १० दिइने, कार्य सम्पादन मूल्याङ्कन बढुवा हुने उम्मेदवारले पढाएको विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि ५, विशेष जिम्मेवारी ५, शिक्षण कार्यसँग सम्बन्धित अनुसन्धान ५ र कार्य सम्पादनका आधारमा सुपरीवेक्षक र पुनरावलीका समितिले गरेको मूल्याङ्कन १० गरी जम्मा ३५ अङ्क दिने व्यवस्था | - नोकरीको जेष्ठता ३०, शैक्षिक योग्यता १५, तालिम १५ अङ्क दिइन्थ्यो<br>- विगतमा कासमुमा एकमुष्ट ४० अङ्क दिने गरिएको थियो |
| बढुवा सम्बन्धी विशेष व्यवस्था | - १० वर्ष प्रावि तृतीय, १२ वर्ष प्रावि द्वितीय र निमावि तृतीय, १५ वर्ष निमावि द्वितीय र मावि तृतीय तथा १८ वर्ष मावि द्वितीय श्रेणीमा सेवा गरेका माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरूलाई एक श्रेणी स्वत: बढुवा गरिने<br>- न्यूनतम शैक्षिक योग्यता पूरा गरी प्रावि, निमावि र माविका द्वितीय र तृतीय श्रेणीका शिक्षकले एउटै श्रेणीमा क्रमश: १३, १५ र १८ वर्ष वा सोभन्दा बढी सेवा गरेको भएमा एक श्रेणी स्वत: बढुवा गरिने | शिक्षकको समयबद्ध पदोन्नतिको व्यवस्था थिएन |
| करार शिक्षकको सूची | - आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भएको पद सङ्ख्याको लागि ५० प्रतिशत सङ्ख्यामा करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि छुट्टै योग्यता क्रम अनुसारको सूची प्रकाशित गरिने<br>- उक्त सूचीमा वैकल्पिक सूचीमा रहेका उम्मेदवार स्वत: समावेश हुने | विद्यालयले अस्थायी शिक्षक नियुक्ति गर्ने व्यवस्था थियो |
| आरक्षण | - महिलालाई ३३, आदिवासी/जनजातिलाई २७, तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायलाई २२, दलितलाई ८, अपाङ्गलाई ५ र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत शिक्षण सिट आरक्षित<br>- महिलालाई छुट्याइएको ३३ प्रतिशतबाट दलित महिलाका निम्ति ३ र मुस्लिम महिलाका निम्ति २ प्रतिशत सिट सुरक्षित | आरक्षणको व्यवस्था थिएन |
| शिक्षकको योग्यता | - स्वीकृत स्थायी शिक्षक दरबन्दीमा अस्थायी नियुक्ति पाएका शिक्षक बाहेक २०६८ वैशाख १ देखि प्रावि शिक्षकको उम्मेदवार हुन प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएको हुनुपर्ने र त्यस्ता उम्मेदवारले शिक्षाशास्त्र अध्ययन वा शिक्षक तालिम लिएको हुनुपर्ने | प्रावि शिक्षकको योग्यता एसएलसी |
| अध्यापन अनुमति पत्र | - पुनर्वहाली भएको स्थायी शिक्षक र कुनै कारणले स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेको शिक्षकलाई जिशिअ तथा उसले तोकेको अधिकृतले कक्षा अवलोकन वा प्रयोगात्मक परीक्षा लिई अध्यापन पत्र दिने<br>- सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको व्यक्ति अध्यापन अनुमति पत्रको परीक्षामा उम्मेदवार हुनसक्ने तर, त्यस्तो व्यक्तिले दुई वर्षभित्र शिक्षक तालिम नलिएमा उसले पाएको अनुमतिपत्र स्वत: रद्द<br>- दुर्गम क्षेत्रमा विज्ञान, गणित वा अङ्ग्रेजी पढाउन अध्यापन अनुमतिपत्र लिएको व्यक्ति नभएमा तालिम नलिएको भए पनि त्यस्तालाई परीक्षाको माध्यमबाट अस्थायी अध्यापन अनुमतिपत्र दिने | - अध्यापन गरिरहेको स्थायी शिक्षक<br>- शिक्षाशास्त्र अध्ययन गरेको वा शिक्षक तालिम लिएका व्यक्ति मात्र अध्यापन अनुमतिपत्रको परीक्षाको उम्मेदवार हुन पाउने |

चाहिँ अध्यापन अनुमतिपत्रको मौजुदा व्यवस्थामा केही परिवर्तन गर्नुका साथै शिक्षण सेवामा निजामतीसरह आरक्षणको व्यवस्था गरेको छ।

समुदायद्वारा सञ्चालित विद्यालयले स्वीकृत शिक्षक दरबन्दी अनुसारको शिक्षक तलब, भत्ताबापतको एकमुष्ट अनुदान, स्थायी शिक्षकको सञ्चय कोषका लागि विद्यालयले थप्ने १० प्रतिशत थप रकम र प्रोत्साहनबापत दिइने गरिएको १ लाख अनुदानको व्यवस्था संशोधित नियमावलीले खारेज गरेको छ।

### संशोधनको सूत्रधार

विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लिखित प्रावधान र

सुदर्शन



**शिक्षक, विद्यार्थी दुवै छन् तर शैक्षिक सामग्री र क्रियाकलाप छैन !: नियमावलीमा आएको परिवर्तनले सत्यवादी उमावि, बझाङको कक्षा १ लगायत देशभरका दयनीय कक्षाहरूमा परिवर्तन ल्याउला त ?**

११ कात्तिक २०६६ मा शिक्षकका पेशागत संस्थासँग सरकारले गरेका सम्झौता कार्यान्वयन गर्नका निम्ति सरकारले शिक्षा नियमावली र शिक्षक सेवा आयोगको नियमावलीमा संशोधन गरेको हो । तर, यो संशोधनले विक्षेसुका प्रावधान र शिक्षकसँग भएका सबै सम्झौता कार्यान्वयन गर्ने ढोका भने खोलेको छैन । विद्यालय क्षेत्र सुधार कार्यक्रममा विद्यालय शिक्षालाई कक्षा १-८ लाई आधारभूत र ९-१२ लाई माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । यसलाई कार्यान्वयन गर्नका निम्ति शिक्षा र उच्च माध्यमिक शिक्षा परिषद् ऐन संशोधन आवश्यक पर्ने देखिन्छ । शिक्षा मन्त्रालयले यी दुई ऐन संशोधन गरेर विक्षेसु र शिक्षकसँग भएका सम्झौताहरूलाई कार्यान्वयन गर्ने जनाएको छ । सरकारी तयारी अनुसार शिक्षा र उमाशि परिषद् ऐन संशोधन गरेर कक्षा ११ र १२ लाई स्कूल शिक्षामा गाभ्ने र त्यसको शैक्षिक/प्राज्ञिक व्यवस्थापन उच्चमाध्यमिक शिक्षा परिषद्लाई गर्न दिने अनि आर्थिक/भौतिक व्यवस्थापन चाहिँ शिक्षा मन्त्रालयले गर्ने प्रस्ताव गरिएको छ ।

शिक्षा ऐन संशोधन नगरी अस्थायी शिक्षकलाई प्रक्रिया पूरा गरेर स्थायी गर्ने, शिक्षकहरूको योग्यता अभिवृद्धि गर्ने, विभिन्न कारणले विस्थापित भएका शिक्षकको पुनर्बहाली गर्ने आदि जस्ता काम गर्न भने मद्दत पुऱ्याएको छैन । तैपनि शिक्षा र शिक्षक सेवा आयोगको नियमावलीको संशोधनमा आफूहरूसँग सरकारले गरेको सम्झौताका महत्त्वपूर्ण कुरा नसमेटिएको भन्दै शिक्षकका पेशागत संस्थाका नेताहरूले १८ माघ २०६७ मा शिक्षा मन्त्रालयमा शिक्षा सचिव तथा सहसचिवहरूलाई भेटेर आफ्नो असन्तुष्टि पोखेका थिए । नेपाल शिक्षक युनियनका अध्यक्ष दिलबहादुर जोशी नियमावलीको संशोधनले सरकार र शिक्षक संस्थाबीच भएको १४ बुँदे सहमतिलाई केही हदसम्म सम्बोधन गरेको बताउँछन् । उनले भने, "नियमावली संशोधनबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन गराउने र थप उपलब्धिका निम्ति सरकारको ध्यानाकर्षण गराउने पक्षमा छौं ।"

आफूहरूले उठाएको पञ्चायतकालदेखि विभिन्न आरोपमा सेवाबाट हटाइएका र अस्थायी शिक्षकको समस्या समाधान गर्ने बाटो अझै नखुलेका कारण त्यसका निम्ति युनियनले सरकारलाई दबाब दिने धारणा पनि अध्यक्ष जोशीको छ । यता, माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीले संशोधनमा आएका राम्रा कुरा स्वीकार गरिने र थप कुरा लागू गर्न दबाब दिने बताए । लोहनीले सरकारले २०७० देखि करार शिक्षक राख्न लागेकोमा भने आपत्ति जनाए । उनको कथन थियो, "करारमा शिक्षक राख्नुहुँदैन, खुल्ला प्रतियोगिता गरेर शिक्षक राखिनुपर्छ, त्यसका लागि हामी तयार छौं ।" शिक्षा तथा शिक्षक सेवा आयोगको नियमावलीमा गरिएको संशोधनको विरोधमा अस्थायी शिक्षक आन्दोलन समितिले १७-२३ माघ २०६७ मा जिशिकाहरूमा धर्ना र २४-२८ माघमा जिशिकाहरूमा काम रोक्न धर्ना दिएको छ । समितिका अध्यक्ष निरेन्द्र कुँवरले सरकारले १४ कात्तिक २०६६ को १४ बुँदे सहमतिमा उल्लेख भएको अस्थायी शिक्षकको समस्या समाधान सम्बन्धी व्यवस्था कार्यान्वयन नगरेका कारण फेरि आन्दोलन गर्नु परेको बताएका छन् । शिक्षकका पेशागत संस्थाहरूको आंशिक असहमति रहे पनि शिक्षा नियमावलीमा गरिएको संशोधन तत्काल कार्यान्वयन हुने कुरामा भने कुनै शङ्का छैन । त्यसैले शिक्षा तथा शिक्षक सेवा आयोगको नियमावलीमा गरिएको संशोधनले सरकार र शिक्षक संस्थाबीचको १४ बुँदे सहमति तथा एसएसआरपीका सबै बुँदाहरू लागू गर्ने बाटो नखोले पनि कार्यरत स्थायी शिक्षकको पेशागत हित र कक्षाकोठाको पठनपाठनमा भने केही न केही सुधार गर्ने आशा गर्न सकिन्छ ।

## टिप्पणी शिक्षा नियमावली संशोधन

बालकुमार जमरकट्टेल



# शिक्षणमा सुधारको आशा

**केहीबाहेक धेरै परिवर्तित प्रावधानहरू शिक्षणपद्धतिमा समसामयिक सुधारकै लागि गरिएका हुन् भन्ने मान्न सकिन्छ। तर व्यवहारमा लागू नहुञ्जेल नियमावलीको परिवर्तन आफैँमा प्रभावकारी कामको रूपमा परिवर्तन हुनसक्दैन।**

नेपाल सरकारले हालै शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ मा संशोधन गरेको छ। यी संशोधनमा प्रक्रियागत रूपमा धेरै परिवर्तन नदेखिए पनि यसले विद्यालय शिक्षामा केही दूरगामी असर पार्ने छ। विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई प्रत्यक्ष प्रभाव पार्न सक्ने ल्याकत अहिलेको संशोधनमा छ।

विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रक्रिया सम्बन्धमा गरिएको परिवर्तनले धेरै दूरगामी र सकारात्मक प्रभाव पार्ने देखिन्छ। व्यवस्थापन समितिको अत्यन्त लचिलो छनोट प्रक्रिया तथा यसलाई प्रदान गरिएका असीमित अधिकारका कारण साम-दाम-दण्ड-भेद प्रयोग गरी समिति कब्जा गर्ने र यसको माध्यमद्वारा ऐन तथा नियमावलीले प्रदान गरेका अधिकारहरूको दुरुपयोग गरी आफ्नो स्वार्थ सिद्ध गर्ने प्रवृत्तिलाई अहिलेको संशोधनले निस्तेज पार्न खोजेको देखिन्छ। विभिन्न सञ्चारमाध्यमहरू; विशेष गरी *शिक्षक* मासिकले वि.व्य.मा देखिएका विसङ्गतिका बारेमा जोडदार ढङ्गले समाचार प्रकाशन गरेकाले त्यसका विकृति सम्बोधन गर्न सरकार तयार भएको अनुमान गर्न सकिन्छ। शिक्षा नियमावलीको नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकारमा "विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने वा गराउने" भन्ने बुँदा थप गरी वि.व्य.स. गठन प्रक्रियामा माथिल्लो निकायको भूमिकालाई महत्त्व दिइएको छ।

वि.व्य.स.को अध्यक्ष र सदस्य छनोट गर्ने सम्बन्धमा अभिभावकहरूलाई सहयोग गर्न गठन गरिने समितिमा प्रधानाध्यापक संयोजक रहने व्यवस्थाले गर्दा प्रअलाई अनावश्यक विवादमा तान्ने र 'बलिको बोको' बनाउने गरिएको थियो। तर अब जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालय निरीक्षक वा निजको अनुपस्थितिमा अर्को अधिकृतलाई जिम्मेवारी दिई प्रअ, स्रोतव्यक्ति र स्थानीय निकायको प्रतिनिधिसहितको छनोट समिति गठन गर्ने व्यवस्था गरिएको छ। यसले प्रअलाई अनावश्यक विवादमा पर्नुपर्ने बाध्यताबाट मुक्त गरेको छ। साथै यससम्बन्धी अन्य कार्यविधि जिल्ला शिक्षा समितिले बनाउन सक्ने व्यवस्था गरिएकोले; नियतवश वि.व्य.स. कब्जा गर्न खोज्ने प्रवृत्ति पक्कै पनि निरुत्साहित हुने आशा गर्न सकिन्छ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छनोट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिने व्यवस्थाले विद्यालयमा अध्ययनरत कुनै विद्यार्थीको संरक्षक बसी विद्यालय व्यवस्थापन समिति कब्जा गर्न खोज्ने गैरअभिभावकहरूलाई बाटो छेक्ने प्रयास गरेको छ। तर यसले विद्यालयको उत्थान र प्रगतिको लागि निस्वार्थ सेवा गर्न चाहने समाजसेवी, विद्यार्थीका दाजु-भाउजूलगायत युवा जनशक्तिलाई व्यवस्थापन समितिमा प्रवेश गर्ने मूलढोका बन्द गरिदिएको छ। समाजका लब्ध-प्रतिष्ठित बुद्धिजीवीहरू जसका छोराछोरीहरूले विद्यालय तह पार गरिसकेका छन्, उनीहरूले आफूले दिनरात माया गर्ने गरेको विद्यालयमा प्रवेश गर्न आफ्ना छोराछोरीहरूको चाँडै विवाह गरिदिनुपर्ने अवस्थाको सिर्जना नगर्ला भन्न सकिन्न।

यसैगरी; सामुदायिक विद्यालयको प्रअलाई प्रशासनिक मात्र होइन, प्राज्ञिक प्रमुखको रूपमा समेत परिभाषित गरी शक्तिशाली बनाउनु संशोधित नियमावलीको महत्त्वपूर्ण विशेषता हो। प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयको प्रधानाध्यापक बन्न कम्तीमा क्रमशः प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने प्रावधानलाई अत्यन्तै सकारात्मक फड्को मान्न सकिन्छ। विद्यालयको प्राज्ञिक र प्रशासनिक नेतृत्वकर्ता प्रधानाध्यापकको हैसियत अन्य शिक्षकको भन्दा उच्च हुनुपर्छ भन्ने कुरा पहिलेदेखि नै उठ्दै आएको हो। यसको चयनप्रक्रिया पनि व्यवस्थित हुनै पर्छ। यो प्रावधानले विद्यालयमा अन्य शिक्षक भन्दा प्रधानाध्यापक एक तह माथिल्लो तहको हुनुपर्ने कुरालाई स्थापित गर्न खोजेको छ। तर प्राथमिक विद्यालयको हकमा २०६८ वैशाखदेखि नियुक्ति हुने शिक्षकको न्यूनतम योग्यता प्रमाणपत्र तह हुनुपर्ने व्यवस्था शिक्षक सेवा आयोग नियमावलीको पाँचौं संशोधनमा समेटिएकाले प्राथमिक विद्यालयको प्रधानाध्यापकको समेत न्यूनतम योग्यता स्नातक नै हुनुपर्ने व्यावहारिकतालाई आउँदा दिनमा मनन गर्नुपर्ने देखिन्छ।

तर एकपटक विधिवत् प्रधानाध्यापक नियुक्त भइसकेको व्यक्ति पाँच वर्षपछि पुनर्नियुक्ति हुनुपर्ने व्यवस्था त्यति स्वागतयोग्य हुनसक्ने कुरामा भने शङ्का गर्न सकिन्छ। विगतमा समेत प्रधानाध्यापक पुनर्नियुक्तिको अभ्यास नभएको होइन। तर त्यो

प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन। प्रधानाध्यापकको मासिक भत्ता आजभन्दा दुई दशक अगाडिको अङ्कमा कायम राख्नु युक्तिसङ्गत देखिँदैन। शिक्षकहरूको तलब भत्ता र अन्य सुविधा वार्षिक रूपमा परिवर्तन तथा परिमार्जन हुने गरेको छ। तर विद्यालयको प्रधानाध्यापकको मासिक भत्ता चाहिँ एक दिनको तलब भन्दा पनि कम हुने गरी नियमावलीमा अपरिवर्तनीय बुँदाको रूपमा राखिनुले हेडमास्टरको पेशागत जाँगर बढाउन सक्दैन। आगामी दिनमा हेडमास्टरको मासिक भत्ता पाँच दिनको तलब बराबर कायम गरिनु उचित हुन्छ।

विगत डेढदशकदेखि अस्थायी शिक्षकहरूलाई भुलभुलैयामा राख्न सफल भएको शिक्षा नियमावलीको व्यवस्था अरू नयाँ रुप-रंग तथा शब्दावलीका साथ थप तीन वर्ष भुलभुलैयामा राखिरहने नियतका साथ आएको छ। अस्थायी शिक्षकलाई 'करार शिक्षक'को रूपमा नामकरण गरी नियुक्तिको लागि विद्यालयभित्रै एकवर्षे कार्यकालसहितको नयाँ संरचना निर्माण गर्न लागिएको छ। यस व्यवस्थाले अस्थायी शिक्षकहरूको समस्यालाई 'स्थायी समस्या'को रूपमा अझै केही वर्षसम्म कायम राख्छ। विद्यार्थीहरूको अनुपातमा शिक्षक दरबन्दी कायम गरी प्रत्येक वर्ष खुल्ला प्रतिस्पर्धा गराई लोकसेवा आयोगले जस्तै स्थायी नियुक्ति गर्न शिक्षक सेवा आयोगलाई केले रोकेको छ? त्यस्तै; प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा गठन गरिने छनोट समितिले शिक्षक सिफारिस गर्नका लागि लिइने परीक्षाको परीक्षाकेन्द्र जिल्ला सदरमुकाममा वा स्रोतकेन्द्रमा गर्नुपर्ने व्यवस्थाको औचित्य के?

*शिक्षक* ले जोडदार ढङ्गले उठाउँदै आएको सट्टा/खेताला शिक्षकहरू राखी सुविधासम्पन्न ठाउँमा 'खेलो-फड्को' गर्ने गरेका 'टाठाबाठा' शिक्षकहरूलाई निरुत्साहित र कारबाही गर्न विद्यालय व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने अधिकार विद्यालय निरीक्षकलाई दिइनु निश्चय नै सकारात्मक कदम मान्न सकिन्छ।

श्रीमती सुत्केरी हुँदा पुरुष शिक्षकले १५ दिन सुत्केरी स्याहार बिदा पाउने प्रावधान, बीमा सुविधासम्बन्धी व्यवस्था, शिक्षक सरुवा सम्बन्धमा गरिएको लचिलो प्रावधान लगायत शिक्षकको सेवासुविधा सम्बन्धी अन्य विभिन्न व्यवस्था स्वागतयोग्य छन्।

अनिवार्य अवकाश हुने उमेर अगावै स्वेच्छिक अवकाश लिन चाहने शिक्षकहरूको हकमा थपिएको नयाँ व्यवस्थाले ५० वर्ष उमेर पूरा गरिसकेका शिक्षकहरूलाई अवकाश लिन प्रोत्साहित गर्न खोजेको देखिन्छ। तर 'अवकाश प्राप्त गर्न उमेर ननाघ्ने गरी बढीमा पाँच ग्रेड तलब बृद्धि गरी हुन आउने निवृत्तिभरण रकम' र 'निवृत्तिभरण पाउने सेवाअवधि पूरा भएको हकमा एकवर्ष बराबरको एकमुष्ट निवृत्तिभरण रकम'को 'ललीपप' त्यति धेरै आकर्षक ठहरिनसक्ने कुरामा भने शङ्का नै छ।

'विद्यार्थीहरूलाई शारीरिक वा मानसिक यातना दिन नहुने' प्रावधान राखेर शिक्षकहरूलाई कानुनी बन्धनमा बाँध्न खोजिएको देखिन्छ। विद्यार्थीको मनोभावना बुझी सोही अनुसार शिक्षण गर्ने शपथका साथ शिक्षण पेशामा प्रवेश गरेको शिक्षक त्यसै पनि भावनात्मक र नैतिक रूपमा विद्यार्थीहरूप्रति जिम्मेवार हुनैपर्छ। यस्तो अवस्थामा शिक्षक कानुनी रूपमा जिम्मेवार हुनुपर्ने प्रावधानले कतै शिक्षक-विद्यार्थीबीचको पवित्र भावनात्मक सम्बन्धलाई यान्त्रिक त बनाइँदै छैन?

आफूले अध्यापन गराएको विषयमा तीन शैक्षिकसत्रसम्म तोकिएको प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा 'कार्यक्षमताको अभाव' भएको मानिने व्यवस्था र त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिने व्यवस्थाले सम्बन्धित विषय शिक्षकहरूलाई थप जिम्मेवार बनाउन निश्चित रूपमा प्रभावकारी काम गर्न सक्छ। तर यस सँगसँगै हाम्रो व्यावहारिक यथार्थलाई पनि नजरअन्दाज गर्नुहुँदैन। त्यो के भने अधिकांश विद्यालयहरूमा माथिल्लो कक्षामा अध्यापन गराउने शिक्षकको अभावमा तल्लो तहमा अध्यापन गराउने शिक्षक वा निजीस्रोतका शिक्षक नियुक्ति गरी काम चलाइएको छ। त्यस्ता कक्षाहरूमा अपेक्षित नतिजा प्राप्त हुन नसक्दा त्यसको कानुनी र नैतिक जिम्मेवारी वहन गर्न तल्लो तहका तर माथिल्लो कक्षामा अध्यापन गरिरहेका शिक्षकहरू बाध्य हुने कि नहुने? यो व्यावहारिक यथार्थतर्फ ध्यान दिनु जरुरी छ।

नेपाल सरकारले विद्यालयका कर्मचारीहरूको लागि 'निश्चित मापदण्ड'का आधारमा विद्यालयलाई वार्षिक रूपमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनु निश्चय नै सकारात्मक कुरा हो। तर उक्त 'निश्चित मापदण्ड' समेत नियमावलीमा नै उल्लेख गरिदिएको भए वर्षौंदेखि प्रतीक्षारत विद्यालय कर्मचारीहरूले अझै प्रतीक्षा गर्नुपर्ने थिएन कि?

विद्यालयको सामाजिक परीक्षण गर्ने समितिमा विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्राको प्रतिनिधित्व रहने व्यवस्थालाई अत्यन्तै राम्रो सुरुआत मान्न सकिन्छ। विद्यालयको उत्थान, विकास र व्यवस्थापनमा विद्यार्थीको सहभागिता र भूमिका स्वीकार्नु महत्त्वपूर्ण कुरा हो।

प्राथमिक शिक्षा उत्तीर्ण परीक्षाको सट्टामा प्राथमिक तहका कक्षा ३ र कक्षा ५का विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण गर्न स्रोतकेन्द्रस्तरमा 'सिकाइ उपलब्धि परीक्षण समिति' रहने व्यवस्था सान्दर्भिक देखिन्छ। माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एस.एल.सी.)मा नयाँ पद्धति 'विषयगत उत्तीर्ण पद्धति'(सब्जेक्टवाइज पास सिस्टम)लागू गर्ने र 'जतिवटा विषयमा विद्यार्थी उत्तीर्ण भएको हुन्छ, त्यतिवटा विषयको मात्र प्रमाणपत्र दिने' भन्ने व्यवस्था भने प्रस्ट छैन। उत्तीर्ण भएको विषयमा माथिल्लो तहमा अध्ययन गर्न नरोकिने गरी उनीहरूलाई गाह्रो लागेको विषय अध्ययन नै गर्नु नपर्ने अर्थात् सबै विषयलाई ऐच्छिक बनाएर निश्चित पूर्णाङ्क बराबरका विषय मात्र अध्ययन गरे पुग्ने व्यवस्था गर्न लागिएको हो भने बेग्लै कुरा हो, नत्र हालकै व्यवस्था अन्तर्गत प्रदान गरिने प्रमाणपत्रमा पनि उत्तीर्ण र अनुत्तीर्ण छुट्टिने गरेको छ। हाल उच्च माध्यमिक वा क्याम्पस तहमा जस्तै गरी अनुत्तीर्ण भएको विषय मात्र निश्चित वर्षभित्र उत्तीर्ण गर्न सकिने र सबै विषयहरू उत्तीर्ण गरिसकेपछि मात्र लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) प्रदान गरिने पद्धति अपनाउन खोजिएको हो भने त्यसलाई अत्यन्तै व्यावहारिक कदम मान्नुपर्छ।

अन्य धेरै बुँदाहरूमा प्रक्रियागत र समसामयिक परिवर्तन गरिएका छन् जुन अत्यावश्यक थियो। समग्रमा भन्नुपर्दा केहीबाहेक धेरै परिवर्तित प्रावधानहरू शिक्षणपद्धतिमा समसामयिक सुधारकै लागि गरिएका हुन् भन्ने मान्न सकिन्छ। तर व्यवहारमा लागू नहुञ्जेल नियमावलीको परिवर्तन आफैँमा प्रभावकारी कामको रूपमा परिवर्तन हुनसक्दैन।

*(लेखक, नवयुग मावि जैसीदेवल, काठमाडौं; निमावि तहका स्थायी शिक्षक हुन्। उनी ११ वर्षदेखि मावि तहमा गणित शिक्षण गर्दै आएका छन्।)*

सत्यमेव जयते

# EMBASSY OF INDIA, KATHMANDU

## APPLICATION FOR UNDERGRADUATE PROFESSIONAL COURSES UNDER SELF-FINANCING AND SCHOLARSHIP SCHEMES: 2011-12

# NOTICE

Embassy of India, Kathmandu invites applications on prescribed data-sheet from Nepalese nationals desirous of seeking admission to undergraduate courses in Medicine (MBBS under Self financing Scheme), Engineering (BE), Pharmacy (B.Pharma), Agriculture (B.Sc.Ag), Dairy Technology (B.Sc) and Veterinary Science & Animal Husbandry (B.V.Sc. & AH) for the academic year 2011-12. A qualifying examination to select candidates for these courses will be held in **Kathmandu** and **Birgunj** on **May 07, 2011** under the aegis of the Embassy. Nepalese Army medical candidates are also required to apply for this test through proper channel (i.e through NA Headquarters). Admit cards of eligible candidates may be downloaded from the Indian Embassy website: www.indianembassy.org.np one week **(May 01, 2011)** before the examination.

**1. Eligibility Criteria.**

A candidate must have secured a minimum of 60% marks in aggregate and 50% marks in English in 10+2 or equivalent examination (Class XI marks not to be included) in addition to the eligibility specified against each of the below mentioned courses:

i) MBBS/B.Sc (Ag)/ BVSc & AH and B. Pharmacy: At least 60% each or more in Physics(P), Chemistry(C) and Biology(B) in 10+2 or equivalent examination for MBBS, B.Sc.(Ag) and BVSc & AH. For B. Pharmacy the candidate should have studied Mathematics at 10+2 level (Class XI marks not to be included).

ii) BE and B.Sc (Dairy Technology): At least 60% each or more in Physics (P), Chemistry(C) and Mathematics (M) in 10+2 or equivalent examination (Class XI marks not to be included).

iii) Candidates appearing in Plus 2 Examination during the year 2011 may also apply in anticipation of their results. Their selection will, however, depend on fulfilling the above criteria of eligibility. Results of the qualifying examination should be made available to the Embassy latest by **June 30, 2011** or one week after publication of Class XII results, whichever is earlier, failing which the candidature is likely to be cancelled.

**2. Age Limit.** As on **July 1, 2011,** applicants should be between **17** and **22** years of age for all undergraduate courses.

**3. Selection Process.**

i) Selection will be based on a qualifying

examination conducted by the Embassy. **However, nomination of a name by the Embassy does not guarantee admission to any Indian colleges/ universities for the above courses. Confirmation of admission by the Embassy will be given only after receipt of the same from the concerned Indian University.**

ii) 50 percent of the seats will be reserved for candidates from districts identified by Government of Nepal as educationally disadvantaged districts.

iii) **The short-listed candidates will be informed through Indian Embassy website. They are advised to interact solely with the Education Wing, Embassy of India, Kathmandu and CGI, Birgunj for admission related matters. The candidates should indicate their address and contact telephone/mobile numbers/ e-mail address clearly on the data-sheet. Any change in address / telephone/ mobile numbers should also be intimated immediately through letter.**

4. CANDIDATES BELONGING TO DHANUSHA, MAHOTTARI, SARLAHI, RAUTAHAT, BARA, PARSA, MAKWANPUR AND CHITWAN MAY SEND THEIR APPLICATIONS TO CONSULATE GENERAL OF INDIA, SHREEPUR, BIRGUNJ. HOWEVER, CANDIDATES FROM ABOVE DISTRICTS PRESENTLY RESIDING IN KATHMANDU MAY SUBMIT THEIR APPLICATIONS TO EDUCATION WING, EMBASSY OF INDIA, KATHMANDU. SIMILARLY, STUDENTS FROM DISTRICTS OTHER THAN THE AFOREMENTIONED ONES PRESENTLY RESIDING IN THE ABOVE MENTIONED DISTRICTS MAY SUBMIT THEIR APPLICATIONS AT CONSULATE GENERAL OF INDIA, SHREEPUR, BIRGUNJ.

5. MBBS is a self-financing course and candidates should indicate their willingness for joining self-financing course in the data-sheet clearly. **Change from self-financing to scholarship is not possible. Candidates applying for self financing course will have to abide by the fee structure/regulation of the concerned universities/colleges granting admission to them.**

**6. Instructions for filling Data-Sheet.**

i) Data sheet may be downloaded from the Indian Embassy website **www.indianembassy.org.np.** The data sheet should be filled in legibly, preferably typed, and should be submitted in five copies to either Embassy of India, Kathmandu or Consulate General of India, Birgunj.

ii) Candidates can opt for a maximum of any two courses only. Data Sheets with more than two options are liable to be rejected.

iii) Candidates should affix latest attested photographs in the space provided in the data sheet and attach attested (College Principal/ Govt. Gazetted Officer) photocopies of citizenship certificate and mark sheet of Class XII only. Those candidates who are in possession of citizenship certificate should submit their parent's citizenship certificate. **Originals need not be attached at this stage.** At the time of final selection candidates have to furnish citizenship certificate **duly attested by Ministry of Foreign Affairs, Nepal.** Data-Sheet may be submitted personally or by post to the office of Attaché (Education), Embassy of India, Kathmandu or to Consulate General of India, Shreepur, Birgunj along with the original counter foil (Bank Voucher) showing that the application fee of Rs.400/- has been deposited in **Account No.17725240000335** of Nepal SBI Bank, Kathmandu (Fee once deposited will not be refunded or adjusted). Outstation applicants may send Account Payee Demand Drafts in favour of Attaché (Education), Embassy of India, PO Box – 292, Kapurdhara Marg, Kathmandu or Consulate General of India, Shreepur, Birgunj, not later than **March 04, 2011**. Forms will be accepted on all working days between 1000 hrs to 1200 hrs. Application fee once deposited will not be refunded or adjusted in any case to the candidate.

iv) Submission of incorrect information by the candidate may result in forfeiture of the scholarship at any stage.

विश्लेषण

डा. विद्यानाथ कोइराला



# खाने तालिम र बन्ने तालिम

**पश्चिमा बुद्धिलाई ब्रह्मवाक्य मान्यौं। बुद्धि उताको, प्रयोग यता। त्यही औपनिवेशिक विक्षिप्तता अझै छ। तालिमदाताहरू तिनै हौं। त्यसैले तालिम दिँदा सन्दर्भ हेर्दैनौं। तालिम खानेले पनि केही बोल्दैनौं। खुपुखुपु खान्छौं। बालकेन्द्रित शिक्षण गर्दा बच्चासँगै नाच्छौं। घरमा बाबु–आमा नाचेनन्। शिक्षक नाचे। विद्यार्थी अचम्ममा परे। पार्‍यौं।**

घोत्लिएर हेरौं– सबै तालिम दिँदा रहेछौं। लिँदा रहेछौं। कहिले व्यक्तिबाट। कहिले समूहबाट। कहिले संस्कार बाट। कहिले संरचनाबाट। व्यक्तिले तालिम दियो– समूहले साथ दिएन। तालिम खेर गयो। समूहले तालिम दियो– व्यक्तिले रुचाएन। फेरि पनि बर्बाद भयो। संस्कारले एकथरी तालिम दियो– व्यक्ति र समूहले अर्कोथरी। दुईथरीको तालिम मिलेन। दोठ्याङ पर्‍यो। व्यक्तिले छोडिदियो। संरचनाले तालिम दियो। संस्कारले सहेन। व्यक्तिले लिएन। सुन्यो। स्वीकारेन। शिक्षक तालिम कक्षाकोठामा नपुगेको यत्तिले हो। को फेल भयो त? तालिम दिनुपर्छ भन्ने सिद्धान्तकारहरू? संज्ञानवादीहरू (Cognitivists)? व्यवहारवादीहरू (Behaviorists)? आदर्शवादीहरू (Idealists)? संरचनावादीहरू (Structuralists)? तालिम दिने व्यक्ति/समूह/संस्कार/संरचना? लिने व्यक्तिहरू? के सञ्चार (Communication) फेल भएको हो त? सम्बन्ध फेल भएको हो त? तालिम दिने शैली फेल भएको हो त? यत्तिका धेरै पक्षलाई फेलको सूचीमा राख्दाराख्दै पनि किन तालिम मौलाएको त? जेमा पनि तालिम। यो विरोधाभास किन?

## तालिम र स्वतालिम

तालिमको विकल्प स्वतालिम हो। आत्मानुशासन। आदर्शवादीले भन्ने गरे जस्तो। स्वव्यवहारको अवलोकन। अनुशीलन। व्यवहारवादीले सोचे जस्तो। पेशागत संस्कारको खोजी। संस्कारवादीले बुझे जस्तो। आफ्नै संरचनाको विकल्पको खोजी। संरचनावादीले रोजे जस्तो। आफैंभित्रको खोजी। आध्यात्मवादीले चाहे जस्तो। के शिक्षकहरू त्यसतर्फ सोच्न सक्छौं त? सक्छौं भने हामी आफ्नो विकल्प आफैं हुन्छौं। तालिमकर्ता आफैं हुन्छौं। सम्बन्ध पनि खोज्नु नपर्ने। सञ्चार पनि पहिल्याउनु नपर्ने। आत्मसम्बन्धमै तालिम। आत्मसञ्चारमै तालिम।

खलासीले ड्राइभरलाई गुरु ठान्यौं। उसको आदर्श सिक्यौं। कसरी बोल्छ– टिप्यौं। कसरी गाडी मर्मत गर्छ, हेर्‍यौं। कसरी मानव सम्बन्ध राख्छ– स्वीकार्‍यौं। यो तरिकाले शिक्षकलाई आदर्श व्यक्ति खोजाउँछ। खलासीको गुरु ड्राइभर जस्तो। के यो विधि अपनाउने हो? दोस्रो कडीले स्वानुशीलन गर्छ। आफूले गरेको आफैं हेर्ने। प्रत्याभूति (Reflection) बाट स्वानुशीलन। ऐनामा आफूलाई हेरेर स्वानुशीलन। स्वपरीक्षण (Self-experiment) बाट स्वानुशीलन। हिजो किताब हेरेर पढाएँ। आज किताब नहेरी पढाउँछु। हिजो ठूला कुरा पढाएँ। आज घरायसी गन्थनबाट पढाउँछु। हिजो विषय छुट्याएर पढाएँ। आज विषय जोडेर पढाउँछु। के फरक पर्दोरहेछ? मेरो प्रश्न, मेरै उत्तर। के यो तरिका लागू गर्ने हो?

तेस्रो कडीले अर्काको आँखामा आफूलाई हेराउँछ। हिजो र आजको तरिकामा के फरक पायौं? विद्यार्थीलाई सोध्ने। कुन तरिका गरौं? उनैसँग बुझ्ने। के यसो भन्न हामी चाहन्छौं? सक्छौं? चौथो कडीले साथीसँग तुलना गराउँछ। तपाईंको प्रस्तुति राम्रो। मेरो सामग्री राम्रो। उहाँको मूल्याङ्कन राम्रो। मेरो विषयप्रवेश राम्रो। तिम्रो बालसहभागिता र म्रो। उसको बहुविषयक अन्तरसम्बन्ध राम्रो। त्यसो भए सबैका राम्राहरूलाई मैले मेरै राम्रो बनाउन सकौंला? गरेर हेरौं न त! के हामीसँग यो मनोवृत्ति बन्न सक्छ? पाँचौं कडीले पेशेवर (Professional) शिक्षकको तरिका खोजाउँछ। इन्टरनेटमा खोजी। वेबसाइटमा खोजी। अध्ययन प्रतिवेदनमा खोजी। पत्रपत्रिकामा खोजी। खोजीको निचोडलाई व्यवहारमा कार्यान्वयन। के हामी त्यसतर्फ उन्मुख हुन सकौंला त? छैठौं कडीले हामीलाई अनुसन्धाता बनाउँछ। कुन विद्यार्थी कसरी सिक्छ भन्ने अनुसन्धान। त्यसलाई यसरी सिकाउँदा के होला भन्ने अनुसन्धाता। यसो गर्दा पाउलेफ्रेरेले भनेको चक्र (Praxis) हुन्छ। सोच्ने, गर्ने, फेरि सोच्ने, फेरि गर्ने। के हाम्रो पाइला त्यतातिर दौडाउने हो? सातौं कडीले हामीलाई आत्मविश्वासी बनाउँछ। प्रमाणित आत्मविश्वासी। मेरो आदर्शलाई म चुनौती दिन सक्छु भन्ने विश्वास। मेरो हिजोको शिक्षक तरिकामा यो खराबी थियो भन्ने विश्वास। मेरो शोधले मलाई यो थप शिक्षण सीप सिकायो भन्ने विश्वास। के त्यस्तो पेशेवर विश्वासी (Professional believer) बन्ने हो त?

## बन्ने रहर भए

टाउकोमा भारी बोक्नेले बिँडा बनायो । अनपढले बनाएको बिँडा । मधेशी बुद्धि । त्यही काम थाप्लोमा नाम्लो बोक्नेले गऱ्यो । खकन बनायो । तोक्मा पनि बनायो । पहाडी बुद्धि । हिमालीले अर्को बुद्धि ल्यायो । थाप्लोमा नाम्लोसँगै हातमा डोरी लिने । छुट्टै खाले बुद्धि । तालिम कसैले दिएन । आफैंले लिए । त्यसैले त्यो तालिम टिक्यो । समय अनुसार सहज पनि बन्न गयो । बनाउँदै लगियो । के ती अनपढको बुद्धि हामी शिक्षकले लिने हो त? त्यही बुद्धिले हामीलाई स्वतालिम गराउँछ । गुँदको ढकी बनाउने थारू महिलाले चकलेट र चाउचाउको खोलबाट ढकी बनाए जस्तो गरी । पाटको नाम्लो बुन्ने पहाडेले प्लाष्टिक बोराको नाम्लो बुने जस्तो गरी ।

रहरको अर्को सीमाले जिज्ञासु बनाउँछ । घरलाई किताब बनाउने जिज्ञासा । घरकिताब (Homebook) । घरका हर कुरा पढ्ने । तिनमा के छ भनी खोज्ने । कसौंडी र तसला, भदालो र ताप्के । तिनको निर्माणको सिद्धान्त के होला? तिनबाट कुन सूत्र बन्ला? भदालो र ताप्के निर्माणको सिद्धान्त एउटै हो कि भिन्नै? तिनीहरूबाट के के कुरा पढाउन सकिएला? फोसी र डेक्चीको बनोटले के के सिकाउन मिल्ला? सिक्न मिल्ला? भाषामा के? सङ्गीतमा के? गणितमा के? अर्थशास्त्रमा के? विज्ञानमा के? भूगोलमा के? समाजशास्त्रमा के? चुलेसी कति डिग्रीमा बनाइएको हो? आँसी नि? खुर्पेटो निर्माणको सिद्धान्त के होला? भुसा काट्ने मेसिनको नि? यस्ता कुरामा घोत्लिने हो त? हो भने स्वत: तालिम हुन्छ ।

रहर हुनेले ठाउँ बदल्छ । आफ्नो ठाउँ । विद्यार्थीको ठाउँ । यस अर्थमा 'विश्वप्रणाली सिद्धान्त'को चिन्तन जस्तो । सन्दर्भमा बुद्धि खोज्ने । बुद्धिलाई सन्दर्भमा मिलाउने । त्यसैको जस्तो केन्द्र र मोफसल बन्ने । बनिरहने । एकले अर्कोको दोहन गरिरहने । मेरो हिसाबमा चक्रीय हुने । डेरिडाको जस्तो उल्टाएर हेर्ने । पल्टाएर हेर्ने । उचालेर हेर्ने । पछारेर हेर्ने । बालबालिकाले कुकुरको पुच्छर र कान तानेर हेरे जस्तो । यो प्रक्रियाले प्रत्येक शिक्षकलाई प्याभलोभ बनाउँछ । कुकुरको ऱ्याल हेरेर सिद्धान्त बनाउन सक्ने । एकहाते गाईमा प्याभलोभ खोज्न सक्ने । एकै थलोमा बस्न रुचाउने विद्यार्थीमा पनि प्याभलोभ रहेछ भन्न सक्ने । जोन डिवे पनि बनाउँछ । आदर्शवाद र प्रकृतिवाद मिलाउन जान्ने । यसरी प्रत्येक शिक्षक आ-आफ्ना तालिमका स्रष्टा बन्न सक्छौं । सन्दर्भमा काम लाग्ने शिक्षक । सन्दर्भसँगै सिक्ने शिक्षक । जानेको सीपलाई सन्दर्भमा मिलाउन सक्ने शिक्षक ।

## अड्काउने तालिम

परम्पराले आदर्शबाट तालिम लियो । गुरु आदर्श । चेलाचेली त्यस्तै बन्ने । तालिम त्यही हो । प्रायोगिक गुरुले खोजमा लाए । बुद्धले मान्छे नमरेको घरबाट अन्न खोजाए जस्तो । सन्दर्भ बुझेका गुरुले 'सोहं ब्रह्म' सिकाए । ब्रह्म तिमी नै हौ । ज्ञाता तिमी नै हो । शिक्षाशास्त्र अध्ययन संस्थानले पश्चिमा बुद्धिलाई ब्रह्मवाक्य बनाइदियो । अध्ययन उतैको । बुद्धि उतैको । प्रयोग यता । त्यही औपनिवेशिक विक्षिप्तता (Colonial hangover) अझै छ । तालिमदाताहरू तिनै हौं । त्यसैले तालिम दिँदा लिनेको वैचारिक बनोट (Mental make-up) हेर्दैनौं । सन्दर्भ हेर्दैनौं । तालिम खानेले पनि केही बोल्दैनौं । खुपुखुपु खान्छौं । बालकेन्द्रित शिक्षण गर्दा बच्चासँगै नाच्छौं । घरकी आमा नाचिनन् । बाबु नाचेनन् । शिक्षक नाचे । विद्यार्थी अचम्ममा पऱ्यो । पाऱ्यौं । बालमैत्री तालिम दिँदा बच्चा पहिला भन्यौं । बाबुआमाले बच्चा रुवाउँदै गाईभैंसीलाई पानी दिएको देखेनौं । फेरि अल्मलियौं । स्कूलमा बालबालिका पहिला । घरमा गाईभैंसी । कुरो फेरि मिलेन । यही काम नयाँ तालिम भनिने समालोचनात्मक चिन्तन (Critical thinking) वालाले गऱ्यौं । पहिलो रणनीति कलम गिलासमा हाल्ने रे । बच्चा विना कलम स्कूल आउँछ । कक्षामा गिलास छैन । किन्न पैसा छैन । विकल्प तालिमले सिकाएको छैन । त्यसो हुँदा हाम्रो बुद्धि अलमलियो । गिलासको विकल्प के त? कलम नहुने बच्चाको लागि विकल्प के त? हाम्रा हर तालिमका दशा यिनै हुन् । अड्काउने दशा ।

अड्काउने अर्को बुद्धि शिक्षकसँगै रहेछ । अघिपछि सन्दर्भको कुरा गर्ने । तालिम दिनेले कार्डबोर्ड दिन्छ । कैंची दिन्छ । स्कूलमा जाँदा तालिम लिनेले पनि त्यही खोज्छ । खोष्टाको पिर्कामा तालिम दिन नजान्ने विज्ञ । कार्डबोर्डमा तालिम चाहिँदैन । माटोमा देऊ भन्न नजान्ने तालिम खान जाने अज्ञ । यी अज्ञ र विज्ञको बीचको संवादी अन्तराल अर्को अड्काउ हो । त्यसैले हर तालिम लिउन्जेल राम्रा हुन् । प्रत्येक नयाँहरू राम्रा । त्यसैले आई.एड., बी.एड. भन्दा दशमहिने राम्रा । दशमहिने भन्दा १० दिने राम्रा । दशदिने भन्दा बालमैत्री राम्रा । बालमैत्री भन्दा शान्ति तालिम राम्रा । शान्ति तालिमभन्दा सिटी तालिम राम्रा । हाम्रा शिक्षकको ध्यान विचार गर्न नसक्ने क्षमता नै अड्काउ बुद्धि हो त?

## निचोड

शैक्षिक इतिहासले भन्छ– हामीले धेरै तालिमहरू पैठारी गऱ्यौं । अमेरिकाबाट लाउवाक । ब्राजिलबाट फ्रेरे । बेलायतबाट भाषा शिक्षण । चीनबाट ड्रिल । रूसबाट समूहकार्य । अनुभवले भन्छ– सबैले काम गरे । उनीहरूको पैसा हुँदा । सुपरीवेक्षण हुँदा । संयन्त्र हुँदा । तदनुकूलको जनमानस हुँदा । उनले छोड्दा केही पनि रहेन । सिन्धुपाल्चोकको डाँडापाखाका घरहरू जस्तो । परियोजना छउन्जेल भव्य थिए । परियोजना गयो । अहिले डाँडा छ । पाखा छ । तर रौनक छैन । यो स्थितिले हामीलाई भन्यो– नेपाली समस्याकै आधारमा तालिम बनाऔं । चकलेटको खोलबाट ढकी बनाउने थारू महिलालाई सोधेर । प्लाष्टिक बोराबाट नाम्लो बनाउने पहाडेलाई सोधेर । त्यसको अर्थ हो– शिक्षकका समस्या बटुलौं । बटुलेका समस्याको समाधान खोजौं । त्यहीं । तिनै व्यक्तिसँग । विज्ञले तालिम नकोच्याऔं । अति भयो । अज्ञलाई सोधौं । हाजिरी गर्दा समय लाग्यो । समस्या हो । समाधान के होला? दुई मिनेटमा हाजिर गर्ने तरिका । विद्यार्थी स्वयंले हाजिर गर्ने तरिका । हाजिरै नगर्ने तरिका । विद्यार्थी नियमित भएनन् । समस्या हो– अनियमिततालाई पाठ दिने तरिका । पढ्न बाध्य गर्ने तरिका । घोकाउँदा बुझेन । समस्या हो । नघोकाइ बुझाउने तरिका के के हुन्? खोजौं । खोजाऔं । के यसतर्फ हामी शिक्षकहरू लाग्न सकौंला त? निकासीयोग्य तालिम बनाउने उपक्रम गर्न सकौंला त? पहाडबाट हिमाल पढाउने । हिमालबाट पहाड पढाउने । मधेशबाट पहाड र हिमाल पढाउने । हिमाल र पहाडबाट मधेश पढाउने । कतै यस्तो उपक्रम थाल्ने कि त?

चिन्तन

मुन्नेश कुमार र डा. जेपी बागची

# विद्यार्थीको व्यक्तित्व निर्माणमा शिक्षकको भूमिका

**शिक्षकहरू राष्ट्रिय संस्कृतिको फूलबारी सजाउने सिपालु बगैंचे मानिन्छन् । उनीहरू संस्कृति र संस्कारका जरामा मल हाल्छन् र आफ्नो श्रम र पसिनाले सिञ्चन गरेर तिनलाई जीवन्त र शक्तिशाली बनाइदिन्छन् । यहाँ संस्कार र संस्कृतिका जरा भनेका विद्यार्थी हुन् । पूर्वीय संस्कृतिमा शिक्षकलाई एक आध्यात्मिक नेता तथा समाज सुधारकको मान्यता दिनुको मूल आधार नै यही हो ।**

**तर आजको विज्ञान र प्रविधिको चहकिलो युगमा शिक्षकहरूको छवि भने गिर्दो छ । उनीहरूले बालबालिकाहरूमा सुसंस्कार र आदर्शका मूल्य रोपण गरेर मात्रै आफ्नो हैसियत र छवि सुधार्न सक्छन् । संस्कारयुक्त युवाशक्तिको उदय भएर देशको फूलबारी सुगन्धित हुन थाल्यो भने मात्र शिक्षकहरूले आफ्नो परिश्रमको उचित प्रतिफल पाउन सक्छन् । देशै मगमग हुन थालेपछि शिक्षकको आत्मा स्वतः आनन्दविभोर हुन्छ ।**

भारतीय विद्वान डा. राधाकृष्णनले आजभन्दा पाँच दशकअघिको विश्व समाजको विश्लेषण गर्दै भनेका थिए– "हामीकहाँ मात्र होइन, सम्पूर्ण विश्वमा देखा परिरहेको नैतिक विचलनको एउटा कारण शिक्षामा आएको विकार हो । शिक्षाको सम्बन्ध नैतिक र आध्यात्मिक मूल्य-मान्यतासँग नहुनु नै यो समस्याको जड हो । आजको शिक्षा फगत मस्तिष्क विकासको माध्यम बन्न पुगेको छ ।"

उनले त्यतिवेला बोलेको सत्य आज हामी भोग्दैछौं । विज्ञान र प्रविधिको शक्तिले विश्व समाज र हाम्रो जीवनका प्रत्येक पक्षलाई प्रभावित गरेको छ । शिक्षा क्षेत्र अपवाद रहन सक्ने कुरा थिएन । आज ज्ञान र सूचनाको भण्डार त खुलेको छ तर यहीवेला शिक्षक र विद्यार्थीको सम्बन्ध कक्षाकोठाको औपचारिकतामा सीमित हुनपुगेको छ । उनीहरूबीचको हार्दिकता क्षय भएको छ । विद्यार्थीप्रतिको हार्दिक भावनाका कारण पहिलेका शिक्षकहरू विद्यार्थीको व्यक्तित्व निर्माण गर्ने कार्यलाई आफ्नो सर्वोच्च कर्तव्य र उपलब्धि ठान्दथे । त्यसनिम्ति उनीहरू आफ्ना विद्यार्थीलाई सर्वगुणसम्पन्न बनाउन अथक् परिश्रम गर्दथे । राम जस्ता आदर्श व्यक्तित्व र अर्जुन जस्ता वीर धनुर्धारी बनाउन पाउनुमा त्यतिवेलाका शिक्षकहरूलाई गर्व हुन्थ्यो । त्यसैले उनीहरू 'आदर्श शिक्षक' कहलिन पुगेका थिए । कबीरले आफ्ना गुरुलाई ईश्वर भन्दा पनि महान भनेका थिए । अज्ञानको अन्धकारबाट उज्यालो क्षितिजमा लैजाने शिक्षक नै उनका लागि सर्वपूज्य थिए । त्यस हिसाबमा कबीर एक आदर्श विद्यार्थी थिए । हिजो शिक्षकहरूले सद्गुण सिकाउँथे, विद्यार्थीहरू सद्गुणी हुने लक्ष्य साधना गर्दथे । तर यी दुवै भावना आज छैनन् । यही हो फरक हिजो र आजको शिक्षाको प्रयोजनमा ।

ज्ञानको दायरा; सेवा भावना र विद्यार्थीप्रतिको लगावका दृष्टिले आजका शिक्षकहरू हिजोका गुरु समान छैनन् । त्यसै भएर तिनलाई 'गुरु' भनी सम्बोधन पनि गरिएको छैन । तर शिक्षकमा गुरुपन लोप भएकै परिणामस्वरुप आजका विद्यार्थीहरूमा इमानदारी, सरल जीवन, मैत्री; आचरण, अग्रजहरूको सम्मान गर्ने बानी, अध्ययनमा लगाव, सेवा भावना एवं देशप्रेम जस्ता विशेष गुणहरू समेत लोप भएका छन् । विद्यार्थीले आफ्ना शिक्षकबाट यी कुराहरू सिक्नै पाएका छैनन् भने कसरी आफूमा विकसित गरुन् !

आज विद्यार्थीहरूमा अनुशासनहीनता, अराजकता र त्यस्तै अरू असामाजिक व्यवहारहरू विकसित भएको गुनासो गर्ने गरिन्छ । एक हिसाबले यो ठूलो समस्या पनि बनिसकेको छ । पहिलेका गुरुहरूले आफ्नो आचरण शुद्धिद्वारा विद्यार्थीहरूलाई सामाजिक मूल्यको शिक्षा दिन्थे– आफैं उदाहरण बनेर । त्यसवेलाका गुरुकुल, पाठशाला वा मदरसामा सामाजिक मूल्य पढाउने छुट्टै किताब हुँदैनथ्यो । त्यो कामको जिम्मेवारी शिक्षकले स्वतः वहन गर्दथे । आज हामीसँग किताब त प्रशस्त छन् तर सदाचार पढाउने गुरु छैनन् । किताबले गुरुको काम गर्न सक्तैन । यहींनेर फरक भेटिन्छ, आजको र हिजोको शिक्षा अनि त्यसको उत्पादनमा । किताबले गुरु विस्थापन गरेपछि गुरुको जिम्मेवारी रहेन र महत्त्व पनि घटेर गयो । यो राम्रो लक्षण होइन । यसैकारणले अहिले सामाजिक मूल्य प्रवाह गराउने शिक्षा पद्धतिको आवश्यकता छ भनिएको हो ।

> **आफ्ना समस्याका पोका देखाएर शिक्षकहरू आफ्नो गुरुत्तर दायित्वबाट विमुख हुन कदापि पाउँदैनन् । किनभने, उनीहरूको काँधमा रहेको राष्ट्रका कर्णधारहरूको व्यक्तित्व निर्माणको दायित्व अन्यत्र सार्न सम्भव नै छैन ।**



रविन सायमि

आज पनि आध्यात्मिक नेता समानका त्यस्ता गुरुको खाँचो छ जसले समाजलाई वास्तविक अर्थमै पथ-प्रदर्शन गर्न सकून् । पथप्रदर्शक विना पाथेयको लक्ष्य प्राप्ति सम्भव हुँदैन ।

गुरु हुनुको अर्थ हो, समाज परिवर्तनको अभिभारा वहन गर्नु । आजका शिक्षकलाई त्यस मार्गमा अभिमुख गर्नु जरुरी छ । शिक्षकलाई आफूहरू जनसेवा कार्यमा लागेको छु भन्ने कुरामा विश्वस्त तुल्याउन सक्नुपर्छ । भारतीय विद्वान श्री अरविन्दले भन्नुभएको थियो, "शिक्षकहरू राष्ट्रिय संस्कृतिको फूलबारी सजाउने सिपालु बगैंचे हुन् । यिनले विद्यार्थीहरूमा सांस्कारिक आत्मानुशासन हुर्काउन मलजल गर्छन्, अनि आफ्ना पसिनाले सिञ्चन गरेर तिनलाई महाप्राण शक्ति बनाइदिन्छन् ।"

कोलम्बिया युनिभर्सिटीका प्रख्यात शिक्षक गिलवर्ट हाईघेटले एक पुस्तक लेखेका थिए– *शिक्षण कला (आर्ट अफ टिचिङ १९५२, न्यूयोर्क)* । यो ज्यादै चर्चित र उपयोगी रह्यो । पुस्तकमा उनले शिक्षकको परिभाषा यसरी दिएका थिए, "एउटा असल शिक्षक त्यस्तो व्यक्तित्व हो जसमा एउटा असल पुरुष वा महिलामा हुने गुणहरू विद्यमान हुन्छन्, ऊ विनोदप्रिय र उदार हुन्छ, उसको स्मरणशक्ति राम्रो हुन्छ । उसमा आफ्नो विषयको राम्रो ज्ञान त हुनु पर्छ नै। ऊ आफूसँग भएको ज्ञान अनुसारको आचरण पनि गर्दछ, अनि आफ्ना विद्यार्थीहरूसँग सदासर्वदा स्नेही भाव राख्छ ।" यस्ता गुण भएका शिक्षकहरूको अभाव दिन पर दिन बढ्दै गइरहेको छ । देशको भावी पिँढीलाई संस्कार दिनुपर्छ भन्ने भावना र प्रतिबद्धता भएका शिक्षकको कमी नै अहिलेको बिडम्बना हो ।

आजका शिक्षकहरू अनेकन समस्यामा जेलिएका छन्, यसमा शङ्का छैन । तर यसको मतलब आफ्ना समस्याका पोका देखाएर शिक्षकहरू आफ्नो गुरुत्तर दायित्वबाट विमुख हुन पाउँछन् भन्ने कदापि होइन । बरु, शिक्षकहरूले आफ्नो कार्यशैली र छवि सुधार्नतिर लाग्नैपर्छ किनभने उनीहरूको काँधमा रहेको राष्ट्रका कर्णधारहरूको व्यक्तित्व निर्माणको दायित्व अन्यत्र सार्न सम्भव नै छैन ।

युग परिवर्तनसँगै विद्यार्थीहरूको सोच्ने र बुझ्ने शैलीमा पनि परिवर्तन आएको छ । आजका विद्यार्थीहरू उपदेश सुन्न मन पराउँदैनन् । यसकारण शिक्षकले नैतिकता, सद्चरित्र वा अन्य ज्ञानको बारेमा विद्यार्थीसामु लामा-लामा लेक्चर दिन छोडेर आफ्नो चरित्र र व्यवहार अनुकरणीय बनाउनेतिर लाग्नुपर्छ । विद्यार्थीहरूलाई चारित्रिक गुण सिकाउने सबैभन्दा उत्तम उपाय नै यही हो । शिक्षकले कक्षा लिइरहेको वेला धेरैजसो विद्यार्थीका आँखा शिक्षककेन्द्रित हुन्छन् । त्यतिवेलै विद्यार्थीले शिक्षकलाई विभिन्न कोणबाट मूल्याङ्कन गरिरहेका हुन्छन् । उनीहरूले शिक्षकको विद्याशक्ति मात्र होइन, उसको हाउभाउ र तौरतरिका, पोशाक आदिमा पनि आँखा लगाइरहेका हुन्छन् । ती सबबाट प्रभावित भए भने मात्र कक्षा सकिएपछि पनि विद्यार्थीहरू आफ्नो शिक्षकसँग थप मार्गनिर्देशन लिन आउँछन् । जबसम्म विद्यार्थीहरूमा शिक्षकप्रति आदरभाव विकसित हुँदैन तबसम्म त्यस शिक्षकबाट विद्यार्थीले सिक्न सक्तैनन् । त्यसकारण पनि शिक्षकहरूले विद्यार्थीसँग सहृदयी हुनु आवश्यक हुन्छ ।

शिक्षकहरूले जाति, धर्म, लिङ्ग, आर्थिक, राजनीतिक र सामाजिक आधारमा कुनै पनि किसिमको भेदभाव राख्नुहुँदैन । तर हाम्रा शिक्षकहरूलाई उनीहरूको उत्तरदायित्वका बारेमा केही बताइएकै छैन– यो हाम्रो शिक्षा प्रणालीको ठूलो कमजोरी हो । शिक्षाको मूल उद्देश्य जिम्मेवार, कर्तव्यनिष्ठ र चरित्रवान नागरिक उत्पादन गर्नु हो भन्ने कुरा शिक्षकहरूलाई जसरी बुझाउनुपर्ने थियो, बुझाइएको छैन । यथेष्ट असल नागरिक उत्पादनमा शिक्षकहरूको पर्याप्त ध्यान जान नसक्नुको एउटा कारण यो पनि हो । जबकि जुनसुकै राष्ट्रको विकास र सुरक्षा

उसका चरित्रवान नागरिकमा निर्भर हुने गर्दछ ।

अमेरिकाका समाज सुधार अभियानकर्ता मार्टिन लुथर किङ (जुनियर)ले स्पष्ट भनेका थिए– कुनै पनि राष्ट्रको सम्पन्नता न त धेरै राजस्व सङ्कलन गरेर हुन्छ न सदृढ सुरक्षा व्यवस्था वा सुन्दर सरकारी भवन बनाएर हुन्छ; देशमा साँच्चिकै सम्पन्नता त त्यहाँका प्रबुद्ध, सुशिक्षित एवं चरित्रवान नागरिकहरूबाट आउँछ । यिनै मानिसमा मात्र देशको सच्चा हित र शक्ति रहेको हुन्छ ।

देश र समाजले चरित्रवान व्यक्तिहरूको छायाँमा मात्र आफूहरूलाई सुरक्षित महसुस गर्छन् । यही कारणले असल र सच्चा नागरिक निर्माणमा शिक्षकहरूको भूमिकालाई सुदृढ बनाउनु अति आवश्यक छ । शिक्षकहरूले नै विद्यार्थीहरूलाई नेकी बदीको ज्ञान दिइरहेका र संस्कारवान नागरिकमा परिणत गरिरहेका हुन्छन् ।

हाम्रो दुर्भाग्य ! हाम्रो देशमा शिक्षा दिने कामलाई व्यक्तित्व निर्माणको कामसँग जोडिएकै छैन । आजसम्म जे जति भएका छन् ती सबै कागजी घोडा भएका छन् । परिणामतः बढ्दो साक्षरतासँगै उच्छृङ्खल जमात बढिरहेको छ । यस्तो पिँढीलाई देशको मूल्य-मान्यता वा संस्कृति-संस्कारसँग कुनै चासो नै छैन ।

हाम्रो शिक्षा नीतिले देशको साझा सांस्कृतिक धरोहर तथा समानतावादी लोकतन्त्रको रक्षा गर्नुको साथै वैज्ञानिक दृष्टिकोणलाई अघि बढाउने पवित्र उद्देश्य लिएको छ । तर विद्यार्थीलाई त्यस्तो शिक्षा चाहिँ दिइएको छैन । अरू यथार्थ त के हो भने; देशको पहिचान खुल्ने गरी सामाजिक मूल्यमान्यता कायम राख्ने प्रतिबद्ध नागरिक उत्पादन गर्ने पाठ्यवस्तु नै छैन । यस्तो स्थितिमा भावी पिँढीलाई चरित्र निर्माण र कर्तव्यनिष्ठताको पाठ कसले पढाउने ? कोरा सरकारी नीतिले मात्रै त काम गर्दैन ! यसकारण पनि शिक्षकहरू अरू बढी जिम्मेवार हुनु आवश्यक छ । उनीहरूले आफ्ना प्रयासबाट विद्यार्थीहरूलाई जीवन मूल्य, त्याग, समर्पण, स्वाध्याय, नियमितता, निष्पक्षता, आत्मीयता, इमानदारी, ज्ञानपिपासा जस्ता कुरा सिकाइदिनुपर्छ जुन ज्ञानको अनुसरण गरेर विद्यार्थीहरूले सत्य, सेवा, मानवप्रेम, त्याग, कर्तव्यनिष्ठता, आत्मबल तथा विवेकशीलता जस्ता गुण विकास गर्न सकून् । उनीहरूको शक्ति बढ्न सकोस्, हौसला बढोस् र देश निर्माणको काम गर्न सकून् ।


विद्वान राधाकृष्णनले सही नै भनेका थिए– चरित्रले भविष्य निर्माण गर्दछ । चरित्रवान नागरिकमै देशको भविष्य निर्भर हुन्छ । कमजोर चरित्र भएका नागरिकले उन्नत देश बनाउन सक्तैनन् । देशको विकास र संस्कार संचयनका लागि उच्च चरित्र भएका नागरिकहरू आवश्यक पर्दछन् । चरित्रवान नागरिकको भूमिका देश निर्माणका लागि अतुलनीय हुन्छ । नागरिकको चरित्र निर्माणद्वारा नै देशको चरित्रको विकास गर्न सकिन्छ । चरित्र निर्माणको दायित्व विनाको शिक्षा र पवित्रता विनाको चरित्र दुवै अर्थहीन हुन्छन् ।

**सरलीकृत अनुवादः हस्त गुरुङ**

*(शिक्षा-विमर्श, फेब्रुअरी-मार्च, ०३)*




"म निर्धक्क छु ।"
-किनकी मेरो नानीहरुको EICHER School Bus
सुरक्षित, भरपर्दो र आरामदायी छ ।
EICHER
BUSES
• निःशुल्क एक वर्ष बिमा
• कम्पनीबाटै निर्मित पूर्ण स्वरुप
• चालु आर्थिक वर्षको कर भुक्तानीसहित
• तीन वर्षसम्म असिमित कि.मी वारेन्टी
EICHER
एक कल समस्या हल
ORGANISATION
www.batas.org.np
EASTERN MOTORS
P.O. Box No: 19715, Gairidhara, Kathmandu.
Tel: 4004626, 4004627, 4004628
Fax: 4004625
Email: eastern@batas.org.np


journey to excellence...
यस प्रकाशनद्वारा आगामी शैक्षिकसत्रका लागि प्रकाशन भईरहेका नयाँ पुस्तकहरू
Speedy Maths – Class A to 10
Read Me English – Book A to 8
Computer Science For All – Book 7 & 8
सरकारी विद्यायहरूकालागि अङ्ग्रेजी भाषामा प्रकाशन भईरहेका पुस्तकहरू
Science - 1 to 5
Social Study – 1 to 5
English - 1 to 5
Math – 1 to 5
नेपाली १ देखि ५ सम्म
यस प्रकाशनद्वारा पछिल्लो पाठ्यक्रम अनुरूप परिमार्जित पुस्तकहरू
Health, Population and Environment - Class 9 & 10
Population and Environment - Class 6 to 8
Science in ACtion with Health and Physical Education – Class 1 to 5
Read Me ENGLISH
SPEEDY MATHS B
SPEEDY MATHS A
united
United Nepal Publication (P) Ltd.
Vanasthali, Kathmandu, Nepal
Tel: 01-2022272, 4385020 Fax: 977-01-4357857
Web site: www.unitednepalpublication.com

# नेपाल टेलिभिजनको साढे दुई दशक
# नेपालमा टेलिभिजन प्रसारणको पच्चीस वर्ष

25

Silver Jubilee Year 2010

विश्वसनीय समाचार

भाषिक-सांस्कृतिक विविधताको सजीव तस्बिर

स्वस्थ मनोरञ्जन

स्वतन्त्र आमसञ्चार: बहुलवादको प्रतिबिम्ब

समग्र नेपालको आवाज

नेपाली टेलिभिजन च्यानहरुबीचको प्रतिस्पर्धामा अग्रणी, अगुवा र अथक

# केले 'महान्' बनाउँछ शिक्षकलाई ?

शिक्षाको गुणस्तरका बारेमा भएका धेरै अनुसन्धानहरूको निष्कर्ष छ, शिक्षाको गुणस्तरलाई प्रभावित पार्ने एउटै कुरा छ- त्यो हो, शिक्षकहरूको स्तर। शिक्षक सुयोग्य छन् भने तिनको शिक्षण स्वाभाविक रूपमै स्तरीय हुन्छ र विद्यार्थी पनि योग्य हुन्छन्।

यति भइकन पनि शिक्षकलाई 'सुयोग्य' बनाउने कुरा के के हुन् भन्ने कुराको जवाफ सजिलो छैन। पढाउनु सजिलो कुरा होइन र यता आएर यो काम अरू जटिल भएको छ किनभने अहिले 'शिक्षा' भनेको सिक्ने र सिकाउने कुरामा मात्र सीमित रहेको छैन। यसमा राजनीतिक हस्तक्षेप, बजार, भ्रष्टाचार, अराजकता र दण्डहीनता पनि घुसेको छ।

एउटा सुयोग्य शिक्षकमा शिक्षा क्षेत्रका विकृतिहरूलाई जित्ने नैतिक क्षमता हुनुपर्छ। 'मैले मात्र के गर्ने, सबैतिर यस्तै छ' भन्ने शिक्षकले आफूजस्तै विद्यार्थी उत्पादन गर्छ। तर 'अरूले जे गरे पनि म राम्रो गर्छु' भन्ने शिक्षकले उच्च मनोबलयुक्त सफल व्यक्तिहरूको 'आदर्श' बन्ने सौभाग्य पाउँछ। तर त्यतिले मात्र पुग्दैन, राम्रो शिक्षक बन्नका लागि राम्रोसित पढाउन पनि जान्नै पर्छ।

राम्रोसित पढाउनका लागि विषयवस्तुका बारेमा व्यापक ज्ञान चाहिन्छ। शिक्षकले पाठ्यक्रम र त्यसका उद्देश्यहरूलाई राम्रोसित बुझेको छ भने मात्र उसको ज्ञानको सदुपयोग हुनसक्छ। एउटा सुयोग्य शिक्षकमा नयाँ-नयाँ कुरा जान्ने गहिरो रुचि र अध्ययनप्रतिको लगाव हुन्छ। ऊ त्यस्तो उत्सुकता विद्यार्थीमा पनि जगाउन सक्षम हुन्छ। शिक्षकले बालबालिकालाई माया गर्न र आफ्नो प्रयत्नबाट उनीहरूको जीवनमा परिवर्तन आउँछ भन्ने कुरामा विश्वस्त हुनुपर्छ।


एउटा शिक्षकको सही योग्यता उसको शैक्षिक योग्यताको प्रमाणपत्र वा अनुभवको फेहरिस्तबाट भन्दा पनि निम्न गुणहरूबाट राम्रोसँग बुझ्न सकिन्छ-

- योग्य शिक्षक अध्ययनशील हुन्छन्। उनीहरू आफूले पढाउने विषयमा राम्रो जानकारी राख्छन्। उनीहरूसित स्पष्ट र लिखित उद्देश्यहरू हुन्छन्। पाठयोजना बनाएर मात्र कक्षामा जान्छन्। उनीहरू विद्यार्थी पढाउने मात्र काम गर्दैनन्, सिकाएरै छोड्छन्।
- योग्य शिक्षकले विद्यार्थीलाई नियमित रूपमा नयाँ कुरा सिक्ने र त्यसको अभ्यास गराउने खालका गृहकार्य दिन्छन्, गृहकार्य गरे-नगरेको कुरामा ध्यान दिन्छन् र समयमा नै गृहकार्य राम्रोसँग जाँचेर विद्यार्थीले जान्न र बुझ्न बाँकी देखिएको कुरा दोहोर्‍याएर सिकाउँछन्।
- योग्य शिक्षकले विद्यार्थीहरूमा महत्त्वाकाङ्क्षा जगाइदिन्छन्। उनीहरू विद्यार्थीले साँच्चै नै केही गर्छन् भन्ने कुरामा विश्वास पनि गर्छन्।
- योग्य शिक्षकले विद्यार्थीलाई व्यस्त राख्छन् र एउटै कुरालाई पनि विभिन्न कोणबाट हेर्न प्रेरित गर्छन्। उनीहरू तथ्यबाट कुरा शुरु गर्छन् र 'किन त्यस्तो भयो' भन्ने तर्क गर्दै विद्यार्थीको विश्लेषण क्षमता अभिवृद्धि गराउँछन्। उनीहरू प्रश्न गरेर विद्यार्थीले बुझे/नबुझेको थाहा पाउने प्रयास गर्छन्।
- योग्य शिक्षकले जान्ने विद्यार्थीलाई मात्र नभएर कक्षाका सबैलाई सिकाइ-प्रक्रियामा सहभागी गराउँछन्। विद्यार्थीको चाख र ऊर्जा बढाउँदै जानु यस्ता शिक्षकको सबभन्दा मुख्य विशेषता हो।
- योग्य शिक्षकले विद्यार्थीसित मित्रवत् व्यवहार गर्छन्। उनीहरूले विद्यार्थीलाई बालबालिकाका रूपमा माया मात्र गरेर पुग्दैन, उनीहरूलाई एउटा व्यक्तिका रूपमा यथोचित आदर पनि गर्नुपर्छ भन्ने कुरा बुझेका हुन्छन्।
- योग्य शिक्षकले कुनै विद्यार्थीलाई तोकेर पटक-पटक गाली, घोचपेच वा नकारात्मक टिप्पणी गर्दैनन्।
- योग्य शिक्षक ठीक समयमा स्कूल वा कक्षाकोठामा आउँछन् र स्कूलबाट फर्किन हतार गर्दैनन्। उनीहरू आफूले पढाउने कक्षालाई व्यवस्थित राख्न र विद्यार्थीको ध्यान अन्त जान नदिने कुरामा हरदम सचेत रहन्छन्।
- योग्य शिक्षकले विद्यार्थीको प्रगति विवरण अभिभावकलाई पठाउँछन्। त्यस्तो चलन छैदैछैन भने विद्यार्थीका बाबुआमासित सम्पर्क गरेर विद्यार्थीको प्रगतिका बारेमा कुरा गर्छन् र बाबुआमाका सुझाव र गुनासाहरू सुनेर सम्भव भएसम्म त्यसको पालना गर्छन्।

यो सूचीले धेरै कुराको माग गरेको छैन। यसमा जे जति योग्यताहरूको चर्चा गरिएको छ ती शिक्षकहरूमा नभएका कुरा होइनन्। अध्ययनशीलता, पेशाप्रतिको गौरव र विद्यार्थीको भविष्यप्रतिको चासो र चिन्ता भएका हजारौं शिक्षकहरूलाई यो सूचीले आफू एउटा गजबको, सुयोग्य वा 'महान्' शिक्षक भएकोमा विश्वस्त तुल्याउन सक्छ। बाँकी केहीलाई यसले आफ्नो क्षमता र आदतमा सुधार गरेर सुयोग्य शिक्षक बन्न प्रेरित गर्न सक्छ।

http://www.greatschools.org/improvement/quality-teaching
**मा प्रकाशित सामग्रीमा आधारित**

डा. तीर्थबहादुर श्रेष्ठ



# हरि भन्नु नै हरिया पात !

**प्राणीहरूका लागि खाना तयार हुने भान्छाघर रूख बिरुवाका हरिया पात हुन् । सास फेर्न आवश्यक पर्ने अक्सिजन निर्माण हुने फ्याक्ट्री पनि तिनै हुन् । हामीले सास फेर्दा, आगो बाल्दा, सवारी साधन गुडाउँदा उत्सर्जन हुने अधिक कार्बनडाइअक्साइड सोस्ने उपकरण पनि हरिया पात नै हुन् । अर्थात् हरि भन्नु नै हरिया वनस्पतिका हरिया पात !**



असङ्ख्य ग्रहगण र ताराहरू बीच पृथ्वीमा मात्र जीवित प्राणीको बसोबास छ । यस ग्रहमा कति जीवात्मा बाँचेका छन् हामीलाई यकिन थाहा छैन । वैज्ञानिकहरूको अनुमान छ- पृथ्वीमा हाल विभिन्न प्रजातिका तीन करोड जीव, प्राणी र वनस्पति बसोबास गर्दछन् । तीमध्येको एक प्रजाति मानिस हो र त्यही एक प्रजातिको सङ्ख्या पनि आजभोलि साढे ६ अर्बभन्दा बढी पुगिसक्यो ।

के मानिस, के पशु, के पन्छी, के वनस्पति सबै प्राणधारी जीवात्मालाई आहारा चाहिन्छ । विना आहारा कोही बाँच्न सक्दैन । र, प्रत्येक प्राणीको लागि आवश्यक आहाराको स्रोत खोज्दै गयौं भने हरियो वनस्पतिमा पुग्दछौं । हरियो वनस्पतिले बाहेक अरू प्राणीले खाद्य पदार्थ निर्माण गर्नै सक्दैनन् । मांसहारी बाघ, चितुवाहरूको आहारा तृणहारी पशुको मासुबाट प्राप्त हुन्छ । अनि तृणहारीहरू वनस्पति घाँसपात र तिनले निर्माण गरेका कन्दमूल, फलफूल खाएर बाँच्नुपर्छ । हरियो नहुने च्याउ-ढुसीहरू पनि हरिया वनस्पतिले निर्माण गरेको खाद्यवस्तु खाएर बाँच्दछन् । समुन्द्रका माछा वा ह्वेलहरू पनि हरिया सामुन्द्रिक वनस्पतिले निर्माण गरेको खाद्यवस्तुमा निर्भर हुन्छन् । वस्तुत: यस विश्वमा सबै प्राणी (प्राण भएका जीव-वनस्पति) का पालनकर्ता हरिया वनस्पति हुन् । हरि भन्नु नै हरिया वनस्पतिका हरिया पात !

बिरुवाहरूले खाद्यवस्तु निर्माण गर्ने प्रक्रियालाई प्रकाश-संश्लेषण (Photosynthesis) भनिन्छ । यो प्रक्रियामा हावा र पानीको रासायनिक मिलन हुन्छ र त्यसबाट खाद्यवस्तु निर्माण हुन्छ । यो मिलनमा आवश्यक पर्ने शक्ति घामबाट प्राप्त हुन्छ । घामलाई ग्रहण गर्ने शक्ति बिरुवाको हरियो अङ्ग; विशेषत: पातमा रहेका विशेष पदार्थ 'क्लोरोफिल' (हरित कणहरू) मा निहित हुन्छ । सौर्य शक्ति ग्रहण गरेर खाद्य पदार्थ निर्माण गर्ने काम बिरुवामा हरिया पातले गर्दछन । त्यही खाद्य पदार्थबाट शक्ति प्राप्त गरेर प्राणीहरू सास फेर्दछन्, बढ्छन्, हुर्कन्छन्, चलखेल गर्दछन्, प्रजनन गर्दछन् या बाँच्दछन् । यी हरफहरू लेखिरहँदा वा पढिरहँदा जुन शक्ति हामी खर्चन्छौं; त्यो वास्तवमा बिरुवाबाट प्राप्त भएको सौर्य शक्ति हो भन्ने कुरा बिर्सनुहुँदैन ।

साधारणतया एउटा बिरुवाले आफ्नो जराको सहायताले जमिनबाट पानी सोसेर लिन्छ र त्यसलाई

हरियो पातसम्म पुऱ्याउँछ। हरियो पातमा रहेका छिद्र द्वारहरूमार्फत पातले हावा सोसेर लिन्छ। हावाको कार्बनडाइअक्साइड वायुलाई पानीसँग संयोग गराउन पातका हरिया कणहरूले सौर्य शक्तिको उपयोग गर्दछन्। त्यो संयोगबाट बन्ने योगिक पदार्थबाट गुलियो वस्तु, चिनी पदार्थ, माड पदार्थ ('स्टार्च') र अरू कार्बोहाइड्रेट तथा प्रोटिनहरू निर्माण हुन जान्छन्। त्यही प्रक्रियाबाट उत्सर्जन हुने अक्सिजन हावामा जान्छ, जुन हावा हामीलाई सास फेर्न नभई हुँदैन।

यसरी हामी प्राणीहरूका लागि खाना तयार हुने भान्छाघर बिरुवाका पात हुन्। सास फेर्न आवश्यक पर्ने अक्सिजन निर्माण हुने फ्याक्ट्री पनि तिनै हुन्। हामीले सास फेर्दा, आगो बाल्दा, कलकारखाना चलाउँदा वा सवारी साधन गुडाउँदा उत्सर्जन हुने अधिक कार्बनडाइअक्साइड सोस्न सक्ने उपकरण पनि हरिया पात नै हुन्। अर्थात् हाम्रो जीवनको मूल आधार हरिया वनस्पति हुन्। अनि हरिया वनस्पतिका भण्डार हरिया वन हुन्। तसर्थ वन विनास गर्नु भनेको आफ्नै जीवन-आधारमा प्रहार गर्नु हो।

मानिसले खेती गर्न र त्यसका लागि वन फडानी गर्न थालेको दशहजार वर्ष भयो। यस अवधिमा पृथ्वीको ५० प्रतिशत भन्दा बढी वन विनाश भइसकेको छ। बाँकी बचेको चार अर्ब हेक्टर वनमध्ये अधिकांश वन उष्ण (जस्तै: ब्राजिल र एमाजोन क्षेत्र, कङ्गो (अफ्रिका), इण्डोनेसिया आदि) क्षेत्रमा पर्दछ। त्यस्तै शीतोष्ण एवं समशीतोष्ण वन रूस, स्काण्डिनेभिया, फिनलैण्ड, क्यानडा र अमेरिकाका उत्तरी क्षेत्रमा विद्यमान छन्। युरोप, संयुक्त राज्य अमेरिका र चीनका समशीतोष्ण वनहरू १८औं शताब्दीतिरै बेमाख भइसकेका थिए।

विगत सय वर्षको इतिहासलाई नियाल्दा मानव जातिले काठ, दाउरा, कोइला, पेट्रोल, डिजल आदि इन्धनलाई अत्यधिक रूपमा खर्चेर वायुमण्डलमा कार्बनडाइअक्साइड उत्सर्जन गर्दै आइरहेको छ। युरोप, अमेरिका, जापान, चीन, भारत, क्यानडा, अष्ट्रेलियाको औद्योगिक विकासले गर्दा वायुमण्डलमा कार्बनडाइअक्साइडको घनत्त्व दिन पर दिन बढ्दो छ। फलस्वरुप पृथ्वी सतहको तापमान विगत सय वर्षभित्र ०.६ डिग्री सेल्सियसले बढ्न गएको छ। पृथ्वीको तापमान बढ्ने क्रम रोकिएन भने प्रलय निश्चित छ। तसर्थ पृथ्वी अधिक तात्न नदिन मानव जातिले कार्बन उत्सर्जन गर्ने कामलाई नियन्त्रणमा ल्याउनु जरुरी छ। कार्बनलाई वायुमण्डलबाट बढारेर त्यसलाई काठदाउरा वा अरू जैविक पदार्थमा परिणत गरी वातावरणीय सन्तुलन राख्ने हरियो वन क्षेत्र मास्नुको सट्टा अझै बढाउनु पनि उत्तिकै आवश्यक छ। आजभोलि पनि विकासशील एवं अल्पविकसित राष्ट्रका मानिसहरू पेटभरी खानको निमित्त वन फँडानीमा लागेका छन्। विगतका दश वर्षभित्र मात्र पनि एक करोड तीस लाख हेक्टर वन क्षेत्र सरपट कटानीमा परेको तथ्याङ्क 'एफएओ'ले अघि सारेको छ। त्यस अर्थमा प्रत्येक वर्ष बेलायत जत्रो भू-भागबाट वन विनाश हुने क्रम जारी छ। यसरी एकातिर औद्योगिक राष्ट्रहरू इन्धन खपत कम गरेर कार्बन उत्सर्जन रोक्न चाहँदैनन् भने अर्कोतिर अल्पविकसित राष्ट्रहरू वन अतिक्रमण रोक्न सक्दैनन्। आजको विश्व वातावरणीय मुद्दा त्यसमै अड्केको छ। तर पनि यो विश्वलाई जलवायु परिवर्तनको प्रलयबाट जोगाउन हरियो वनलाई नै नजोगाई साध्य हुनेवाला छैन। वनको हरियो पातले मात्र होइन वनको माटोले पनि वायुमण्डलको कार्बन सोसेर राख्ने गर्दछ।

हाम्रो जीवनलाई आवश्यक गाँस, बास, बस्त्र तथा औषधि वनबाटै प्राप्त हुने गरेका छन्। प्रत्यक्ष रूपमा प्राप्त हुने पदार्थलाई छाडेर पनि वनबाट प्राप्त हुने अरू वातावरणीय फाइदाहरू अनगिन्ती छन्। तीमध्ये वायुमण्डलमा बाक्लिँदै गरेको कार्बनडाइअक्साइडको मात्रा घटाउने काम गरेबापत जति वन पाल्यो वा जति वन संरक्षण गऱ्यो सोही अनुपातमा औद्योगिक राष्ट्रहरूले कार्बन उत्सर्जन गरेबापतको हर्जना तिर्ने व्यवस्था अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापना हुन थालेको छ। त्यस व्यवस्थालाई 'कार्बन व्यापार'को संज्ञा दिइने गरेको छ। यो व्यवस्थाले विशेष गरेर नयाँ वन क्षेत्र बढाउने कार्यलाई लक्षित गरेको पाइन्छ। पुराना वनको संरक्षण गर्ने र तिनको हैसियत बिग्रन नदिने अर्को विशेष व्यवस्था पनि कायम गर्न थालिएको छ। त्यसलाई आरईडीडी (REDD) अर्थात् 'वन विनास एवं वनको हैसियत बिग्रन नदिएबापत या संरक्षण गरेबापत प्रदान गरिने आर्थिक सहयोग' भनिन्छ।

**एकातिर औद्योगिक राष्ट्रहरू इन्धन खपत कम गरेर कार्बन उत्सर्जन रोक्न चाहँदैनन् भने अर्कोतिर अल्पविकसित राष्ट्रहरू वन अतिक्रमण रोक्न सक्दैनन्। आजको विश्व–वातावरणीय मुद्दा यसमै अड्केको छ। तर पनि यो विश्वलाई जलवायु परिवर्तनको प्रलयबाट जोगाउन हरियो वन नजोगाई साध्य हुनेवाला छैन।**

विश्वका स्थल प्राणीहरूका लागि सबभन्दा उपयुक्त बासस्थान वन नै हुन्छ। संसारमा मौजुदा सम्पूर्ण जीवजन्तु, चराचुरुङ्गी वा कीराफट्याङ्ग्रा आदिमध्ये पचास प्रतिशतभन्दा बढीको बासस्थान वन क्षेत्रभित्रै सीमित रहेको छ। तसर्थ जैविक विविधता संरक्षणमा वनको यो भूमिकालाई विशेष महत्त्व दिइन्छ। वनले स्थानीय एवं क्षेत्रीय वातावरण र जलवायु सन्तुलन (विशेष गरेर वर्षा, पानी, नदीनाला, बाढी-पहिरो नियन्त्रण आदि)मा पुऱ्याउने योगदानको आर्थिक लेखाजोखा हुने गरेको छैन। एवं रीतले वनले प्रदान गर्ने सांस्कृतिक एवं आध्यात्मिक सेवाका बारेमा पनि पर्याप्त चर्चा हुन बाँकी नै छ।

मानिसको जीवनको लागि वन, वृक्ष र वनस्पतिका वरदान अनेक छन् र ती भनिसाध्य पनि छैन। तर वनविनाको संसार कस्तो होला भनी एकैछिन घोत्लिन भने पक्कै सकिन्छ। वनसम्बन्धी ज्ञान हाम्रो जीवनमा कति आवश्यक छ भन्ने कुरामा त्यतैबाट सोच्न सकिन्छ। वस्तुत: वनविना जीवन सम्भवै छैन। 📖

विचार

गंगासागर पन्त



# समावेशी समाज: कक्षाकोठाबाट शुरु गरौं

**अब समय बदलिएको छ। संसार फराकिलो भएको छ। सभ्यता, संस्कृति संयुक्त बन्दै गएको छ। यसै अनुसार शिक्षकले आफूलाई मात्र होइन, सम्पूर्ण स्कूलको वातावरणलाई समावेशी बनाउँदै लैजानुपर्छ।**

समावेशीकरण (inclusion) अहिले विश्वमै बढी छलफलमा आइरहेको शब्द हो। विशेषतः बहुजातीय, बहुभाषिक समाज र राष्ट्रहरूमा यो जल्दोबल्दो विषय भइरहेको छ। भाषा, संस्कृति एवं जातीय विविधताको लागि नेपाल विश्वमै सम्पन्न देशहरूमध्ये पर्छ। नेपालको वर्तमान राजनीतिक परिवर्तनले मागेको नयाँ शासकीय स्वरुप तथा राज्य पुनर्संरचनाको मुख्य मुद्दा पनि भाषा, संस्कृति एवं जातीय आधार र सङ्घीय संरचना हो। आज सयौं वर्षसम्म दबिएर रहेको भाषा, संस्कृति र जातित्वको पहिचान एवं हराएको सम्मानको खोजीमा व्यापक दौडधुप भइरहेको छ। विविधतालाई 'सम्पत्ति' मान्नुको साटो 'विपत्ति' मान्ने अधिनायकवादी सोच र संस्कृतिले अल्पसङ्ख्यक जाति र भाषाहरूलाई पीडा दिएकै हो विगतमा। तर आजको चेतना र परिवर्तनको सङ्क्रमणकालमा त्यही विगतलाई प्रतिशोधमा बदलेर केही अराजनीतिक नेता/कार्यकर्ताहरू आ-आफ्नो स्वार्थका लागि जातीय एवं भाषिक द्वन्द्वको बीउ छर्दैछन्। यस्तो कलहको बीउ उम्रँदै फैलँदै गयो भने अर्को पुस्ताले गृहयुद्ध भोग्नुपर्नेछ। त्यतिवेला सबै जातले हार्नेछन्, सबै भाषाहरू रुनेछन् आ-आफ्नै लयमा।

अर्को पुस्ता, जसमा अथाह जोश-जाँगर र शक्ति छ, त्यो हो अहिलेको विद्यार्थी। ती विद्यार्थीका मार्गदर्शक अहिलेका शिक्षक हुन्। विविधतालाई 'संयोग' र 'सम्पत्ति' को रूपमा प्रयोग गर्नुपर्छ शिक्षकले।

मैले पढेको विद्यालय क्षेत्रमा गैरबाहुनहरूको बाहुल्य थियो। विशेषगरी मगर, गुरुङ, चेपाङ, नेवार, दमाई, कामी, सार्की र एकाध मुस्लिम पनि थिए। विद्यालयका शिक्षकहरू अधिकांश बाहुन नै थिए। उनीहरू स्वाभाविक रूपमै जातीय भाषिक भिन्नताप्रति संवेदनशील थिएनन्।

कक्षा ४ मा एकजना मगर केटा हाम्रो साथी थियो, पढाइमा राम्रै थियो। एकदिन शिक्षकले किताबको कुनै पाठ एक-एक गरी पढ्न लगाए सबैलाई। त्यो मगर केटो पनि पढ्दै गयो र भन्यो, "गुन्हुले जोत्ने काम गर्छ।" पढाउने नेपालीकै गुरु थिए। उनले झर्किएर भने, "धत्, गोरुले जोत्ने काम गर्छ भन्...।"

विद्यार्थी झस्कियो। गुरुले प्रयोग गरेको गालीको शब्दले उसलाई हीनताबोध गरायो। तैपनि दुःखी हुँदै उसले दोहोऱ्यायो, "गुरुले जोत्ने काम गर्छ।"

यसपटक गुरुले उठेर झापड हान्दै भने, "बस्..., तैंले पढेर खाँदैनस्!"

तर त्यहाँ नपढीकन खाएका चाहिँ ती गुरुले थिए। उनले जान्नुपर्थ्यो, सोच्नुपर्थ्यो कि मगरहरू गोरुलाई 'गुन्हु' भन्ने गर्छन् भनेर। मगर केटोले जन्मेदेखि त्यही सुनेको छ, त्यही बोलेको छ। त्यस्तै, 'अ' कार को ठाउँमा 'आ' कार उच्चारण गर्दा कतिले गोदाइ खाए। शिक्षकलाई थाहा हुँदैनथ्यो कि मगर भाषामा 'अ' कार नै हुँदैन भनेर। शिक्षकले बुझ्ने प्रयासै गरेनन् कि गुरुङ-मगरहरू धेरै 'ह' कार ल्याउँछन् स्वर व्यञ्जनसँग।

त्यो मगर केटाले पछि स्कूलै छाड्यो।

८ कक्षा पढ्दापढ्दै स्कूल छाडेको एकजना चेपाङले १२ वर्षपछि मसँग दुःख पोख्दै भन्यो, "के गर्ने सर, त्यतिखेर रिस उठ्यो, दुःख पनि लाग्यो, स्कूलै छाडिदिएँ।"

के भएको थियो र भनी सोध्दा उसको जवाफ थियो, "हिसाब गर्न आएन, अनि कक्षामा सबै साथीहरूको अगाडि 'चेपाङले'नि के पढेर खान्छ, जङ्गलमा बस्ने जात' भन्यो सरले। भोलिपल्टदेखि स्कूलै जान मन लागेन।"

यस्ता अनगिन्ती गल्तीहरू कुनै रिस र प्रतिशोधवश नभई, वर्गीय परम्परा र अल्पज्ञानका परिणाम थिए। अझै छन् कतिपय ठाउँमा।

अब समय बदलिएको छ। संसार फराकिलो भएको छ। सभ्यता, संस्कृति संयुक्त बन्दै गएको छ। यसै अनुसार शिक्षकले आफूलाई मात्र होइन, सम्पूर्ण स्कूलको वातावरणलाई समावेशी बनाउँदै लैजानुपर्छ।

**के हो त समावेशी भनेको ?**

आजभोलि समावेशी भनेको जागिरको कोटा र नेतागिरी गर्ने कुर्सीका भागबण्डामा मात्र केन्द्रित कुरा हो कि भन्ने भान पनि पर्छ । तर, समावेशीकरण भनेको त्योभन्दा महत्त्वपूर्ण कुरा हो– एकापसमा सम्मानजनक व्यवहार ।

एकजना मगर विद्यार्थीले सिङ्गै मगर भाषा, संस्कृति र इतिहास बोकेको हुन्छ र त्यसैगरी एकजना चेपाङ विद्यार्थीले पनि । सबै जातजाति र भाषाभाषीको महत्त्व र आत्मसम्मान उस्तै हुन्छ । एकले अर्कोबाट सम्मानजनक व्यवहार पाउनुपर्छ । विविधतामा 'बाधा' नदेखी 'उत्सव, पर्व, इन्द्रेणी' देख्न सक्नुपर्छ । यही संस्कार आजका शिक्षकले आफ्ना विद्यार्थीमा बसाइदिए भने हाम्रो जस्तो सयौं जातजाति, भाषाभाषी भएको देश साँच्चै उत्सवमय बन्छ । अनेकता बीच एकता बलियो हुँदै जान्छ ।

नेपाल संघीय गणराज्यतिर जाने प्राय: निश्चित भइसकेको छ । भाषिक एवं जातीय आधारमा पनि गणराज्यहरू स्थापना हुने सम्भावना छ । यस सङ्क्रमणकालीन घडीमा युवापुस्तामाञ्ज भाषा, संस्कृति तथा जातजातिबीच समावेशीकरणको उत्कृष्ट रुप दिन शिक्षकले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । बाहुनवाद र खसभाषा मुर्दावादका नारा लगाउने प्रतिशोधप्रेमी, अवसरवादीहरू पनि छन् यहाँ । तर, डा. गोविन्द तुम्बाहाङ *(कान्तिपुर, १० माघ, २०६७)* लाई दोहोऱ्याउनै पर्छ यहाँ, "भौगोलिक, जातीय, सांस्कृतिक र भाषिक विविधता भएको नेपाल जस्तो मुलुकलाई एकताको गाँठोमा बाँध्ने महत्त्वपूर्ण सूत्र भनेको नेपाली भाषा नै हो ।"

**मगर केटो पढ्दै गयो र भन्यो, "गुऱ्हुले जोत्ने काम गर्छ ।" पढाउने नेपालीकै गुरु थिए । उनले ऋर्किएर भने, "धत्, गोरुले जोत्ने काम गर्छ भन्... ।" विद्यार्थी ऋस्कियो । गुरुले प्रयोग गरेको गालीको शब्दले उसलाई हीनताबोध गरायो । तैपनि दु:खी हुँदै उसले दोहोऱ्यायो, "गुरुले जोत्ने काम गर्छ ।" यसपटक गुरुले उठेर ऋापड हान्दै भने, "बस्..., तैंले पढेर खाँदैनस् !"**

सामाजिक समावेशीकरणका महत्त्व र प्रक्रियाहरू विद्यालयस्तरका बालमस्तिष्कदेखि भरिनु जरुरी छ । समावेशीकरण भनेको कुनै एउटा खास विधि वा उपाय होइन । यो त बृहत्तर सोच हो । जुनसुकै भाषा, जाति, रङ्ग, जुनसुकै क्षमता सबैले सबैका मूल्यमान्यता स्वीकार्नु र सबैलाई उचित स्थान, अवसर दिनु समावेशी हो । समावेशी शिक्षाको मूल मर्म पनि यही हो । शिक्षकले आफू मात्र विशेष हुन खोज्नु, राम्रा र चलाख विद्यार्थीलाई मात्र काखी च्याप्नु, क्षमताका आधारमा विभेद गर्नु अल्पज्ञानको प्रदर्शन मात्र हुन्छ ।




प्रमोद आयाम



तस्बिरहरू: प्रमोद आयाम

# भूषण गुरु:

## ‘भाषिक चेतनाका जग’

**‘भूषण गुरु’को मूल्याङ्कनमा प्रकाश वस्ती ‘प्रत्युत्पन्न मति भएको व्यक्ति’ थिए। यसको अर्थ चाहिँ ? “तुरुन्तातुरुन्तै जवाफ दिन सक्ने खुबी भएको” गुरुले अर्थ लगाए। वस्तीको त्यो क्षमताबाट ‘भूषण गुरु’ निकै प्रभावित रहेछन्। भन्छन्, “मैले सोधेको कुराको जवाफ प्रकाशले जति मजासँग अरू विद्यार्थीले दिन सक्थेनन्।”**

वाराणसी संस्कृत विश्वविद्यालयबाट २०२१ सालमा ‘नव्य व्याकरण’मा सर्वोत्कृष्ट अङ्क ल्याएर आचार्य सकेका बाग्लुङका विष्णुप्रसाद पौडेललाई त्यहाँका उपकुलपति सुरतनारायण त्रिपाठीले पी.एचडीको छात्रवृत्ति ‘अफर’ गरे। त्यत्तिकैमा उनलाई काठमाडौंबाट ‘महेन्द्र विद्याभूषण’ पदक लिनका लागि बोलावट भयो। पदक लिएपछि पी.एचडीका लागि भारत फर्कन लागेका पौडेललाई तत्कालीन राजा महेन्द्रले यतै बसेर सेवा गर्न सुझाव दिए। उनले नाइँ भन्न सकेनन्।

पौडेलले त्यही साल काठमाडौं, लैनचौरको शान्तिविद्या गृहमा पढाउन शुरु गरे। मीनपचासको बिदामा चितवनतिर घुम्न गए। एक बिहान नारायणीको किनारमा बसेर भागवत पढिरहेका वेला स्थानीय समाजसेवी मुक्तिलाल चुके र लालकुमार श्रेष्ठले नारायणगढमा कलेज खोल्ने प्रस्ताव राख्दै त्यसमा सघाइदिन पौडेललाई आग्रह गरे। सबैको पहलमा २०२२ सालमा नारायणगढमा ‘वीरेन्द्र इन्टरमिडियट कलेज’को स्थापना भयो। अनि पौडेलले वीरेन्द्र क्याम्पस र चितवन माविमा एकैसाथ पढाउन थाले। २०२८ सालमा ‘नयाँ शिक्षा’ लागू भएपछि उनले एक ठाउँ छाड्नुपर्ने भयो र चितवन मावि छाडे।

महेन्द्र विद्याभूषण पदक पाएकाले उनलाई चितवनमा सबैले ‘भूषण गुरु’ भनेर सम्बोधन गर्न थाले। आज पनि उनी वास्तविक नामभन्दा ‘भूषण गुरु’बाटै बढी चिनिन्छन्। चितवन माविमा ६ वर्ष बिताएका उनलाई आफूले पढाएका विद्यार्थीको त्यतिविघ्न हेक्का त छैन। तर, एकजना छात्र र तिनको स्वाभावलाई भने ‘भूषण गुरु’ले आज पनि बिर्सन सकेका छैनन्। उनले त्यसरी सम्झिरहने विद्यार्थी हुन्, प्रकाश वस्ती, जो यतिखेर सर्वोच्च अदालतका न्यायाधीश छन्। ३२

वर्षसम्म वकालत, न्यायिक अन्वेषण, कानुनी साहित्यको सेवा गरेर उनी दुई वर्षअघि न्यायाधीशको ओहोदामा पुगेका हुन् ।

विष्णुप्रसाद पौडेलले वस्तीलाई कक्षा १० मा नेपाली र संस्कृत विषय पढाएका थिए । उनी वस्तीलाई मेहनती र अनुशासित छात्रका रूपमा सम्झन्छन् । पौडेलको मूल्याङ्कनमा वस्ती 'प्रत्युत्पन्न मति भएका व्यक्ति' थिए । यसको अर्थ चाहिँ ? "तुरुन्तातुरुन्तै जवाफ दिन सक्ने खुबी भएको" गुरुले अर्थ लगाए । वस्तीको त्यो क्षमताबाट पौडेल निकै प्रभावित रहेछन् । भन्छन्, "मैले सोधेको कुराको जवाफ प्रकाशले जति मजासँग अरू विद्यार्थीले दिन सक्थेनन् ।" हुन पनि प्रकाश वस्तीले एसएलसी परीक्षामा नेपालीमा ८२ अङ्क ल्याएका थिए । जुन उनको समूहमै सर्वाधिक थियो । सोधेको प्रश्नको जवाफ फ्याट्ट दिइहाल्ने खुबी भए तापनि 'भूषण गुरु'को नजरमा चाहिँ वस्ती सामान्यतया अल्पभाषी स्वभावका थिए । वस्तीमा आजसम्म पनि त्यही स्वभाव रहेको उनको मूल्याङ्कन छ ।

यता न्यायाधीश वस्ती पनि 'भूषण गुरु'लाई 'आदर्श शिक्षक'का रूपमा चित्रण गर्छन् । उनको स्मरणमा विद्यार्थीलाई माया गरेर सिकाउन सक्ने क्षमता थियो 'भूषण गुरु'सँग । उनीबाटै भाषा, व्याकरण र साहित्यको महत्त्वबारे बुझ्ने अवसर पाएको बताउँछन्, न्यायाधीश वस्ती । भन्छन्, "भाषा शुद्धसँग लेख्नुपर्छ भन्ने ज्ञान मैले उहाँबाटै पाएको हुँ । ती कुरा मेरानिम्ति आज पनि उत्तिकै प्रेरणादायी छन् ।" 'कुनै पनि शब्द तथा वाक्य शुद्ध र सरल भएमा मात्र त्यसले सबैले बुझ्ने र सरल अर्थ दिन्छ' न्यायाधीश वस्तीले 'भूषण गुरु'बाट सिकेको ज्ञानको मुख्य सार नै यही हो । कानुन व्यवसायी क्लबको *कानुन पत्रिका* को सम्पादनमा १८ वर्ष बिताउँदा गुरुबाट पाएको भाषिक ज्ञानले आफूलाई निकै सहयोग गरेको उनको अनुभव छ । "अहिले फैसला तयारीका क्रममा पनि त्यही ज्ञानलाई अनुसरण गर्दैछु । वास्तवमा उहाँले ममा दिगो रूपमै भाषिक चेतनाको जग बसाइदिनुभएछ । अहिले म यही तथ्यलाई मनन गर्दैछु", वस्तीले गुरुप्रति आदरभाव दर्साए ।

'भूषण गुरु' रमाइला उक्ति र चुट्किलाहरू सुनाएर विद्यार्थीहरूलाई दङ्ग बनाइदिन्थे । आफ्नो शिक्षणबाट विद्यार्थी सन्तुष्ट भए/नभएको निकै ख्याल गर्थे । पाठ्यपुस्तकमा मात्रै सीमित नगरी विद्यार्थीलाई बाहिरी ज्ञानका विषयवस्तु सिकाउनु उनको अर्को विशेषता थियो । न्यायाधीश वस्ती सम्झन्छन्, "गुरुले हामीलाई लक्ष्मीप्रसाद देवकोटाको 'गरीब' कविता पढाउँदा कविता मात्रै पढाउनुभएन, देवकोटाको जीवनशैली र सङ्घर्षका कथा पनि सुनाउनुभएको थियो । त्यो कुरा सुनेपछि हामीलाई सफल मान्छे बन्न सङ्घर्ष गर्नै पर्छ भन्ने उत्साह पैदा गर्दथ्यो ।"

वस्तीले २०२५ सालमा एसएलसी परीक्षा दिनुअघि 'भूषण गुरु'ले दिएको हौसलालाई आज पनि सम्झिरहेका छन् । उतिवेला प्रथम श्रेणीमा एसएलसी परीक्षा पास गर्नुलाई ठूलो सफलता मानिन्थ्यो । चितवन माविबाट त्यसअघि कसैले पनि एसएलसीमा प्रथम श्रेणी ल्याएका थिएनन् । त्यत्तिकैमा एक दिन गुरुले कक्षामा प्रथम श्रेणीमा पास गर्ने विद्यार्थीलाई पुरस्कृत गर्ने घोषणा गरेछन् । त्यही प्रेरणा पाएर वस्तीले झन् बढी मेहनत गरे । त्यति गर्दा पनि वस्ती प्रथम



**"भाषा शुद्धसँग लेख्नुपर्छ भन्ने ज्ञान मैले उहाँबाटै पाएको हुँ । ती कुरा मेरानिम्ति आज पनि उत्तिकै प्रेरणादायी छन् ।"**

**– न्यायाधीश वस्ती**

श्रेणीबाट अङ्कै तीन अङ्क पर रहे । उनी भन्छन्, "तैपनि कक्षामा सर्वाधिक अङ्क मेरै आयो । गुरुको प्रेरणा नपाएको भए शायद त्यति अङ्क पनि आउँदैनथ्यो कि !"

एसएलसी सकेपछि वस्ती काठमाडौंतिर लागे र चितवनसँग उनको सम्पर्क निकै पातलिन थाल्यो । त्यसयता यी दुई गुरु-चेलाबीच एक-दुई पटक मात्रै भेटघाट भएको छ । ६३ वर्षे उमेर हदसम्बन्धी कानुनी प्रावधानका आधारमा त्रिभुवन विश्वविद्यालयले 'भूषण गुरु'लाई २०५७ सालमा सेवाबाट अवकाश दिने निर्णय गर्‍यो । तर, उनको जन्ममितिको विषयमा विवाद उत्पन्न भयो । उमेरको हद नै ननाघी आफूलाई अवकाश दिइएको भन्दै 'भूषण गुरु'ले त्रिविविरुद्ध सर्वोच्च अदालतमा मुद्दा हाल्ने निधो गरेर काठमाडौं आए । अनि आफ्नै वकिल चेलालाई बहस गरिदिन अनुरोध गरे । वस्ती भन्छन्, "मैले त गुरुलाई मुद्दा हारिन्छ, नलडौं भनेको थिएँ । तैपनि उहाँले मान्नुभएन । पछि मुद्दा हारियो । जे होस्, बहस गरेर गुरुको सन्तोष चाहिँ पूरा गरिदिएँ ।"

आफ्नो छात्र न्यायाधीश भएको देख्न पाउँदा साह्रै हर्ष लागेको छ, ७८ वर्षीय 'भूषण गुरु'लाई । भन्छन्, "प्रकाश न्यायाधीश भएको खबर टीभीबाट थाहा पाएको थिएँ । आफूले पढाएको व्यक्ति सर्वोच्चको न्यायाधीश भएको सुन्दा साह्रै खुशी लाग्यो ।" कसैको लोभलालचमा नपरी निष्पक्ष भएर सत्यको पक्षमा फैसला गरुन्, यही छ 'भूषण गुरु'को न्यायमूर्ति चेलोलाई शुभकामना !

जयप्रकाश श्रीवास्तव



# यसरी गराउन सकिन्छ

**कुनै विद्यार्थीले उत्तरपुस्तिकामा परीक्षकसँग आफूलाई पास पारिदिने अनुरोधदेखि भजनसम्म लेखेको पाइन्छ । त्यस्ता कुरा नलेख्न उनीहरूलाई सावधान गराउनुपर्छ ।**

एसएलसी परीक्षालाई फलामे ढोका भनेर विद्यार्थीलाई सानैदेखि भयभीत बनाउने गरिएको छ । तर वास्तवमा एसएलसी परीक्षालाई विद्यार्थीले डरलाग्दो अग्निपरीक्षाका रूपमा होइन, अध्ययनको उपलब्धि नाप्ने एउटा खुट्किलोका रूपमा लिन पाउनुपर्ने हो ।

विद्यार्थीलाई आफू कमजोर रहेको विषयमा पनि नडराइकन उचित तरिकाले तयारी गर्ने र आफूले जानेका कुराहरूलाई लेख्ने तरिका सिकाउन सकियो भने उसले जाँचमा निकै राम्रो गर्न सक्छ । हामी शिक्षकहरूले आजैदेखि केही कुरामा ध्यान दियौँ भने चोर्ने र चोराउने आवश्यकता नै रहँदैन, र यो शैक्षिक अराजकतालाई धेरै नियन्त्रण गर्न सकिन्छ ।

## परीक्षाअघिको तयारी

- विद्यार्थीलाई समयतालिका बनाएर गाह्रो विषयलाई बढी ध्यान दिएर नियमित अध्ययन गर्न प्रेरित गर्नुपर्छ । विद्यार्थीहरू परीक्षादेखि डराए भने उनीहरूको सिकाइमा बाधा पुग्छ। तर शिक्षकले कक्षामा धेरै मेहनत गराएको छ भने विद्यार्थीहरूले एसएलसीलाई आतङ्कका रूप नलिई साधारण परीक्षा मात्र ठान्न सक्छन् ।
- परीक्षाको तनाव र तयारीका कारण कति विद्यार्थी बिरामी पनि पर्छन् । स्वस्थ शरीरमा नै स्वस्थ मस्तिष्क हुन्छ भन्ने कुरा सम्झाएर शिक्षकले परीक्षा दिने विद्यार्थीलाई आफ्नो आर्थिक अवस्था अनुसार सन्तुलित आहार र प्रशस्त झोल पदार्थ खान र दिनमा कम्तीमा ६ घण्टा सुत्न सजग गराउनुपर्छ ।
- विद्यालयले व्यवस्था गरेको अतिरिक्त कक्षामा अरूको उत्तर सारेर देखाउनुको सट्टा मौलिक उत्तर लेख्ने प्रयासलाई प्रोत्साहित गर्नुपर्छ। सही उत्तर नजानेमा साथी वा गुरुसँग छलफल गरेर सिक्न प्रेरित गर्नुपर्छ । प्रत्येक विषयका सजिला पाठबाट थालेर अगाडि बढ्दा सिकाइ सहज हुन्छ । प्रश्नहरूको उत्तर घोकाएर सफल हुन सकिँदैन, विद्यार्थीहरूलाई अवधारणा नै बुझाउने कुरामा जोड दिनुपर्छ ।

परीक्षाको राम्रै तयारी गरेका छात्रछात्राले पनि परीक्षा सकिएपछि "म नर्भस भएँ; प्रश्नहरू समयमा नभ्याउने खालका थिए; मैले उत्तर लेख्दालेख्दै निरीक्षकले उत्तरपुस्तिका खोसे; मलाई उत्तर आउँथ्यो तर परीक्षाको समयमा बिर्सें; त्यो प्रश्न त मैले देख्दै देखिनँ" आदि गुनासा गरेको पाइन्छ । विद्यार्थीलाई परीक्षा व्यवस्थापनको सीप सिकाउन सके यस्ता गुनासा स्वत: कम हुन्छन् ।




## समय व्यवस्थापनको सूत्र

विद्यार्थी परीक्षा केन्द्रमा पहिलो दिन आधा घण्टा अगाडि र अन्य दिनमा २० मिनेट अगाडि पुग्नुपर्ने हुन्छ । विद्यार्थीले कलम, मसी, स्केल, इन्स्ट्रुमेन्ट बक्स, क्यालकुलेटर, प्रवेशपत्र आदि छुटाउनुहुँदैन भन्ने कुरा सबैलाई थाहा भए पनि यस्ता कुरा सम्झाउन आवश्यक हुन्छ । यस्ता कुराका लागि प्रत्येक विद्यालयले एसएलसी लिने विद्यार्थीलाई यी सबै कुरा उल्लेख भएको टेबलमा राख्ने वा भित्तामा टाँस्ने खालका एकएक वटा शुभकामना कार्ड दिन सक्छ ।

विद्यार्थीहरूलाई पूर्णाङ्क र समयको अनुपात मिलाउन सिकाउनुपर्छ । यो अनुपात १:१.५ हुनु सबभन्दा राम्रो हुन्छ ।

अर्थात् पूर्णाङ्क १ भएको प्रश्नको उत्तरलाई १.५ मिनेट र २ पूर्णाङ्कको प्रश्नको उत्तरलाई ३ मिनेट दिनुपर्छ । यसरी समय व्यवस्थापन गरेमा विद्यार्थीले निर्धारित समयभित्रै आफूलाई आउने प्रश्नहरूको उत्तर दिन सक्छन् । यसो गर्दा २५ देखि ३० मिनेट समय बढी निस्कन्छ । त्यसबाट १५-२० मिनेटको समय प्रश्नलाई राम्ररी बुझेर पढ्न र बाँकी समयमा लेखिएको उत्तरलाई सरसर्ती हेर्ने र थप उत्तरपुस्तिकालाई स्टिच गरी बुझाउने काममा प्रयोग गर्न सकिन्छ । एसएलसी परीक्षा दिने विद्यार्थीले प्रश्न सारेर आफ्नो समय खेर फाल्नुहुँदैन । परीक्षा समय बाँडफाँडको यस सीपको विकासको लागि शिक्षक मित्रहरूको निर्देशन मात्र पर्याप्त हुँदैन, अपितु नमुना परीक्षाको आयोजना गरेर एसएलसीका उम्मेदवारलाई त्यसमा अभ्यस्त पार्नुपर्छ ।

## मानसिक तयारी

शिक्षकले परीक्षार्थीलाई केही सामान्य विधिहरू अपनाएर बढी अङ्क प्राप्त गर्ने सीप सिकाउन सक्छ ।

सर्वप्रथम पूरै प्रश्नपत्रलाई नआत्तिकन बुझेर पढ्न र आफूलाई आउने प्रश्नलाई टिक (✓) गर्न सिकाउनुपर्छ । यसपछि विद्यार्थीहरूले आफूले राम्ररी गर्न सक्ने प्रश्नहरूको उत्तर लेख्न शुरु गर्नुपर्दछ । पहिलो पानामा प्रश्न नं. १ कै उत्तर लेख्नु जरुरी छैन । विद्यार्थीहरूले जानेका प्रश्नहरूको उत्तर दिँदै गए भने तिनीहरू नर्भस हुँदैनन् । शुरुमै कठिन प्रश्नको उत्तर दिन खोज्दा बढी समय लाग्ने, नर्भस हुने, उत्तर बिग्रिएर उत्तरपुस्तिका फोहोर हुने र कम अङ्क आउने हुन्छ । यो सीप परीक्षा अगावै आफ्ना विद्यार्थीलाई सिकाउने दायित्व शिक्षकहरूकै हो ।

यदि उत्तरपुस्तिकामा सफासँग सही उत्तर लेखिएको छ भने परीक्षकमा पनि त्यस उत्तरपुस्तिकाप्रति सकारात्मक धारणाको विकास हुन्छ र परीक्षार्थीले राम्रो अङ्क पाउने सम्भावना बढ्छ ।

## आकर्षक उत्तरपुस्तिका

विद्यार्थीहरूले परीक्षा हलमा उत्तरपुस्तिका पाएपछि सर्वप्रथम त्यसको शुरु पृष्ठमा सिम्बोल नम्बर अङ्क र अक्षरमा (अल्फाबेट समेत), विषय, मिति, परीक्षा केन्द्रको नाम आदिलाई स्पष्ट र सही तरिकाले लेख्नुपर्दछ । उत्तर लेख्दाखेरी मार्जिन बाहिर लेख्नुहुँदैन । विद्यार्थीहरूले परीक्षामा कभर पेजको भित्री भागबाट लेख्न शुरु गर्नुहुँदैन किनभने निष्पक्षता कायम गर्न परीक्षा नियन्त्रण कार्यालयले उत्तरपुस्तिका परीक्षण अगाडि कभर पेजलाई लम्ब रूपमा आधा च्यातेर कोड नं. राख्दछ । यदि विद्यार्थीले कभर पेजको भित्री भागमा लेख्न शुरु गरेको छ भने त्यो उत्तर पनि च्यातिन्छ र त्यसमा लेखिएको उत्तरको अङ्क पाइँदैन ।

विद्यार्थीहरूलाई हरेक टुक्रा प्रश्नको उत्तरलाई फरक फरक अनुच्छेदमा लेख्न सिकाउनुपर्दछ । यसो गर्दा पाउनुपर्ने अङ्क छुट्दैन र उत्तरपुस्तिका पनि सफा र आकर्षक देखिन्छ ।

उत्तर लेख्दा प्रत्येक उप-प्रश्न अर्थात् प्रश्न १ को 'क' पछि 'ख' को उत्तर लेख्दा एक लाइन छोड्न सिकाउँदा उत्तरपुस्तिका सफा र आकर्षक देखिन्छ ।

निम्न बुँदाहरूमा ध्यान दिएमा विद्यार्थीको उत्तरपुस्तिका आकर्षक देखिन्छ-

- फरक लेख्दा एउटा मात्र फरक दिनुपरेमा तालिका बनाउनुपर्दैन तर दुईवटा वा त्योभन्दा बढी फरक लेख्नु परेमा तालिका बनाएर बुँदागत रूपमा लेख्नुपर्दछ र दुवै महलका बुँदा नं. एउटै लाइनमा राख्नुपर्दछ ।
- गणितीय समस्या समाधान गर्दा प्रश्नमा दिएका मानहरू लेखेर एकाईमा समानता ल्याउनुपर्दछ त्यसपछि उचित सूत्रको प्रयोग गरी सही तरिकाले हिसाब गर्नुपर्दछ र अन्त्यमा १ लाइनमा सही एकाई समेतको उत्तर लेख्नुपर्दछ ।
- चित्र खिच्दा सिसाकलमको प्रयोग गर्नुपर्दछ र आवश्यक ठाउँमा स्केलको प्रयोग पनि महत्त्वपूर्ण हुन्छ । चित्र लेखेर नामकरण गर्दा प्रयोग गरिने बाणचिन्ह एकअर्कालाई काट्ने गरी तान्नुहुँदैन । अरू सकिन्छ भने चित्रको दुवैतिर एउटै लाइनमा पर्ने गरी नामकरण गर्दा राम्रो हुन्छ ।
- छोटो उत्तर लेख्दाखेरी पूर्ण वाक्य लेख्नु आवश्यक हुन्छ ।
- प्रश्नहरू नबुझेको खण्डमा (भाषाको परीक्षा बाहेक) अर्को माध्यमको (English/Nepali) प्रश्न पनि पढ्नुपर्दछ । यसले पनि प्रश्नले सोध्न खोजेको कुरा प्रस्ट हुन मद्दत पुग्दछ ।
- शिक्षकले परीक्षार्थीलाई सबै प्रश्नहरूको उत्तर दिन प्रेरित गर्नुपर्दछ । यदि प्रश्नको सटिक उत्तर नआएको खण्डमा त्यसबारे आफूलाई जे-जति जानकारी छ पूर्णाङ्क र समयलाई ख्याल गर्दै उत्तर लेख्नुपर्दछ ।
- यदि उत्तरपुस्तिकाको पाना पल्टाउँदा दुईवटा पानाहरू टाँसिएर खाली पाना छुट्न गएमा क्रस गरिदिनुपर्दछ वा अलि ठूलो अक्षरमा PTO लेख्नुपर्दछ ।

**विद्यार्थीहरूलाई पूर्णाङ्क र समयको अनुपात मिलाउन सिकाउनुपर्छ । यो अनुपात १:१.५ हुनु सबभन्दा राम्रो हुन्छ । अर्थात् पूर्णाङ्क १ भएको प्रश्नको उत्तरलाई १.५ मिनेट र २ पूर्णाङ्कको प्रश्नको उत्तरलाई ३ मिनेट दिनुपर्छ । यसरी समय व्यवस्थापन गरेमा विद्यार्थीले निर्धारित समयभित्रै आफूलाई आउने प्रश्नहरूको उत्तर दिन सक्छन् । यसो गर्दा २५ देखि ३० मिनेट समय बढी निस्कन्छ ।**

कुनै विद्यार्थीले उत्तरपुस्तिकामा परीक्षकसँग आफूलाई पास पारिदिने अनुरोधदेखि भजनसम्म लेखेको पाइन्छ । त्यस्ता कुरा नलेख्न उनीहरूलाई सावधान गराउनुपर्छ ।

छात्रछात्रालाई एसएलसी परीक्षाका लागि तयार पार्ने काममा लागेका हामी शिक्षकहरूले परीक्षार्थीलाई विषयवस्तुको ज्ञानका साथै परीक्षाको समयको व्यवस्थापन, मानसिक व्यवस्थापन र उत्तरपुस्तिकाको व्यवस्थापन गर्ने सीपको विकाससम्बन्धी सीप पनि सिकाउनुपर्छ । यी कुरा सामान्य लागे पनि यिनले परीक्षाफलमै तलमाथि पार्न सक्छन् । यसमा परीक्षार्थीभन्दा पहिला शिक्षकले ध्यान पुऱ्याउनुपर्छ तब मात्र छात्रछात्राले सिक्ने अवसर पाउँछन् ।

(लेखक प्रभात उमावि, त्यागल, ललितपुरका विज्ञान विभाग प्रमुख हुन् ।)

Gopal Prasad Bashyal

# TEACHING VOCABULARY IN THE CONTEXT

Teaching vocabulary is really a problematic task for every teacher. Once, a Peace Corps volunteer went to a grade XI class in Palpa and asked the students to write down all difficult words in their copy. The students wrote down more than two dozen of words from a single paragraph. Then he came back to the Office and told expressed his surprise how I could teach them so many difficult words everyday. Every English teacher has a long list of difficult words to translate by giving synonyms or explaining meaning in simple words or paraphrasing the paragraphs or translating them.

Teaching meaning in isolation: In this technique teacher gives meanings of words in isolation, i. e. word to meaning translation or simplifying or paraphrasing. Some of better ways of this technique are given below.

Teaching vocabulary in context: This technique is found very much interactive, cooperative and students enjoy this lot. Here different tasks are given which provide students clues so that they can predict correctly. In reading also students have to predict and guess the meanings in context. Therefore, it necessary to develop such skills while teaching vocabulary. The following tasks were tested at grade 10 students of Mohan Kanya HS School, Palpa. The text is taken from Grade 10, Unit 13, Page 96. The students selected the words: aghast, conspicuous, despair, dilemma, grumbling, intervene. The selection of difficult words was based on the following procedures.

## Selection of difficult words:

i. Mostly teachers select difficult words which they assume that they are difficult. Some teachers ask the students to write or tell the difficult words and they give meanings. But these procedures do not ensure that all difficult words are covered.
ii. One of the very effective techniques of selecting vocabulary is to make the students select them. For this:
    a. The teacher divides the class into different groups, 4 or 5 or. . . according to the number of students.
    b. Then the students read the passage in groups and select the difficult words.
    c. While they are working in groups, one student can help another and they select only those words which all the group members do not know. This encourages cooperation among the students and the number of words is also limited.

| Technique | Definition | Illustrations |
|---|---|---|
| Using Realia | use of things that can be brought into the classroom | pen, duster, ring, book |
| Pointing | that can be seen from the classroom | tree, hill . . . |
| Pictures | blackboard drawings or teacher made or from magazines. . . | elephant, plane, train. . |
| Demonstration | by mimes, gestures, actions, demonstration | dancing, hopping, laugh |
| Self- defining context | feelings, emotions . . . | afraid, frightening, terror |
| Enumeration | giving specific instances | furniture, uniform, hardware |
| Definition | defining | breakfast, wallet, kitchen |
| Antonyms and synonyms | familiar words | foe = enemy (S),<br>glad = happy (S) |
| Word analysis | combined forms are analyzed | headache, astrology |
| Discovery | encourage to discover the meaning looking into dictionary | . . . |
| Translation | in students' mother tongue | . . . |

d. Then the group leaders write the group list on board. The lists cover different words. Some words are difficult for all or more groups and the others not. If so, one group can help another at this stage. Thus the word list becomes shorter. Then the teacher can teach them.

## Tasks for teaching vocabulary in context

**Task 1. Write T for true statement and F for false.**

i. The boy couldn't decide whether he should go to School. He was in despair. ( )
ii. The teacher was aghast when he saw the boy in half paints. ( )
iii. The boy got chance to have photograph taken due to the Head Teacher. ( )
iv. The father was in dilemma when he saw the photograph. ( )
v. The boy was grumbling at his parents for neglecting him. ( )
vi. The photograph conspicuously aroused sympathy on the boy. ( )

**Task 2. Fill in the blanks choosing appropriate words from the box.**

aghast, conspicuously, despair, dilemma, grumbling, incident, intervened

- The boy was ignored so much that his parents didn't buy him trousers. In ……., he decided not to go to School.
- He didn't get any trousers so he was ……….. at his shorts.
- He had no trousers but the Class Teacher asked him to go to School in trousers. Therefore he was in …………… whether to go.
- The Class Teacher looked ………… when he saw the boy in shorts.
- The boy could have been excluded from the photograph but the Head Teacher ……….and asked him to sit on the front line.
- The photo conspicuously exposed his naked knees that changed his father.

**Task 3. Fill in the blanks with the appropriate forms of the words from the box.**

aghast, conspicuously, despair, dilemma, grumbling, incident, intervened

- The boy had no other idea. The situation was so confusing that he was in …. .
- The parents asked the boy not to ………….. .
- The boy got chance to have photograph taken due to Head Teacher's …… .
- When the teacher saw the boy in shorts ready for the photograph, he was …. .
- The boy didn't find any trousers that suit him. So he kept quiet in ……. .
- The father changed his opinion due to the photograph with his son's ……. posed knees.

**Task 4. Answer the following questions in brief.**

- What might the boy have been feeling when he got notice to go to School in trousers?
- What did the boy feel when he didn't find any trousers that fit him?
- What did his parents tell him on the day of taking photograph?
- How was it possible for the boy to be included in the photograph?
- What was the teacher's reaction at the boy when he saw him in shorts?
- What's specialty about the photograph for the boy?

**Task 5. Match the words in column A with their meaning in column B.**

| Column A | Column B |
|---|---|
| aghast | Situation which makes problems, often one in which you have to make a difficult choice between things of equal importance |
| conspicuous | The feeling of having lost all hope |
| despair | Complaining about something |
| dilemma | Filled with horror or surprise when you see or hear something |
| grumbling | To become involved in a situation in order to improve or help |
| intervene | Easy to see or notice, likely to attract attention |
| - | Happened something unexpected |

**Task 6. Meanings of the words from the text are given below. Find the words in the crossword puzzle and encircle them.**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| a | s | d | f | g | g | d | h | j | j | k | l |
| t | c | o | n | s | p | i | c | u | o | u | s |
| q | w | e | r | t | t | l | y | u | i | o | p |
| z | x | i | v | b | d | e | s | p | a | i | r |
| a | g | n | i | l | b | m | u | r | g | a | s |
| n | m | t | l | k | j | m | h | g | h | f | d |
| a | s | e | d | f | g | a | h | j | a | k | l |
| i | u | r | l | o | i | u | y | t | s | t | r |
| z | x | v | c | v | b | b | n | m | t | j | k |
| a | s | e | e | r | t | y | u | j | k | l | o |
| q | s | n | s | c | v | b | g | t | y | u | i |
| o | p | e | u | y | t | g | h | b | v | f | d |

Meaning: i. state of being in problem to choose something ii. loss of hope iii. complaining iv. filled with horror or terror v. get involved to improve something vi. noticeable or attracting attention.

Instructor, Educational Training Centre, Palpa

## अनुमतिपत्र अनिवार्य छ

माध्यमिक र निम्नमाध्यमिक तहमा विज्ञान विषयका राहत शिक्षक नियुक्त गर्दा अध्यापन अनुमतिपत्र अनिवार्य गरिएको पाइँदैन । के अब शिक्षक सेवा आयोगले लिने खुल्ला प्रतियोगितात्मक परीक्षामा पनि अनुमतिपत्र नभएका उम्मेदवारले विज्ञान विषयमा आवेदन गर्न पाउँछन् ? साथै; शिक्षण अनुभवका आधारमा अनुमतिपत्र दिने व्यवस्था यस वर्ष लागू हुन्छ कि हुँदैन ?

**लक्ष्मणप्रसाद भट्टराई**
**शोभा बस्याल**
**जनता उमावि, डैनहवा, नवलपरासी**
**सुरेशकुमार शर्मा**
**सिद्धार्थ निमावि, मोतीपुर-१ बर्दिया**

*विकट गाउँका स्कूलमा विज्ञान विषयमा अनुमतिप्राप्त शिक्षक नपाएर शिक्षणमै व्यवधान परेको अवस्थामा अनुमतिपत्र नभएका व्यक्तिबाट पनि काम चलाइएको हुनसक्छ । तर, कानुनतः अनुमतिपत्र अनिवार्य हो । त्यसैले अनुमतिपत्र नभई खुला प्रतियोगितामा आवेदन दिन पाइँदैन । साथै, अनुभवका आधारमा अनुमतिपत्र दिने व्यवस्था यस वर्ष लागू हुने छैन ।*

***वैकुण्ठप्रसाद काफ्ले***
***उपसचिव, शिक्षक सेवा आयोग***

## राहतको सेवा गणना हुन्छ कि हुन्न ?

मेरो उमेर स्थायी पदमा नियुक्त हुनको लागि अयोग्य भइसकेको छ । तर, म उमेर छँदै राहत शिक्षक पदमा नियुक्ति पाएर शिक्षण गर्दै आएको छु । पछि गएर स्थायी हुने प्रक्रियामा मेरो सेवा अवधि गणना हुन्छ कि हुँदैन ?

**रुपेन्द्र केसी (दङ्गाली)**
**त्रि.ज. मावि, लक्ष्मीपुर, सल्यान**

*तपाईंको जिज्ञासा सरकार र शिक्षक युनियनबीच गत वर्ष भएको सहमतिका बुँदासँग सम्बन्धित रहेको देखिन्छ । कानुनतः ४० वर्ष उमेर पूरा भएको व्यक्ति शिक्षकको उम्मेदवार हुन योग्य मानिँदैन । गत वर्षको सहमति अनुसार, शिक्षा ऐन संशोधन भएको अवस्थामा २१ साउन २०६१ सम्म कार्यरत अस्थायी शिक्षकलाई मात्रै उमेरको हद लाग्ने छैन ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## एम.एड. नै चाहिने हो ?

विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १-८ लाई आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक मानेको छ । जस अनुसार, माध्यमिक तहमा पढाउन स्नातकोत्तर तह उत्तीर्ण गर्नुपर्ने व्यवस्था गरिएको छ । बी.एड. गरेर अरू नै सङ्कायबाट स्नातकोत्तर गरेको शिक्षकले माध्यमिक तहमा पढाउन पाउँछ कि पाउँदैन ?

**नवराज भट्टराई**
**कनकाई मावि, सुरुङ्गा- ५, झापा**

*माध्यमिक तह (कक्षा ९-१२)का लागि एम.एड. वा सो सरहको योग्यता आवश्यक पर्नेछ । शिक्षा बाहेकका सङ्कायबाट स्नातकोत्तर गरेकाले एकवर्षे शिक्षक तयारी कोर्स गर्नुपर्छ । त्यो कोर्स त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायमार्फत दिने व्यवस्था मिलाइनेछ ।*

***शिवकमार सापकोटा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## म के गरूँ ?

म २०४० सालमा स्थायी नियुक्ति पाएको प्राथमिक तृतीय श्रेणीको शिक्षक हुँ । हालसम्म मेरो बढुवा भएको छैन । उमेर हदका कारण मैले आउँदो २०६८/०३/१४ गते अनिवार्य अवकाश पाउँदैछु । शिक्षा नियमावली अनुसार मैले एक श्रेणी बढुवा पाउँला । तर, अहिले प्राथमिक तृतीयको भन्दा द्वितीय श्रेणीको तलब कम भएको सुनिएको छ । त्यसो भए मैले यो प्रक्रियाबाट नभई तृतीय श्रेणीबाटै अवकाश पाउन मिल्दैन ?

**वासुदेव शर्मा**
**जनकल्याण प्रावि, दार्माकोट-८, सल्यान**

*प्राथमिक तृतीय श्रेणीको शिक्षक द्वितीय श्रेणीमा बढुवा हुँदा उसले तृतीय श्रेणीको तलब र ग्रेड रकमभन्दा द्वितीय श्रेणीको तलब कम भएमा तल्लो पदमा खाईपाई आएको रकमभन्दा कम नहुने गरी ग्रेड वृद्धि गर्ने व्यवस्था शिक्षा नियमावलीमा छ । त्यसैले तपाईंले द्वितीय श्रेणीमा बढुवा भई अवकाश लिँदा नै राम्रो होला ।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## मेरो सिटरोल नम्बर कता पर्‍यो ?

मैले २०६३/०८/२९ मा जिशिका, रोल्पाबाट स्थायी नियुक्ति पाएपछि त्यही साल ७ चैतमा तीन प्रति सिटरोल फारम बुझाएको थिएँ । मसँगै फारम बुझाएका साथीहरूको सिटरोल नम्बर आइसक्यो । मेरो भने अझै प्राप्त भएको छैन । जिशिकामा सोध्दा शिक्षक किताबखानाबाटै आएको छैन भन्ने जवाफ पाइयो । मेरो सिटरोल नम्बर किन आएन ?

**कृष्णबहादुर वली**
**भृकुटी प्रावि, राङ्सी-१, रोल्पा**

*जिशिका, रोल्पामार्फत शिक्षक किताबखानामा प्राप्त तपाईंको सिटरोल फारम प्रमाणित भई तपाईंको सिटरोल नम्बर १२६३५६ कायम गरिएको छ । प्रमाणित गरिएको सिटरोल फारम छिट्टै नै जिशिकामा पठाउने तयारीमा छौं ।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## राहत बन्द भएकै हो ?

म निम्नमाध्यमिक तहको राहत शिक्षक हुँ । अब राहत शिक्षक कोटा बन्द भयो भन्ने सुनेको छु । के यो सत्य हो ?

**तुलाबहादुर माझी**
**श्री मावि, कपिलाकोट-२, सिन्धुली**

*आव २०६६/६७ देखि नै राहत अनुदान वितरण बन्द गरिएको हो । तथापि यसअघि दिँदै आइएको अनुदान यथावत नै रहनेछ । हाल राहतको सट्टा प्रति विद्यार्थी लागत(पीसीएफ)का आधारमा शिक्षक अनुदान दिने गरिएको छ ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## ६० वर्ष पर्खन गाह्रो भयो

म २०३७/०३/२२ मा स्थायी नियुक्ति पाएको प्राथमिक तृतीय श्रेणीको शिक्षक हुँ। मैले प्राथमिक शिक्षक तालिम प्रथम श्रेणीमा उत्तीर्ण गरेको छु। तर, पनि मैले बढुवा पाइनँ। मलाई ६० वर्ष उमेर पुऱ्याउन गाह्रो भइसक्यो। त्यसैले स्वेच्छिक अवकाश लिने सोचाइमा छु। मैले अवकाश लिँदा एक तह बढुवाको सुविधा पाउँला?

**गणेशकुमार खत्री**
**सरस्वती निमावि, काँडासिम्ता, सुर्खेत**

*६० वर्ष उमेर हद अनुसार अनिवार्य अवकाश पाउँदा मात्रै त्यसरी एक तह बढुवा पाइन्छ, बीचैमा अवकाश लिँदा पाइँदैन। बरु हालै संशोधित शिक्षा सेवा आयोग नियमावलीमा थपिएको 'समयबद्ध बढुवा'को प्रावधानबाट तपाईंले स्वतः एक श्रेणी बढुवा पाउनुहुनेछ।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## समायोजन कसरी गरिएला ?

विद्यालय क्षेत्र सुधार योजना लागू भएपछि हाल प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा कार्यरत प्रथम, द्वितीय र तृतीय श्रेणीका स्थायी शिक्षक तथा अस्थायी, राहत र पीसीएफ अनुदानका शिक्षकहरूलाई आधारभूत तह र माध्यमिक तहमा कसरी समायोजन गरिन्छ?

**शोभा भट्टराई**
**बंजरिया-९, धरमपुर, नवलपरासी**

*शिक्षक व्यवस्थापन सम्बन्धी सुझाव दिनका निम्ति शिक्षा विभागका निर्देशक डिल्लीराम रिमालको संयोजकत्वमा गठित कार्यदलले अध्ययन गरिरहेको छ। उक्त कार्यदलले दिने सुझाव प्रतिवेदन र त्यसमाथि नीतिगत छलफल भएपछि मात्रै समायोजनको ठोस खाका बन्नेछ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## राहतका प्रअलाई खोई भत्ता ?

स्थायी स्वीकृति नपाई अनुमति प्राप्त कतिपय विद्यालयमा राहत कोटाका शिक्षक पनि प्रअ छन्। तर, उनीहरूका लागि चाहिँ किन प्रअ भत्ता दिइँदैन? यो त विभेद भयो नि?

**एल.पी. शर्मा**
**सुनकोशी प्रावि, रातमाटा, सिन्धुली**
**दीपक खासु**
**जन्मभूमि प्रावि, ढिकुरा-८, अर्घाखाँची**

*राहत कोटाबाट प्रअ भएका शिक्षकलाई पनि प्रअ भत्ता दिइँदै आइएको छ। यदि तपाईंहरूले पाउनुभएको छैन भने जिल्ला शिक्षा कार्यालयमा सम्पर्क राख्नुहोला।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## सबैले पाउँछन् पोशाक-भत्ता ?

आव २०६७/६८ मा शिक्षक र कर्मचारीलाई रु.७ हजार ५०० पोशाक भत्ता दिने भन्ने सुनिएको छ। स्थायी, अस्थायी, राहतमध्ये कस्ता शिक्षकहरू पोशाक भत्ताको दायरामा पर्छन्?

**दीपक भट्टराई**
**जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा**
**रामचन्द्र अधिकारी**
**जलकन्या निमावि, बैरेनी-६, धादिङ**

*मन्त्रिपरिषद्बाट उक्त निर्णय भए पनि शिक्षा क्षेत्रका लागि विनियोजित बजेटमा पोशाक भत्ताको कार्यक्रम समेटिएको छैन। यसका लागि अर्थ मन्त्रालयबाट छुट्टै बजेट निकासा भएमा मात्रै पोशाक भत्ताबारे थप बताउन सकिनेछ।*

***नवराज रिजाल***
***शाखा अधिकृत, शिक्षा मन्त्रालय***

## दुई प्रश्न

१. विशेष शिक्षा परिषद्अन्तर्गत कार्यरत शिक्षक, कर्मचारीले तलब बाहेक सञ्चयकोष, ग्रेड जस्ता सुविधाहरू पाउने व्यवस्था छ कि छैन?
२. शिक्षा विभागको सूचनामूलक पुस्तिका (२०६०) मा विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षकलाई जागरण, आधारभूत र विशेष तालिम दिने उल्लेख छ। तर, २०६१ सालमा नियुक्ति पाएयता त्यस्तो तालिम लिने अवसर पाइएको छैन। यो अवधिमा कहिले तालिम सञ्चालन भयो?

***वैदेहीशरण यादव***
***उमावि बसबिट्टी, महोत्तरी***

*१. परिषद्बाट अनुदान उपलब्ध पाउँदै आएका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको व्यवस्थापन विद्यालय तथा अपाङ्ग हकहितसँग सम्बन्धित संघ/संस्थाबाट हुँदै आएको छ। तलब, ग्रेड, सञ्चयकोष जस्ता सुविधा तिनैले निर्धारण गर्छन्। परिषद्ले तलब/भत्ता र विविध शीर्षकमा एकमुष्ट रूपमा अनुदान निकासा दिँदै आएको छ।*

*२. तालिम नपाएका शिक्षकका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम केन्द्रमार्फत विशेष विद्यालयमा कार्यरत शिक्षकका लागि पनि तालिम सञ्चालन गर्दै आएको छ। यसर्थ तपाईंले पनि सम्बन्धित जिशिकामा बुझेर तालिमको अवसरबारे जानकारी लिन सक्नुहुन्छ।*

***नारायणप्रसाद सुवेदी***
***उपसचिव, शिक्षा विभाग***

## स्थायीलाई उमेरको हद लाग्दैन

म प्राथमिक तहको स्थायी शिक्षक हुँ। अहिले ४२ वर्षको भएँ र बी.एड. पास गरेको छु। मैले माध्यमिक तहको शिक्षक अध्यापन अनुमतिपत्रको परीक्षा दिन पाउँछु? साथै शिक्षक सेवा आयोगले लिने खुला प्रतिस्पर्धामा निम्नमाध्यमिक वा माध्यमिक शिक्षकका लागि आवेदन दिन पाउँछु कि पाउँदिनँ?

**ऋषिराम चिलुवाल**
**लताकुञ्ज निमावि, खुदी लमजुङ**

*स्थायी शिक्षकलाई अध्यापन अनुमतिपत्रको परीक्षामा आवेदन दिन उमेरको हद लाग्दैन। योग्यता पुगेको तहको लागि परीक्षा दिन पाइन्छ। साथै, सम्बन्धित तहको अनुमतिपत्र लिएपछि खुला प्रतिस्पर्धामा समेत आवेदन दिन सक्नुहुनेछ।*

***विष्णुप्रसाद नेपाल***
***सहसचिव, शिक्षक सेवा आयोग***

**अनुरोधः** यस स्तम्भमा शिक्षक मित्रहरूले जान्न चाहेका ज्ञान-विज्ञानसम्बन्धी कुरा, स्कूलमा सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ पहिल्याएर प्रकाशित गरिनेछ। - सम्पादक

# फुर्सद



## शब्द खेल-२९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ■ | ३ | | ४ | ■ | | ५ |
| ■ | | ■ | | ■ | ६ | | | ■ |
| ■ | | ■ | | ■ | | ■ | | ■ |
| ७ | | | | | ■ | ८ | | ९ |
| | ■ | ■ | ■ | ■ | १० | ■ | ■ | |
| ११ | १२ | | ■ | १३ | | | १४ | |
| ■ | | ■ | १५ | ■ | | ■ | | ■ |
| ■ | १६ | | | ■ | | ■ | | ■ |
| १७ | | ■ | १८ | | | ■ | १९ | |

**नाम:** _ _ _ _ _ _ _ _ _ _

**ठेगाना:** _ _ _ _ _ _ _ _ _ _

### तेर्सो

१) यस बखत/यसै क्षण
३) निरूत्साह/निराशा
५) सामुन्ने/मुखेन्जी
६) एकै छिन मात्र रहने वा हुने
७) सुगन्धित मसला मिलाइएका (तिहुन-तरकारी, पुलाउ आदि)
८) अप्ठेरो स्थिति वा दु:खी अवस्था
११) कब्जा, अधिकार/निपुणता, कौशल
१३) प्रधानमन्त्री निवास भएको टोलको नाम
१६) आकाशमण्डल/अन्तरिक्ष
१७) चुलामा बसाइएको भाँडाका पींधमा लाग्ने ताप वा राप
१८) किन्ने काम/किनमेल
१९) जीवन-यापनका निम्ति अंगालिएको मुख्य काम

### ठाडो

२) खराब कामबाट जीवन निर्वाह गर्ने/दुष्कर्मी
३) सिपाहीभन्दा माथि र जमदारभन्दा मुनिको पदमा काम गर्ने व्यक्ति
४) काम गर्ने क्षमता भएको
५) आनेकाने/दोमन/दोधार
७) मुसलमानहरूको प्रार्थना-गृह
९) कुनै काम वा कुराप्रतिको समर्थन/स्वीकार
१०) तिहारतिर बजारमा देखिने मझौला खालका गुलियो फल
१२) मानिसहरू वा कुनै चीज-वस्तुको भरि-भराउ/ठेलमठेल
१४) सानातिना वस्तु चोर्ने/धेरै-थोरै टिप्ने
१५) बच्चा/नानी/शिशु


## आयुर्वेद मोसमको गुण

**मोसम** पातलो बोक्रा र गुलिया केस्रा हुने एक प्रकारको तागतिलो फल हो । बिरामीलाई खुवाउन उपयोगी हुने फलहरूमध्ये मोसम पनि एक हो । "साइट्रस" अर्थात् कागती जातको यो फल नपाकेसम्म अमिलो र पाकेपछि गुलियो स्वादको हुन्छ । यसमा प्रशस्त मात्रामा भिटामिन 'सी' पाइन्छ । त्यसैगरी फस्फोरस, म्याग्नेशियम भिटामिन बी३, बी२, बी७, फोलिक एसिड, तामा र पोटासियम आदि पनि मोसममा हामी पाउन सक्छौं ।

१) मोसम भित्रैदेखि ठण्डी गर्ने फल हो । तसर्थ गर्मी मौसममा दिनको एक गिलास मोसमको रस पिउने गरेमा युवायुवतीहरूको अनुहारमा डन्डीफोरले हत्पत्ति सताउँदैन ।
२) रक्तचाप, ब्रोंकाइटिस आदिका रोगीहरूलाई दिनहुँ मोसम खुवाएमा स्वास्थ्य अवस्थामा सुधार ल्याउँछ ।
३) कमलपित्त (जन्डिस)का रोगीलाई एक गिलास मोसमको रसमा दुई चम्चा ग्लुकोज मिसाएर दिनको एकपटक पिलाउनुपर्छ, रोग चाँडै निको भएर जान्छ ।
४) महिला गर्भवती हुँदादेखि सुत्केरी नहुँदासम्म दिनहुँ मोसम खुवाउन सकियो भने उनले जन्माउने बच्चा पनि स्वस्थ हुनेछ ।
५) मोसम दिनहुँ खाने गरेमा कोलेस्टेरोलको समस्या आउँदैन । यसमा हुने एक प्रकारको विशेष रेशा (फाइबर) ले शरीरमा हुने कोलेस्टेरोलको मात्रालाई सन्तुलित बनाउँछ ।
६) कब्जियत भएको अवस्थामा मोसमको रस पनि अलि-अलि पिउने गरेमा त्यो समस्या समाधान हुन्छ । केटाकेटीलाई कब्जियत हुँदा एक कप मोसमको रसमा एक चम्चा मह मिसाएर पिलाइदिनुपर्छ ।
७) बिहान आधा कागती र आधा मोसमको रसमा मह अलिकति मिसाएर तातोपानीसँगै पिउने गर्नुपर्छ । यसले पाचनप्रणालीलाई सन्तुलित तुल्याउँछ ।
८) बच्चालाई पातलो दिसा लागेमा भने मोसम र सुन्तलाको रस निरन्तर रूपमा पिलाउनुपर्छ ।
९) मोसममा हुने भिटामिन 'सी' ले रोगसित लड्न हाम्रो शरीरका इम्यून सिस्टमलाई बलियो बनाउँछ ।

**नियम:** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक मासिक* नि:शुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० चैत २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगाना:** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।


करिब ४०० सय निजी विद्यालयमा अनिवार्य पुस्तकका रूपमा समावेश गरिएको
तलेजु · सचित्र बाल व्याकरण कक्षा १
तलेजु · सचित्र बाल व्याकरण कक्षा २
तलेजु · सचित्र बाल व्याकरण कक्षा ३
तलेजु · सचित्र बाल व्याकरण कक्षा ४
तलेजु · सचित्र बाल व्याकरण कक्षा ५
तलेजु · सरल निम्नमाध्यमिक व्याकरण कक्षा ६
तलेजु · सरल निम्नमाध्यमिक व्याकरण कक्षा ७
तलेजु · सरल निम्नमाध्यमिक व्याकरण कक्षा ८
तलेजु · सरल माध्यमिक व्याकरण कक्षा ९
तलेजु · सरल माध्यमिक व्याकरण कक्षा १०
तलेजु · निम्नमाध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास कक्षा ६,७,८
तलेजु · माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास कक्षा ९ र १०
कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूका लागि
तलेजु प्रकाशन
काठमाडौं, फोन ४२५२९६६, ४२२९२६८
लेखकद्वय
डा. कृष्णहरि बराल
नेत्र एटम


तपाई जहाँ हुनुहुन्छ त्यहीँ
तपाई जहाँ पुग्नुहुन्छ त्यहीँ
अर्थात
देशैभरि
तपाई ढुक्कले
व्यवसाय गर्नुहोस्
उज्यालो 90 नेटवर्क
देशभरिका ९० वटा एफएम
स्टेशनहरूबाट एकसाथ प्रवर्द्धन गर्न
हामी साथमा छौं ।
Broadcast System
Partner Radio Stations
National Coverage
बिहानदेखि रातीसम्म
● ६ बजे कार्यक्रम ● ९, १२, ३, ६ र १०:४५ बजे नेपाल खबर ● ८ बजे नेपाल दर्पण
सीधा कुरा, प्रष्ट विचार
थप जानकारीका लागि
विज्ञापन शाखा
Communication Corner Pvt. Ltd.
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL : www.unn.com.np
Ujyaalo 90 Network
Sanepa, Lalitpur, Tel: 5551716

## सुडोकु-२९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ४ | | | | | | २ | १ |
| | | | ७ | ८ | ४ | | | |
| | | ६ | | | | ५ | | |
| १ | ५ | | | ३ | | | ६ | ४ |
| | २ | ९ | | | | १ | ८ | |
| ८ | ६ | | | २ | | | ५ | ३ |
| | | ५ | | | | ६ | | |
| | | | ५ | ६ | ९ | | | |
| ६ | ९ | | | | | | ७ | ५ |

**नाम:** _ _ _ _ _ _ _ _ _ _

**ठेगाना:** _ _ _ _ _ _ _ _ _ _

## सुडोकु-२७ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ६ | ७ | ८ | ४ | १ | २ | ९ | ५ |
| ४ | ५ | १ | ९ | ३ | २ | ७ | ८ | ६ |
| ९ | ८ | २ | ५ | ७ | ६ | ४ | १ | ३ |
| १ | ४ | ६ | २ | ५ | ८ | ३ | ७ | ९ |
| २ | ९ | ५ | ७ | १ | ३ | ८ | ६ | ४ |
| ७ | ३ | ८ | ६ | ९ | ४ | ५ | २ | १ |
| ८ | १ | ४ | ३ | ६ | ७ | ९ | ५ | २ |
| ५ | ७ | ३ | १ | २ | ९ | ६ | ४ | ८ |
| ६ | २ | ९ | ४ | ८ | ५ | १ | ३ | ७ |

## सामान्यज्ञान-२९

१. राणाकाल र त्यसभन्दा अगाडि सरकारी आम्दानीको हिसाब-किताब **कुमारीचोक अड्डा** ले राख्दथ्यो । त्यतिवेला अस्तित्वमा रहेको जैसीकोठाको काम चाहिँ के थियो होला ?

२. कछुवाका दाँत हुन्छन् कि हुँदैनन् ? हुन्छन् भने कतिवटा हुन्छन् ?

३. पानीदेखि डराउने लक्षण 'हाइड्रोफोबिया (Hydrophobia)' र मृत्युसँग डराउनेलाई 'थेनाटोफोबिया (Thanatophobia)' भनिन्छ । अब भन्नुहोस्, 'बिब्लियोफोबिया (Bibliophobia)' भएकाहरू केसँग डराउँछन् ?

४. चन्द्रमाले पृथ्वीको परिक्रमा गर्न कति समय लगाउँछ ?

५. क्षयरोग विरूद्ध लगाइने खोप बीसीजी (BCG) को विस्तारित रूप के हो ?

### सामान्यज्ञान-२७ को सही उत्तर


१. 'मारूति' शब्दले 'हनुमान'लाई बुझाउँछ ।

२. नाम्ले जुका (Liverfluke) गाईवस्तुलाई लाग्छ भने फित्ते जुका (Tapworm) ले मूलतः मानिसलाई सताउँछ ।

३. नेपालका ३,९१५ गाविसमध्ये भौगोलिक रूपमा सबैभन्दा ठूलो गाविस काँडा (१५०० वर्ग किमी) हो र यो बझाङ जिल्लामा पर्छ ।


४. सरकारले आर्थिक वर्ष २०६७/६८ को बजेट कार्यक्रममा शिक्षा क्षेत्रका लागि रू. ५७ अर्ब ६५ करोड छुट्याएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा २४.५ प्रतिशतले बढी हो ।

५. मोटरसाइकलको आविष्कार सन् १८५० मा जर्मनीमा भएको हो ।



tv
एभिन्यूज टेलिभिजन
राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल
POWER VIEWS
संविधानसभाका कुरा
सम्वाद
एभिन्यूज प्लाजा-११, त्रिपुरेश्वर, काठमाडौं, नेपाल।
पो. ब. नं.: २८०६, टेलिफोन: ९७७-१-४२२७२२२, फ्याक्स: ४२४८८११, टोल फ्रि: १६६००१-२२७२२
ई-मेल: atv@avenues.tv, युआरएल: www.avenues.tv

## अन्ताक्षरी-२९



नामः _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _

१) घुँघरूबाट बारम्बार शब्द निस्किए जसरी निस्केको ध्वनि (४)
२) मीठो सुवास फैलने गरी; बास्ना आउने किसिमले (४)
३) रूख, घर, पर्खाल, डाँडो इत्यादि पूरै भत्किने वा लड्ने किसिमले (६)
४) एक जातको सेतो मिहीन कपडा (४)
५) फितलो, लुलो वा लचिलो भएर जता लग्यो उतै हल्लने गरी/लल्याङलुलुङ (६)
६) प्रायः लट्ठीको काममा प्रयोग गरिने बाँसको एक जात (४)
७) कार्य सम्पन्नता/समाप्ति/टुङ्ग्याइ (४)
८) नुन हालेर बनाइएको निम्की आदि (४)
९) आधा सिंह र आधा मानवको रूप भएको विष्णुको एक अवतार (४)
१०) सधैंभरि; जुनसुकै बेला पनि (५)
११) केही व्यक्ति मिलेर लगानीको अनुपातमा समान रूपले नाफा-नोक्सान बेहोर्ने गरी चलाइएको कारोबारी (४)
१२) चलेर आएको प्रथा/चालचलन (४)
१३) तिरस्कार गरिएको (४)
१४) अवैध किसिमका तथा मूल्यवान् वस्तुहरूको चोरी-निकासी गर्ने चोर (३)

**शब्दखेल-२७ को सही उत्तर**

तेर्सोः १) बास ३) अति ६) चेतना ७) पोषक ८) स्तम्भित ९) थकाइ ११) कप १४) स्तर १६) कमल १७) सादा १९) यता २२) मानव २४) पवन २५) गुमान २६) सुम्निमा २७) बाधा २८) नन्दी

ठाडोः २) सचेतक ३) अनाथ ४) चोकर ५) अस्तव्यस्त ७) पोइ १०) कार्यालय १२) पकवान १३) हिंसा १५) रस १८) दावानल २०) तापमान २१) अगुल्टो २२) मान २३) बसुधा

**अन्ताक्षरी-२७ को सही उत्तर**

१) आँचोखाँचो २) चोथाले ३) लेखापाल ४) लपनछपन ५) नकलझकल ६) लडाइँ ७) इँजारघर ८) रणध्वाँक ९)कन्जूस १०) सन्नाटा ११) टाठोबाठो १२) ठोकाठोक १३) कन्यामकन्याम १४) मकल १५) ललाट

## पुरस्कार विजेता र सही समाधान पठाउने

**शब्दखेल-२७ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *देवीमाया प्रधान,* लक्ष्मीनारायण प्रावि, वास्तिम, भोजपुर**

**सही समाधान पठाउने अन्य सहभागी**
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, बाबियाखर्क-३, रामेछाप
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- पवन घिमिरे, नारायणी उमावि, भरतपुर-१०, चितवन
- घनश्याम डल्लाकोटी, पाँगा, कीर्तिपुर
- शर्मिला गुरूङ, छतिवन-४, रानीवन, मकवानपुर
- अरूणा खतिवडा, कान्तिपुर एकेडेमी, बुधबारे-७, झापा
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, बाग्लुङ
- नरपति पाण्डे, विद्योदय निमावि, दमक-९, झापा
- सुरेशप्रसाद जैसी, राधा मावि, मंगलसेन-८, अछाम
- मीनकुमार दाहाल, दित्तेल-४, खोटाङ
- रामचन्द्र सुवेदी, ब्राइटभिजन कलेज, सातदोबाटो, ललितपुर
- शशिराम कार्की, जनता उमावि, सन्तकुटी, खजुरा, बाँके
- विष्णु धिताल, भानु मावि मक्रान्चुली, मकवानपुरगढी-६, मकवानपुर
- रमेशप्रसाद घिमिरे, अरूण प्रावि, चरम्बी-५, भोजपुर
- भक्ति घिमिरे, ज्ञानोदय बालवाटिका उमावि, सानेपा, ललितपुर
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- कमला दाहाल (पाण्डे), दित्तेल-४, खोटाङ
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क, धनकुटा
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा-१, रामेछाप
- देवराज भट्ट, उदय प्रावि, तीनधारे, ओखलढुङ्गा
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ-१, मकवानपुर
- शोभाकर रेग्मी, जिशिका, नुवाकोट
- चेतनकुमार थापा, बाल भैरव प्र.निमावि, थारी, सुर्खेत
- सुनिता खड्का, वेष्ट प्वाइन्ट ई.बो.स्कूल, झलारी-७, कञ्चनपुर
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङल्याङ-५, रामेछाप
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- अमनकुमार, सुडा-८, भासी, कञ्चनपुर
- रामगोपाल यादव, सोन्फी दशैं उमावि, श्रीपुर, महोत्तरी
- रमेश भट्टराई, जालपा प्रावि, अँधेरी, खानीभञ्ज्याङ, ओखलढुङ्गा
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार मल्कवाङ-७, म्याग्दी
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- वैदेहीशरण यादव, उमावि बसबिट्टी, वसन्तपुर-३, महोत्तरी
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट, नवलपरासी
- घनश्याम खत्री, भेरी मावि, घुमखहरे, सुर्खेत
- शनिराम यादव, शंकर निमावि, खरदरिया, दाङ
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट-५, पान्डाँडा, अर्घाखाँची
- गंगा भुसाल, नुवाकोट मावि, चिढीचौर, अर्घाखाँची
- पुरूषोत्तम लामिछाने, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- विष्णुप्रसाद सुवेदी, हिमालय मावि, देउराली-४, पर्वत
- रंगनाथ गौतम, काम्राङ प्रावि, धादिङ
- रामचन्द्र अधिकारी/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- ओमप्रकाश अधिकारी, जनता उमावि, मनरी, नवलपरासी
- मीरा कुमारी खत्री, दीपेन्द्र निमावि, जोगीडाँडा रिस्कु-६, उदयपुर
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, भोजपुर
- चन्द्रबहादुर वली, भेरी मावि, घुमखहरे-८, सुर्खेत

**अन्ताक्षरी-२७ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *शंकरसिंह साउद,* महाकाली जनसेवा उमावि, हल्दुखाल-७, कञ्चनपुर**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- रीता गुरूङ, छतिवन-४, चितवन
- मीनकुमार दाहाल, दित्तेल-४, खोटाङ
- साधना अमात्य, जालपादेवी उमावि, सिन्धुपाल्चोक
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- कमला दाहाल (पाण्डे), दित्तेल-४, खोटाङ
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क, धनकुटा

- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- तारादेवी रेग्मी, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- मीना जोशी, त्रिपुरा सुन्दरी बाल विकास केन्द्र, महेन्द्रनगर, कञ्चनपुर
- लीलाप्रसाद शर्मा पौडेल, भीम मावि, राजदाङ, म्याग्दी
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- वैदेहीशरण यादव, उमावि, बसविट्टी, वसन्तपुर-३, महोत्तरी
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, तल्लो रामपुर, धादिङ
- सन्जिव अर्याल, नलाङ-३, काम्दी, धादिङ
- बलराम चौलागाई, मण्डलदेवी प्रावि, भीमफेदी-१, मकवानपुर
- शिवराम अधिकारी, भैरवकाली उमावि, रम्घा-६, लमजुङ
- रामप्रसाद अधिकारी, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- शशिधर पौडेल, जनता मावि, पाही राङखानी, बाग्लुङ
- रामचन्द्र अधिकारी/गोविन्दप्रसाद अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहवा, नवलपरासी
- कुमारी थापा मगर, दीपेन्द्र निमावि, जोगीडाँडा रिस्कु-६, उदयपुर
- पुस्तराज कँडेल, चण्डीदेवी निमावि, हर्दिनेटा-९, नरम, गुल्मी
- गणेशकुमार वली, सरस्वती मावि, चेपाङ, सुर्खेत
- घनश्याम डल्लाकोटी, पाँगा, कीर्तिपुर
- रामचन्द्र सुवेदी, ब्राइट भिजन कलेज, ललितपुर
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- अरूणा खतिवडा, कान्तिपुर एकेडेमी, बुधबारे-७, झापा
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, ल्याङल्याङ-५, रामेछाप
- पवन घिमिरे, भरतपुर-१०, चितवन
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, बाबियाखर्क-३, रामेछाप
- अमन कुमार, सुडा-८, कञ्चनपुर
- बेलकुमारी राना, सरस्वती प्रावि, कल्लेरी-२, पेलाकोट, स्याङ्जा
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो.स्कूल, झलारी-७, कञ्चनपुर
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, बाग्लुङ

**सुडोकु-२७ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *घनश्याम खत्री,* भेरी मावि, घुमखहरे, सुर्खेत**

**सही समाधान पठाउने अन्य सहभागी**

- पवनसिंह गुरूङ, माटोकोरी निमावि, छतिवन-४, मकवानपुर
- लेखनाथ सुवेदी, मार्गादेवी प्रावि, धनकुटा, बेलहरा-३, धनकुटा
- पार्वती थापा मगर, भानु मावि, रत्नचौर, म्याग्दी
- गोविन्दप्रसाद ढुङ्गाना, महाँकाल निमावि, ठूलोपर्सेल, पकुवाल, काभ्रे
- मानबहादुर थापा मगर, ने.रा.मावि, दौधा-८, गुल्मी
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, बाबियाखर्क-३, रामेछाप
- हरिराम पौडेल, प्रभात निमावि, भिजुरेडाँडा-४, पाखुरीकोट, कास्की
- अमान कुमार, सुडा-८, भासी, कञ्चनपुर
- सन्तोष खड्का, सृजना निमावि, उर्लावारी-१, मोरङ
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो.स्कूल, झलारी-७, कञ्चनपुर
- अरूणा खतिवडा, कान्तिपुर एकेडेमी, बुधबारे-७, झापा
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङल्याङ, रामेछाप
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, बाग्लुङ
- योगेन्द्र हमाल, बाल भैरव प्र. निमावि, थारी, सुर्खेत
- कोमलबाबु थापा, देउराली मावि, तुलसी-७, धनुषा
- रामचन्द्र सुवेदी, ब्राइटभिजन कलेज, सातदोबाटो, ललितपुर
- तिलककुमारी खत्री, सुन्निय सनलाइट पब्लिक ऐकेडेमी बजेडीचौर-४, सुर्खेत
- नवराज सापकोटा, बुद्धि कल्याण प्रावि, श्रीनाथकोट-३, डाँडागाउँ, गोरखा
- तेजप्रकाश पौडेल, यज्ञज्योति निमावि, पोखरीकाँडा-३, लामकाने, सुर्खेत
- ओमबहादुर खाम्चा, नारायण मावि, ठिमुरे-१, पाल्पा
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार, काठमाडौं
- चन्द्रबहादुर वली, भेरी मावि, घुमखहरे-८, सुर्खेत
- सुरेशप्रसाद जैसी, राधा मावि, मंगलसेन-८, अछाम
- ध्रुवप्रकाश न्यौपाने, इथुङ उमावि, रानीटार-६, पाँचथर
- दिलकुमार राई, का.प्र. गण (ई) एयरपोर्ट, काठमाडौं
- विष्णु धिताल, भानु मावि, मक्रान्चुली, मकवानपुरगढी, मकवानपुर
- शिवबहादुर खड्का, जनशक्ति मावि, नामजुङ-४, गोरखा
- कृष्णहरि थापा, सुवास पोखरेल, लेखानी-५, उदयपुर
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- दीपकराज आचार्य, सरस्वती मावि, सहारे-८, सिमघाट, सुर्खेत
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- मञ्जु पौडेल, शहीद स्मृति बहुमुखी क्याम्पस, मन्थली, रामेछाप
- प्रिन्सकुमार चौरसिया, अल्पाइन सेकेन्डरी स्कूल, वीरगंज
- प्रदिप थापा मगर, वाङलीचोक मावि, गोरखा
- देवचन्द्र श्रेष्ठ, ७१'ग' बागबजार, काठमाडौं
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा-४, रामेछाप
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क, धनकुटा
- हेमन्तप्रसाद खतिवडा, पद्मासना निमावि, सेरा, अछाम
- धनञ्जय श्रेष्ठ, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- लक्ष्मण भट्ट, वैजनाथ नमुना उमावि, महेन्द्रनगर, कञ्चनपुर
- तुलबहादुर पुन, भृकुटी प्रावि, भलाका, राङखानी-१, रोल्पा
- छविलाल पंगेनी, सरस्वती मावि, ज्यामिरे-१, चारघरे, पाल्पा
- लिलाप्रसाद शर्मा पौडेल, भीम मावि, राजदाङ, म्याग्दी
- लालबहादुर डि.सी., सरस्वती मावि, सिमघाट, सहारे ८, सुर्खेत
- ओमप्रकाश जोशी, वैजनाथ उमावि, महेन्द्रनगर, कञ्चनपुर
- निरमाया श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, सिन्धुपाल्चोक
- बुद्धि कार्की, बालेश्वर मावि, केरूङ-६, सोलुखुम्बु
- गोमा खासु, चण्डीदेवी निमावि, हर्दिनेटा-९, गुल्मी
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल-७, कञ्चनपुर
- रत्नराज इटनी, भुवेश्वरी मावि, चैनपुर-१, तल्लो रामपुर, धादिङ
- मदन अधिकारी, कंचनजंघा निमावि, मेनुपा-१३, सालघारी, झापा
- भीमकान्त यादव, शंकर निमावि, खरदरिया, दाङ
- सदिच्छा डल्लाकोटी, राराहिल मेमोरियल, कीर्तिपुर, काठमाडौं
- मीठू डल्लाकोटी, निमावि, बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- रामजी राउत, जनज्योति प्रावि, माकुरे रिस्कु-४, उदयपुर
- राजन भुजेल, भाषा निमावि, बडाका दियाले-५, खोटाङ
- सरोज रेग्मी, जन जागृत निमावि, सुनवल-७, नवलपासी
- हर्कबहादुर थापा मगर, तितौरे मावि, पालकोट-७, बाग्लुङ
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- लक्ष्मणप्रसाद भट्टराई, जनता उमावि, अमरौट-५, डैनहवा, नवलपरासी
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- बच्चु सापकोटा, वागेश्वरी प्रावि, कोगेट-७, मकवानपुर
- वीरसिंह बगाल, लटीनाथ, प्रावि, बरमुडे, दार्चुला
- बालिका कार्की, सेतीदेवी निमावि, साँघुटार-३ थाक्ले
- मिना आले/लिलाराम राई, अकला प्रावि, अर्चले-८, पाल्पा
- पदमप्रसाद मिश्र, बाल सुबोधिनी निमावि, दुहागढी, झापा
- रंगनाथ गौतम, काम्राङ प्रावि, धादिङ
- शिव कलेल, महन्यालेश्वर निमावि, अलाडी-६, डोटी
- कर्मा गेलु शेर्पा, जुनबेसी मावि, सोलुखुम्बु
- डिल्लीप्रसाद आचार्य, बोडेचौर मावि, सिगाना-१, बाग्लुङ
- प्रमोदकुमार दास, दीपेन्द्र निमावि, जोगीडाँडा-६, उदयपुर
- प्रदिप बस्नेत, गोल्मादेवी मावि, कदमबास-३, सिन्धुपाल्चोक
- इरू श्रेष्ठ, धापाखेल, ललितपुर
- जनक चन्द, वैजनाथ नमुना उमावि, महेन्द्रनगर, कञ्चनपुर
- अनिल कुमार झा, राष्ट्रिय उमावि, इन्द्रायणी-१, काठमाडौं
- मीरा न्यौपाने, शारदा मावि, खोप्लाङ-२, गोरखा
- लक्ष्मी सापकोटा, जौवारी-४, लाङ्दीबेसी, गोरखा
- मल्लवराज जोशी, गोकुश्वर बहुमुखी क्याम्पस, गोकुलेश्वर,दार्चुला
- नवीन निराकार, बजेडीचौर-७, सिम्ता, सुर्खेत

**सामान्यज्ञान-२७ः कुनै पनि सहभागीबाट सही समाधान प्राप्त हुन सकेन ।**



वर्तमानका कुरा

# बर्बादीको जड

■ प्रा. अमरकान्त झा



**मधेशका सरकारी स्कूलको पठनपाठन स्तर कस्तो छ ?**

शिक्षकको चयन, योग्य शिक्षकको कमी तथा भएका शिक्षकको क्षमता अभिवृद्धि नभएकाले स्कूलको स्तर गिर्दै गएको छ। राजनीतिक प्रदूषणले त मधेशका स्कूललाई नराम्रोसँग सताएको छ।

**यहाँका शिक्षकहरू त पढाउन छाडेर दलीय राजनीतिमा बढी लागेको पाइन्छ नि ?**

राजनीतिक दलले शैक्षिक संस्थालाई आफ्नो मुठीमा लिन खोज्ने र विभिन्न लोभ राख्ने गरेका कारण विद्यालयमा राजनीति बढेको छ। यसको सीधा असर शिक्षकहरूमा परेको छ। शिक्षकहरूमा पेशागत आचारसंहिता बाहिर गएर राजनीतिक कार्यकर्ता बन्ने प्रवृत्ति बढेकाले समस्या पैदा भएको हो। शिक्षकहरू आचारसंहिताविरुद्ध राजनीतिक दलमा लागे पनि कतैबाट विरोध नहुनु चाहिँ लाजमर्दो कुरा हो।

**शिक्षकहरूलाई सही ठाउँमा ल्याउने र नसिहत दिने जिम्मेवारी बोकेको जिल्ला शिक्षा अधिकारी नै राजनीतिक दलको कार्यक्रममा सहभागी हुन्छन् भने त्यसले तराई-मधेश मात्र होइन मुलुकलाई नै बर्बाद पार्ने पक्का छ।**

**मधेश-तराईमा शिक्षकहरू मारिइरहेका छन्। यसमा कसलाई जिम्मेवार मान्ने ?**

तराई-मधेशमा हत्या, हिंसा बढेको छ। शिक्षक मारिनुमा शिक्षक स्वयं पनि जिम्मेवार छन्। तर दोषी भनेरै हत्या गर्नु अनुचित हो। विद्यालयमा राजनीतिक गुटबन्दीका कारण पनि शिक्षकहरूको हत्या भएको हुन सक्छ।

मधेशमा चन्दा आतङ्क र हतियारधारी समूह तथा हतियार बोकेका राजनीतिक दलको कारण पनि शिक्षकहरूको हत्या भइरहेको छ। अर्को; विद्यालयमा गुटबन्दीको स्थिति रहनु हो। तेस्रो, व्यक्तिगत आचरणले पनि शिक्षक मारिएका छन्।

**एसएलसी परीक्षामा हुने चिटिङले तराई-मधेशलाई बदनाम गराउने गरेको छ, यसलाई कसरी रोक्न सकिन्छ ?**

मधेशमा शान्ति कायम नभएका कारण पनि मर्यादित परीक्षा नभएको हो। तर, चोरेर पास गरिएका प्रमाणपत्रको औचित्य के? त्यसैले प्रत्येक सरोकारवालाले यसप्रति चिन्ता लिनु आवश्यक छ।

जाँचको विकृतिलाई न्यूनीकरण गर्न कडा उपायहरू अवलम्बन गर्नु जरुरी छ। यसमा अभिभावकको पनि उत्तिकै दायित्व छ। विद्यालयको पठनपाठन व्यवस्थित भएमा चोर्नु/चोराउनु आवश्यक छैन।

**राजनीतिक दलका कार्यक्रममा शिक्षक मात्रै होइन अब त जिशिअ समेत सहभागी हुन थालेको पाइन्छ, यस्तो प्रवृत्तिले मधेशको शैक्षिक क्षेत्रलाई कता पुर्‍याउला ?**

यस्तो प्रवृत्तिले समग्र मधेश मात्र नभएर पूरै राष्ट्रको शिक्षामा नै नकारात्मक असर पार्दछ। शिक्षकहरू आचार संहिताभित्र छन्/छैनन् भनेर अनुगमन गर्ने व्यक्ति नै राजनीतिक दलका कार्यक्रमहरूमा सहभागी हुनु निश्चय नै दुःखद् कुरा हो। शिक्षकहरूलाई सही ठाउँमा ल्याउने र नसिहत दिने शिक्षा अधिकारीको कर्तव्य हो तर शिक्षा अधिकारी यस्तो कामबाट विमुख हुँदा तराई-मधेश अरु बर्बाद हुने पक्का छ।

**शिक्षकहरूलाई कक्षाकोठामा फर्काउन के गर्नुपर्ला ?**

विद्यालय व्यवस्थापन समिति, शिक्षा कार्यालय एवं अभिभावकले शिक्षकले काम गरे वा नगरेको अनुगमन गर्नुपर्छ। छैन भने प्रश्न उठाउनुपर्छ र स्कूलमा राजनीतिकरण बढ्न दिनुहुँदैन्। स्वच्छ वातावरणको निर्माणले मात्रै शैक्षिक विकासको ढोका खोल्छ।

**मधेशका स्कूलका समस्या के के हुन् ?**

तराई, मधेशका प्राथमिक शिक्षाको माध्यम मैथिली, भोजपुरी, अवधी आदि भाषाहरू हुनुपर्नेमा राज्यबाट उदासीनता देखिएको छ। मातृ भाषाको शिक्षा हासिल गर्ने व्यवस्था नगरी तराईका छात्रछात्राको सिकाइ उपलब्धि बढाउन सकिँदैन।

**समग्र समस्याको एकमुष्ठ समाधान के ?**

राजनीतिक दलहरूले शिक्षा क्षेत्रमा बढाएको राजनीतिक हात तान्नुपर्छ। शैक्षिक संस्थाहरूलाई भर्ती केन्द्र बनाउनु एवं कार्यरत शिक्षक, कर्मचारीहरूलाई कार्यकर्ता बनाई झण्डा बोकाउने प्रवृत्तिलाई त्याग्नुपर्दछ, लोभ त्यागेर सहयोग गर्नुपर्ने हुन्छ। अभिभावक जागरुक हुनुपर्छ। शिक्षकहरूले आफ्नो पेशागत दायित्वलाई राम्रो तरिकाले निर्वाह गर्नुपर्छ। राज्यले मातृभाषामा पनि प्रावि तहको पठनपाठन सहज बनाई घर-घरमा शिक्षा पुर्‍याउने लक्ष्य बनाउनुपर्छ।

**प्रस्तुतिः श्रवण देव**


जहाँ नागरिक
त्यहाँ नागरिक
दैनिक
Republica
नागरिक
epaper
www.nagariknews.com
Nepal Republic Media



YAMAHA
म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८
72
125cc
बल्ल चित्त बुझ्यो !
हेर्दा अति सुहाउँदो
सबैलाई चित्त बुझ्यो !
पिकअप र पावर यति राम्रो
उकालोमा पनि चित्त बुझ्यो !
चेन स्पोकेट साह्रै बलियो
अरूलाई पनि चित्त बुझ्यो !
पछिल्लो टायर निकै फराकिलो
मोड्दा चित्त बुझ्यो !
YAMAHA
YBR
Special
Introductory Price
RS.1,49,900*
* Price after Discount (Limited Period Offer)
Morang Auto Works
Tripureshwor, Kathmandu : 01-4261160, 4261847
YBR 125